सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१ असोज २०८३, बिहीबार (17 Sep 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १५७ ■ पृष्ठ ८  nayapatrikaofficial  @NAYA_PATRIKA  मूल्य रु. १०/-

# ठुला विपत्मा बेपत्ता भएकाको मृत्युदर्ता चाँडो हुने गरी कानुन संशोधनको तयारी

## बेपत्ता व्यक्तिको मृत्युदर्ता गर्न तीन वर्ष कुर्नुपर्ने वा न्यायिक घोषणा गराउनुपर्ने मुलुकी देवानी संहिता, २०७४ को व्यवस्था संशोधन गरेर खोज तथा उद्धार समाप्त हुना साथ दर्ता गर्न सकिने व्यवस्था गरिँदै

● राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक **कृष्ण पौडेल** भन्छन्–



**मृत्युदर्तामा सहजीकरण हुने गरी मुलुकी देवानी संहिता, २०७४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन गर्न छलफल भइरहेको छ। विपत्का ठुला घटनामा तीन वर्ष पर्खन नपर्ने गरी खोज तथा उद्धार कार्य सकिना साथ मृत्युदर्ता बनाउन सकिने हाम्रो प्रस्ताव छ। यो संकटग्रस्त घोषणा गरेको अवस्थाका हकमा मात्रै हो।**

● नुवाकोटको विदुर नगरपालिका– १ का वडाध्यक्ष **लेलिन रञ्जित** भन्छन्–



**बेपत्ता रहेका व्यक्तिका आफन्त मृत्युदर्ताका लागि आइरहनुभएको छ। हामीले पनि दर्ता गराइदिन खोजेका थियौँ। तर, जिल्ला प्रशासन र पञ्जीकरण विभागबाट अहिलेलाई मृत्युदर्ता नगर्नू, नयाँ व्यवस्था हुन्छ भन्नुभएको छ। त्यसैले गरेका छैनौँ।**

**यम बम**/नयाँ पत्रिका

सरकारले संकटग्रस्त घोषणा गरेका ठुला विपत्मा बेपत्ता भएकाहरूको मृत्युदर्ता चाँडै बनाउन मिल्ने गरी कानुन संशोधनको तयारी थालेको छ। मुलुकी देवानी संहिता, २०७४ र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधनको प्रक्रिया अगाडि बढाएको हो।

● **बेपत्तालाई मृतकसरह मानेर परिवारलाई राहत दिइने**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक कृष्ण पौडेलका अनुसार विभागले मस्यौदा बनाएर गृह

» पृष्ठ २ मा क्रमशः



बाढीले बगर बनाएको नुवाकोट विदुर नगरपालिकास्थित त्रिशूलीबजार। फाइल तस्बिर

### विपत्मा बेपत्ताको मृत्युदर्ता गराउन तीन वर्ष कुनुपर्ने वा अदालतबाट न्यायिक घोषणा ल्याउनुपर्ने बाध्यकारी कानुन

अहिलेको कानुनी व्यवस्थाले हराएको वा बेपत्ता भएकाको हकमा भने मृत्युदर्ता गराउन दिँदैन। यस्ताको हकमा १२ वर्ष वा विशेष परिस्थिति (विपत्)मा तीन वर्षपछि मृत्युसरह मानिने व्यवस्था छ। यसबाहेक अदालतबाट मृत्युको न्यायिक घोषणाको प्रमाणपत्र ल्याएमा त्योभन्दा अगाडि नै मृत्युदर्ता गराउन मिल्छ। मुलुकी देवानी संहिता, २०७४ को दफा ४० अनुसार कुनै व्यक्ति विनासूचना लगातार १२ वर्षदेखि बेपत्ता भएमा मृत्यु भएको मानिन्छ। तर, ८० वर्ष उमेर भएका व्यक्तिका हकमा पाँच वर्ष, दुर्घटना (विपत्का घटनासहित) भएको वायुयान, पानीजहाज वा अन्य सवारीसाधनमा यात्रा गरेको व्यक्ति भए दुर्घटना भएको तीन वर्षमा मृत्युसरह मानिने कानुनी व्यवस्था छ। त्यस्तै, विपत् वा दुर्घटनामा परेको भनेर 'न्यायिक घोषणा गरिपाऊँ' भनी अदालत जान पनि पाइन्छ। बेपत्ता भएको मिति, ठेगाना, कारण र आधारसहित निवेदन दिएमा अदालतले मृत्युको न्यायिक घोषणा गर्न सक्ने प्रावधान छ। मृत्युदर्ता बनाउन बुवाआमा, पतिपत्नी, छोरा वा छोरी र उनीहरूको परिवारका सदस्य (१८ वर्ष पुगेका) सूचक बन्न पाउने कानुनी व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक कृष्ण पौडेलले संकटग्रस्त घोषणा भएका विपत्का हकमा मृत्युदर्ताको व्यवस्थाबारे मुलुकी देवानी संहिता, २०७४ को दफा ४० संशोधन र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा समावेश गर्न खोजिएको बताए। उनका अनुसार मृत्युदर्ताको व्यवस्था पञ्जीकरण ऐनमा पनि समावेश गरेर नियमावलीमा प्रक्रियाबारे प्रस्ट गर्न खोजिएको हो।

## कहिले आउँछ डिएनए म्याचिङको रिपोर्ट ?

● नेपाल प्रहरीका प्रवक्ता डिआइजी **अविनारायण काफ्ले** भन्छन्–



डिएनए परीक्षणका लागि विदेशी टोलीले पनि सघाइरहेका छन्, हामीले काठमाडौंका साथै हेटौँडाबाट पनि परीक्षणको तयारी गरिरहेका छौँ। ठ्याक्कै कहिलेदेखि म्याचिङ रिपोर्ट आउँछ भन्न सकिन्न, तर सकेसम्म छिटो नतिजा आउने गरी काम भइरहेको छ।

**नवराज मैनाली**/नयाँ पत्रिका

सनाखत हुन नसकेका शवको डिएनएबाट पहिचान गरी आफन्तलाई दिने प्रक्रिया प्रहरीले अघि बढाएको छ। तर, कहिलेदेखि म्याचिङको रिपोर्ट आउन थाल्छ भन्ने अझै प्रस्ट छैन। हालसम्म करिब दुई सय शवको र बेपत्ता भएका व्यक्तिका परिवारबाट आठ सयजनाको डिएनए नमुनाको प्रोफाइलिङ भइसकेको छ। सबै शवको डिएनए प्रोफाइलिङ गरिसकेपछि मात्र म्याचिङ गर्ने प्रहरीको तयारी छ। बुधबारसम्म एक हजार ४०३ शव भेटिएकामा १०५ वटा मात्र सनाखत भएका छन्। बाँकी एक हजार २८६ शवको हड्डी तथा दाँतबाट डिएनएको नमुना निकालेर परीक्षण गर्न लागिएको छ।

■ **भोटेकोशी बाढीको कारण पत्ता लगाउन सरकारले बनायो विज्ञ समिति**

» पृष्ठ २ मा क्रमशः

■ बेपत्ताको संख्या

### एकैदिन बढ्यो एक हजार

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भोटेकोशी बाढीमा बेपत्ता हुनेको संख्या ६ हजार १५० पुगेको छ। शव भेटिएर सनाखत नभएकालाई पनि बेपत्ताकै सूचीमा राखिएको छ। एक हजार ४०३ शव भेटिएकामा १०५ को मात्रै सनाखत भएको छ। प्राधिकरणले मंगलबार बेपत्ताको संख्या पाँच हजार १७९ रहेको सार्वजनिक गरेको थियो। एकैदिनमा बेपत्ताको संख्या करिब एक हजार बढेको छ।

प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार सबै जिल्लाबाट आएको बेपत्तासम्बन्धी विवरण अपडेट गर्दा संख्या एकैदिन करिब एक हजार बढेको हो। 'हामीले सबै जिल्ला तथा प्रभावित स्थानीय तहबाट बेपत्ताहरूको विस्तृत विवरण मगाइरहेका थियौँ,' उनले भनिन्, 'थप विवरण आइरहेका छन्, बेपत्ताहरूको नामसहितकै संख्या आएपछि अपडेट गरेका हौँ। यसमा अझै संख्या थपिन सक्छ।' गृह मन्त्रालयले बाढी प्रभावित हरेक वडासँग समन्वय गरी बेपत्ताहरूको विवरण संकलन गरिरहेको छ। बुधबार चिलिमे जलविद्युत् आयोजनाको सुरुङभित्र मात्र चार शव र एक कंकाल भेटिएको छ।

## सारथिहरूले नै देउवाको साथ छाड्दै



१४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा ८३% 'होल्ड' गरेका निवर्तमान सभापति देउवासँग पदाधिकारीमा चौधरी मात्रै, शेखर कोइरालापक्षीय उपसभापति गुरुङ र सहमहामन्त्री पाण्डे तटस्थ, अरू सबै संस्थापनतिर

(विस्तृत पृष्ठ ३)

## भोटेकोशीको प्रलयकारी बाढी र जलवायुजन्य जोखिम




अग्रलेख

● डा. केदारनरसिंह केसी

भोटेकोशी बाढीलाई अकाट्य तथ्य-तथ्यांकसाथ प्रस्तुत गरी जलवायु न्याय पाएको उदाहरण बनाउन सके जलवायु परिवर्तनबाट प्रभावित अन्य मुलुकलाई सजिलो हुनेछ

(पृष्ठ ४)

## इरान युद्धले उजागर गरिदिएको ब्रिक्सको सीमितता



ब्रिक्सलाई आफ्नो आर्थिक प्रभाव भू-राजनीतिक हैसियतमा रूपान्तरण गर्न कठिनाइ भइरहेको छ, तथापि यसैबाट सकारात्मक अवसर उत्पन्न हुन सक्छ

(विस्तृत पृष्ठ ५)

## सुदूरपश्चिमका ३१ बहुवर्षीय योजना रुग्ण



पूर्वाधार विकास मन्त्रालयले रुग्ण आयोजनाको म्याद थप्ने वा ठेक्का रद्द गर्ने विषयमा निर्णय लिन गठन गऱ्यो समिति

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## 'पासपोर्ट फ्री ट्राभल'को अवधारणा लागू गर्दै अध्यागमन

नयाँ पत्रिका

नेपाल घुम्न आउने पर्यटकले जहाँ जाँदा पनि अब सँगै पासपोर्ट बोक्न नपर्ने भएको छ। अध्यागमन सेवालाई प्रविधिमैत्री बनाउँदै सरकारले मोबाइल एपमै पासपोर्ट तथा भिसाको डिजिटल अभिलेखलाई नै मान्यता दिने भएको छ।

अध्यागमन विभागको मोबाइल एपमै पासपोर्ट र भिसाको डिजिटल विवरण देखाए हुने गरी प्रणाली बनाएको हो। सोही एपमा आफ्नो विवरण राखेपछि पासपोर्टविनै देशभित्र विदेशी नागरिकले पनि यात्रा गर्न सक्ने विभागले जनाएको छ। यसले पर्यटकलाई सहज हुने विभागका निर्देशक टीकाराम ढकालले बताए।

त्यसका लागि पर्यटकले 'डिपार्टमेन्ट अफ इमिग्रेसन' मोबाइल एपमा लगइन गरी आफ्नो पासपोर्टको विवरण राख्नुपर्ने हुन्छ। सोही एपमा देखाउने पासपोर्ट र भिसासम्बन्धी विवरणलाई नेपालमा सबै निकायले मान्यता दिनेछन्। यसले पर्यटकलाई पनि सहज हुने र डिजिटल ट्र्याकिङ गर्न सरकारलाई पनि सहज हुने बुधबार आयोजित पत्रकार सम्मेलनमा विभागका निर्देशक ढकालले बताए। सुरुमा प्रवेश हुँदा अध्यागमनमा पासपोर्ट देखाएर मोबाइल एपमा लगइन गरेपछि पर्यटकले पासपोर्ट बोक्नुपर्ने छैन।

हाल हिमाल आरोहणमा जाँदा पनि सँगै पासपोर्ट लिएर जानुपर्ने हुन्छ। पर्यटकलाई नै सहज बनाउने गरी यो व्यवस्था गरिएको विभागले जनाएको छ। कतिपय स्थानमा इन्टरनेट नचलेमा भने अन्य परिचयपत्रलाई पनि मान्यता दिने तयारी छ। यससम्बन्धी सम्पूर्ण प्राविधिक तयारी पूरा गरी विभागले स्वीकृतिका लागि गृह मन्त्रालयमा पठाएको छ। मन्त्रालयबाट स्वीकृत भएलगत्तै यसलाई कार्यान्वयन गरिने प्रवक्ता ढकालले बताए।

**'भिजिट भिसामा पुरानै मापदण्ड लागू गर्न दलालहरू सक्रिय'**

सेवालाई प्रविधिमैत्री बनाउँदै लैजाने क्रममा विभागले ई-भिसा जारी गर्ने अन्तिम तयारी गरेको छ।

» पृष्ठ २ मा क्रमशः

## संविधान संशोधनसम्बन्धी संसद् नियमावलीको प्रावधान कार्यान्वयन नगर्न अन्तरिम आदेश

### सर्वोच्चले कार्यान्वयन नगर्न भनेको प्रतिनिधिसभा नियमावलीमा के छ व्यवस्था ?

● नियम १४० को उपनियम (११) : **सभाबाट पारित भई राष्ट्रिय सभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनेछ।**

● नियम २५९ मा नियमावली लागू हुने व्यवस्था, उपनियम (१) : **प्रचलित कानुनबमोजिम जुनसुकै कुरा लेखिएको भए तापनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुनेछ।** उपनियम (२) : **यो नियमावली प्रतिनिधिसभा सदस्यको विशेषाधिकारको रूपमा रहनेछ।**



### प्राथमिकतामा पर्ने गरी अग्राधिकार दिई मुद्दा टुंग्याइने

**प्रेम गौतम**/नयाँ पत्रिका

संविधान संशोधनसम्बन्धी प्रक्रिया निर्धारण गर्ने प्रतिनिधिसभा नियमावली, २०८३ का दुई महत्त्वपूर्ण व्यवस्था कार्यान्वयन नगर्न सर्वोच्च अदालतको संवैधानिक इजलासले अन्तरिम आदेश दिएको छ। प्रधानन्यायाधीश मनोजकुमार शर्मासहित न्यायाधीशहरू कुमार रेग्मी, नहकुल सुवेदी, विनोद शर्मा र सारंगा सुवेदी रहेको संवैधानिक इजलासले नियमावलीको नियम १४० को उपनियम (११) र नियम २५९ तत्काल लागू नगर्न आदेश दिएको हो। उक्त

» पृष्ठ २ मा क्रमशः

■ सर्वदलीय बैठकको निर्णय

# विपत् व्यवस्थापनमा समन्वय गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र

## साताभित्र सर्वदलीय संसदीय विशेष समिति बनाउन पहल गर्ने, समिति गठनको प्रक्रिया थालनी र व्यवस्थापनका लागि सभामुखलाई अनुरोध गर्ने

● **रास्वपा सभापति रवि लामिछानेको संयोजकत्वमा सर्वदलीय उच्चस्तरीय संयन्त्र बनाउने। संयन्त्रमा कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति पार्टी, राप्रपा, जसपा नेपाल र जनमत पार्टीका तर्फबाट शीर्ष तथा महत्त्वपूर्ण नेतृत्वका सदस्यका रूपमा प्रतिनिधित्व रहने।**

● **एक साताभित्र सर्वदलीय संसदीय विशेष समिति बनाउन पहल गर्ने। समिति गठनको प्रक्रिया थालनी र व्यवस्थापनका लागि दलहरूको तर्फबाट सभामुखलाई अनुरोध गर्ने।**

● **तर, ती दुवै संयन्त्रले खेल्ने भूमिकालाई प्रधानमन्त्रीले विश्वास र समन्वयमा लिएर काम गर्ने सुनिश्चितताबारे विपक्षी दलका शीर्ष नेताहरूले जनाए आशंका।**



सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा बसेको सर्वदलीय बैठक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका

संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूबिच विपत् व्यवस्थापनमा सरकारलाई सहयोग, समन्वय र अनुगमन गर्न उच्चस्तरीय राजनीतिक संयन्त्र तथा सर्वदलीय संसदीय विशेष समिति गठन गर्ने सहमति बनेको छ। सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वानमा बुधबार सिंहदरबारमा बसेको बैठकले उनकै प्रस्तावअनुसार उच्चस्तरीय संयन्त्र र संसदीय समिति बनाउने निर्णय गरेको हो।

तर, ती दुवै संयन्त्रले खेल्ने भूमिकालाई प्रधानमन्त्रीले विश्वास र समन्वयमा लिएर काम गर्ने सुनिश्चितता के छ भन्दै विपक्षी दलका शीर्ष नेताहरूले बैठकमा गम्भीर प्रश्न उठाएका छन्। रास्वपा सभापति लामिछानेले भने सरकारले आफ्नो जिम्मेवारीअनुसार काम गरिरहेकाले त्यसलाई प्रभावकारी ढंगले मार्गदर्शन गर्न पनि उच्चस्तरीय राजनीतिक संयन्त्र र संसदीय विशेष समिति आवश्यक रहेको बताएका छन्।

१६ भदौमा बसेको सर्वदलीय बैठकले रास्वपा सभापति रवि लामिछानेको संयोजकत्वमा सर्वदलीय उच्चस्तरीय संयन्त्र बनाउने निर्णय गरेको थियो। बुधबारको बैठकले सोही राजनीतिक संयन्त्रलाई निरन्तरता दिने निर्णय गरेको हो। बैठकपछि जारी विज्ञप्तिअनुसार संयन्त्रमा कांग्रेस, एमाले, नेकपा, श्रम

» पृष्ठ २ मा क्रमशः

### बैठकमा कसले के भने ?



● **रवि लामिछाने**, सभापति, रास्वपा

प्रधानमन्त्री निरन्तर बैठकमा हुनुहुन्छ। उहाँले स्थानीय तहका जनप्रतिनिधि, राजनीतिज्ञहरूसम्मलाई समय निकालेर भेटिरहनुभएको छ। त्यो संवेदनशीलताको ठुलो उदाहरण हो। हामीले काम बाँडफाँट गरेरै गर्दै आएका छौँ। हिजोको अभ्यास र आजको अभ्यास तुलना गर्दा त्यस्तो नभएजस्तो देखिएला। किनभने हिजो पार्टीको सभापति नै प्रधानमन्त्री हुने परिस्थिति थियो, अहिले सरकारको जिम्मेवारी र पार्टीको जिम्मेवारी सभापतिले हेर्ने स्पष्ट खाका बनेको छ। त्यसैले डुप्लिकेसनको आवश्यकता पर्दैन। यद्यपि, आइदिनुपर्थ्यो, बसिदिनुपर्थ्यो भन्ने आग्रह राख्नु बेग्लै कुरा हो।



● **गगन थापा**, सभापति कांग्रेस

सम्माननीय प्रधानमन्त्रीज्यूको रबैया सकेसम्म संसद्लाई पूर्ण रूपमा बेवास्ता गर्ने देखिन्छ। प्रमुख प्रतिपक्षी दलको नेताले बोलेको वेला उहाँको संसद्मा उपस्थिति भएको देखिँदैन। त्यसैले संसद्लाई महत्त्व नदिने उहाँको रबैयाबिच हामीले संसदीय समिति बनाउने त भयौँ। तर, प्रधानमन्त्रीजीले नै यो संसदीय समितिको मान राख्नुभएन, यसको मर्यादा राख्नुभएन, यसरी नै हेपिराख्नुभयो र यसरी नै बेवास्ता गर्नुभयो भने त्यति वेला के गर्ने हो ?



● **पद्मा अर्याल**, उपनेता, एमाले संसदीय दल

संसदीय समिति बनाउने कुरा राम्रै हो। तर, प्रधानमन्त्रीलाई संसद्प्रति नै खासै रुचि देखिँदैन। सरकार बाढीपीडितको उद्धार, राहत र पुनर्स्थापनाप्रति संवेदनशील नै छैन। त्यसैले संसदीय विशेष समितिले रिपोर्ट दिने, निर्देशन दिने गरे पनि उहाँले ग्रहण गर्नुहुन्छ भनेर कसरी विश्वस्त हुने ? पहिले स्पष्ट भएर मात्र समिति बनाऔँ।

## सर्वोच्चको नयाँ भवनमा बारम्बार आगलागी

**नयाँ भवनको सुरक्षामाथि उठ्यो प्रश्न**

**काठमाडौं**/ सर्वोच्च अदालतको नयाँ भवनमा मंगलबार राति आगलागी भएको छ। आगलागीमा तीनवटा फाँटमा क्षति पुगेको छ। विद्युत् सर्ट भएर आगलागी भएको आकलन गरिएको छ। यसअघि १७ भदौमा पनि यसैगरी आगलागी भएको थियो। सो घटनाको छानबिन चलिरहेकै वेला फेरि आगलागी भएपछि नयाँ भवनको सुरक्षामाथि समेत प्रश्न उठेको छ।

सर्वोच्चका प्रवक्ता अर्जुन कोइराला निर्माणाधीन नयाँ भवनमा विद्युत्को अस्थायी व्यवस्थापन गरेर काम भइरहेकाले विद्युत् सर्ट भएर आगलागी भएको बताउँछन्। आगलागीबाट मुद्दाको मिसिल भने नजलेको उनको भनाइ छ। बारम्बार आगलागी भएपछि बुधबार सर्वोच्चले कार्यालयभित्र विद्युत्का लाइन बन्द गरेर मात्र निस्कन आग्रह गरेको छ।

गत वर्षको जेन-जी आन्दोलनमा सर्वोच्चको मूल भवन जलेपछि निर्माणाधीन भवनबाट कामकाज भइरहेको छ। करिब ६ अर्ब लागतको नयाँ भवन ठेकेदारले समयमा निर्माण नगर्दा सर्वोच्चलाई थप समस्या भएको छ।

## संविधान...

पृष्ठ १ बाट क्रमशः

व्यवस्थासहित प्रतिनिधिसभा नियमावली गत १७ जेठमा प्रतिनिधिसभाबाट पारित भएको थियो ।

संविधानले संघीय संसद्का दुवै सदनमा कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट संविधान संशोधन गर्नुपर्ने स्पष्ट व्यवस्था गरे पनि नियमावलीले त्यससँग बाझिने गरी प्रक्रिया निर्धारण गरेको भन्दै अधिवक्ताहरूले चुनौती दिएका थिए । अदालतले प्रारम्भिक दृष्टिमै उक्त व्यवस्था संवैधानिक प्रबन्धसँग प्रतिकूल देखिएको र कार्यान्वयन भए अपूरणीय क्षति पुग्न सक्ने ठहर गरेको छ ।

संवैधानिक प्रबन्धको प्रतिकूल रहेको भन्ने प्रथम दृष्टिमा देखिएको र नियमावलीको उक्त व्यवस्था कार्यान्वयन भए संवैधानिक प्रावधानमा अपूरणीय क्षति पुग्न जाने संवैधानिक इजलासको ठहर छ । नेपालको संविधानको धारा १ बमोजिम नेपालको संविधान नेपालको मूल कानुन हुने भई संविधानसँग बाँझिने कानुन बाझिएको हदसम्म अमान्य हुने र संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने व्यवस्था रहेको इजलासले स्मरण गराएको छ ।

नियम १४० (११) मा 'सभाबाट पारित भई राष्ट्रिय सभामा पठाइएको संविधान संशोधनसम्बन्धी विधेयक सन्देशसहित प्राप्त भएपछि प्रस्तावको पक्षमा प्राप्त भएको जम्मा मत दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ पुगेको भए संविधान संशोधनको विधेयक सभामुखले प्रमाणित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाउनेछ,' भनिएको छ । यस्तै, नियम २५९ मा नियमावली लागू हुने प्रावधान छ । जसमा '(१) प्रचलित कानुनबमोजिम जुनसुकै कुरा लेखिएको भए तापनि सभा, समिति र सदस्यको हकमा यो नियमावली संघीय कानुनको रूपमा रही विशेष कानुनसरह लागू हुनेछ । (२) यो नियमावली प्रतिनिधिसभा सदस्यको विशेषाधिकारको रूपमा रहनेछ,' भनिएको छ ।

उक्त व्यवस्थासहित प्रतिनिधिसभा नियमावली गत १७ जेठमा प्रतिनिधिसभाले पारित भएको थियो । प्रतिनिधिसभा नियमावलीका दुवै प्रावधान तत्काल कार्यान्वयन नगर्न सर्वोच्चले अन्तरिम आदेश जारी गरेको हो । कांग्रेस राष्ट्रिय सभा दलका नेता कमला पन्तसहितले संघीय संसद् सचिवालयलाई विपक्षी बनाएर मुद्दा दायर गरेकी थिइन् ।

सर्वोच्चले प्रतिनिधिसभा नियमावली, ०८३ को नियम १४० (११) र नियम २५९ यथास्थितिमा राख्न अन्तरिम आदेश दिएको छ । 'प्रतिनिधिसभा नियमावली, ०८३ को नियम १४० को उपनियम (११) र नियम २५९ हाल कार्यान्वयन नगरी यथास्थितिमा राख्नू भनी प्रत्यर्थीहरूको नाममा सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १९ को उपनियम (४) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरूलाई दिई नियमानुसार गर्नू,' अन्तरिम आदेशमा छ । संविधानले संसदका प्रत्येक सदनमा छुट्टाछुट्टै दुईतिहाइ बहुमत हुनुपर्ने स्पष्ट व्यवस्था गरेकाले असंवैधानिक प्रावधान खारेज गर्न रिटमा माग गरिएको थियो । नियमावलीको उक्त प्रावधान संविधानको धारा १, १०४ (१), २७४ समेतको विपरीत भएकाले कार्यान्वयन नगरी यथास्थितिमा राख्न रिट निवेदनमा अन्तरिक आदेश माग गरिएको थियो ।

संविधानको धारा १०४(१) ले संघीय संसद्का प्रत्येक सदनलाई आफ्नो काम-कारबाही सञ्चालन गर्न नियमावली बनाउन सक्ने अधिकार दिएको छ । यस्तो नियमावलीले बैठक सञ्चालन, समिति गठन तथा काम-कारबाहीको प्रक्रिया निर्धारण गर्न सक्छ ।

तर, संविधान संशोधनको प्रक्रिया भने संविधानकै धारा २७४ ले स्पष्ट रूपमा निर्धारण गरेको छ । संविधानको धारा ८३ अनुसार संघीय संसद् दुई सदनात्मक हुने व्यवस्था छ । यसै आधारमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२९ मा संविधान संशोधन विधेयकसम्बन्धी प्रक्रिया तोकिएको छ । तर, प्रतिनिधिसभा नियमावली, २०८३ को नियम १४० को उपनियम (११) ले संविधान संशोधनको प्रक्रिया र प्रमाणीकरणसम्बन्धी छुट्टै व्यवस्था गरेको छ ।

उक्त व्यवस्था राष्ट्रिय सभा नियमावलीमा रहेको प्रक्रियासँग बाझिने र संविधानले तोकेको व्यवस्थासँग समेत प्रतिकूल रहेको संवैधानिक इजलासको प्रारम्भिक ठहर छ । त्यसैले उक्त प्रावधान कार्यान्वयन गर्दा संवैधानिक व्यवस्थामा अपूरणीय क्षति पुग्न सक्ने अदालतले जनाएको छ । साथै, विधायिकाले बनाएको विषयगत ऐनहरूको व्यवस्थासमेत निष्क्रिय हुने गरी बनाइएको नियम २५९ को व्यवस्था उल्लेखित संवैधानिक प्रवन्धको प्रतिकूल रहेको भन्ने प्रथम दृष्टिमा देखिएको र उक्त नियमावलीको व्यवस्था कार्यान्वयन भएमा संवैधानिक प्रावधानमा अपूरणीय क्षति पुग्न जाने इजलासको ठहर छ ।

वरिष्ठ अधिवक्ता गान्धी पण्डितले प्रतिनिधिसभा नियमावली संविधानसम्मत छ कि छैन भन्ने विषयमा अन्तिम सुनुवाइ हुने बताए । उनका अनुसार यसअघि निवेदकहरूको एकपक्षीय बहस सुनेर मात्रै अन्तरिम आदेश जारी भएको हो । 'एकपक्षीय बहसका आधारमा अन्तरिम आदेश जारी भयो । अर्को पक्षले त्यसको खण्डन गर्ने मौका पाएन । अब रिट निवेदनमा दुवै पक्षको सुनुवाइ भएपछि प्रतिनिधिसभाले पारित गरेको नियमावली संविधानसम्मत छ कि छैन भन्ने विषयमा अन्तिम आदेश आउँछ,' उनले भने ।

निवेदकको तर्फबाट बहस गरेका वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले भने, 'यथास्थितिमा राख्नू भनेकाले नियमावलीको त्यो व्यवस्था अहिलेलाई लागू नहुने भयो, अन्य कानुनी व्यवस्था यथावतै छन्, सोहीअनुसार हुन्छ ।

'यसमा के-कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ?' भन्दै संवैधानिक इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । इजलासले सात दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको छ । साथै, लिखित जवाफ प्राप्त भएपछि वा जवाफ पेस गर्ने अवधि सकिएपछि १५ दिनभित्र मुद्दालाई प्राथमिकतामा राखी पेसीमा पेस गर्न पनि आदेश दिइएको छ ।

## विपत् व्यवस्थापनमा...

पृष्ठ १ बाट क्रमशः

संस्कृति पार्टी, राप्रपा, जसपा नेपाल र जनमत पार्टीका तर्फबाट शीर्ष तथा महत्त्वपूर्ण नेतृत्वको सदस्यका रूपमा प्रतिनिधित्व रहनेछन् ।

१६ भदौको बैठकले संयन्त्रले प्राकृतिक विपत्को उच्च जोखिममा रहेको यथार्थलाई मनन गर्दै, दिगो विपत् जोखिम न्यूनीकरण तथा प्रभावकारी व्यवस्थापनका लागि तीनै तहका सरकार, संसद्, राज्यका सम्बद्ध निकाय, राजनीतिक दल र सरोकारवालाहरूबिच नीतिगत तथा कार्यान्वयनगत समन्वय गर्ने गरी जिम्मेवारी लिने निर्णय गरेको थियो । त्यसअघि बाढीपीडितहरूको राहत, उद्धार र पुनर्स्थापनाका लागि ११ भदौको सर्वदलीय बैठकले १० बुँदे संकल्प प्रस्ताव पारित गरेको थियो ।

यस्तै, बैठकले एक साताभित्र सर्वदलीय संसदीय विशेष समिति बनाउन पहल गर्ने निर्णय पनि गरेको छ । बैठकले समिति गठनका लागि प्रक्रियाको थालनी र आवश्यक व्यवस्थापनका लागि राजनीतिक दलहरूको तर्फबाट सभामुखलाई अनुरोध गर्ने निर्णय लिएको छ ।

'विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि भोटेकोशी विपत्बाट गम्भीर पाठ सिक्दै, पुगेको क्षतिको पुनर्निर्माण र पुनरुत्थानमा मात्र सीमित नरही, भविष्यमा यस्ता विपत्बाट हुन सक्ने मानवीय तथा भौतिक क्षति रोक्न सरकारलाई स्पष्ट नीतिगत मार्गचित्र र रणनीतिक कार्यढाँचा प्रदान गर्न, सहकार्य, समन्वय तथा अनुगमन गर्न एक सर्वदलीय संसदीय विशेष समिति एक हप्ताभित्र गठन गर्न पहल गर्ने निर्णय भएको छ,' बैठकपछि जारी प्रेस नोटमा छ ।

दलहरूबिचको सहमतिअनुसार समितिले विपत्पछिको दिगो पूर्वाधार पुनर्निर्माण, विपत् पूर्वतयारी, पूर्वसूचना प्रणालीको सुदृढीकरण र सशक्त जलवायु कूटनीतिका सन्दर्भमा राज्यले अंगीकार गर्नुपर्ने दीर्घकालीन कार्यदिशाबारे सरकार, संसद् तथा सरोकारवाला निकायबिच समन्वय गर्नेछ । त्यस्तै, विपत् व्यवस्थापनसम्बन्धी विद्यमान कानुनहरूको समीक्षा गर्ने र आवश्यक कानुन निर्माणका लागि संसद्मा अग्रसरता लिने जिम्मेवारीसमेत त्यही समितिले लिने बैठकपछि नेताहरूले जानकारी दिएका छन् ।

तर, सर्वदलीय बैठकमा दलका नेताहरूले भोटेकोशी बाढीपछि उद्धार, राहत र पुनर्स्थापनाको सवालमा प्रधानमन्त्री बालेन्द्र शाहको भूमिकालाई लिएर आलोचना गरेका छन् । बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएको अवस्थामा पीडितका समस्या समाधानका लागि प्रधानमन्त्रीले पर्याप्त संवेदनशीलता नदेखाएको भन्दै प्रमुख राजनीतिक दलका नेताहरूले संयन्त्र र संसदीय समितिलाई पनि प्रधानमन्त्रीले उपेक्षा गर्न सक्ने आंशका गरेका छन् ।

कांग्रेस सभापति गगन थापाले संसद्लाई बेवास्ता गर्ने प्रधानमन्त्रीको रबैया हेर्दा उनले संसदीय विशेष समितिलाई पनि बेवास्ता गर्ने र त्यसको मर्यादा नराख्ने अवस्था आए के गर्ने भन्दै प्रश्न उठाएका थिए ।

एमाले संसदीय दलकी उपनेता पद्ममा अर्यालले अहिलेसम्म बाढीपीडितको राहत, उद्धार र पुनर्स्थापनाको सवालमा संसद्मा प्रतिनिधित्व गर्ने दलहरूसँग प्रधानमन्त्रीले समन्वय नगरेकाले संसदीय विशेष समिति बनाउनुपर्ने औचित्यमाथि बैठकमा प्रश्न उठेको बताइन् ।

तर, सभापति लामिछानेले प्रधानमन्त्री र आफूबिच राजनीतिक तथा राज्य सञ्चालनका विषयमा नेतृत्व गर्ने कामको स्पष्ट बाँडफाँट भएकाले पनि बैठक कसले आयोजना गऱ्यो भन्ने सवाल महत्त्वपूर्ण नभएको बताएका थिए । सरकारले आफ्नो जिम्मेवारीअनुसार काम गरिरहेकाले त्यसलाई प्रभावकारी ढंगले मार्गदर्शन गर्न पनि उच्चस्तरीय राजनीतिक संयन्त्र र संसदीय विशेष समिति आवश्यक रहेको उनको भनाइ थियो । उनकै प्रस्तावअनुसार नै बैठकले यसबारे निर्णय लिएको हो ।

'प्रधानमन्त्री निरन्तर बैठकमा हुनुहुन्छ । हिजो उहाँले स्थानीय तहका जनप्रतिनिधि, राजनीतिज्ञहरूसम्म भेट्ने समय निकालेर भेटिइरहनुभएको छ । त्यो संवेदनशीलताको ठुलो उदाहरण हो । हामीले काम बाँडफाँट गरेरै गर्दै आएका छौँ । हिजोको अभ्यास र आजको अभ्यास तुलना गर्दा त्यस्तो नभएजस्तो अर्कै देखिएला,' लामिछानेले भने ।

## 'पासपोर्ट फ्री...

पृष्ठ १ बाट क्रमशः

१५ भदौदेखि नै ई-भिसा जारी गर्ने तयारी रहेकामा १० भदौको भोटेकोशी बाढीका कारण सरेको छ । त्यस्तै, विदेश भ्रमणको विवरण आफ्नो नागरिक एपमै हेर्न सकिने व्यवस्था पनि हाल विभागले गरेको छ ।

आफ्नो विदेश यात्रासम्बन्धी प्रमाणित विवरण माग्दै सर्वसाधारणले विभागमा दिने निवेदनमा अब नागरिक एपबाटै यससम्बन्धी विवरण लिन सक्ने व्यवस्था गरिएको छ ।

अध्यागमन सेवालाई प्रविधिमैत्री र फेसलेस बनाउँदै लैजाने रणनीतिअन्तर्गत सेवालाई सरलीकृत गर्दै लगिएको विभागका महानिर्देशक रामचन्द्र तिवारी बताउँछन् ।

भिजिट भिसामा पुरानै प्रावधान फर्काउन केही दलाल सक्रिय हुन थालेको विभागले जनाएको छ । गत वर्ष कात्तिकदेखि कागजपत्र पुगेका कुनै पनि नागरिकलाई विदेश भ्रमणमा नरोक्ने गरी सरकारले मापदण्ड लागू गरेको थियो । त्यो प्रावधानले विदेशमा महिलाहरू बेचिएको भाष्य बनाएर दलाल समूह पुरानै प्रावधान लागू गराउन सक्रिय हुन थालेको विभागका महानिर्देशक तिवारीले बताए ।

## ठूला विपत्मा...

पृष्ठ १ बाट क्रमशः

मन्त्रालयमा पेस गरेपछि प्रस्ताव मन्त्रिपरिषद्मा जानेछ । मन्त्रिपरिषद्ले संशोधन विधेयकको प्रस्ताव संसद्मा लैजानुपर्छ वा संसद् अधिवेशन नचलेको अवस्थामा अध्यादेश जारी गर्न मिल्छ ।

'मृत्युदर्तामा सहजीकरण गर्ने गरी दुईवटा कानुन संशोधन गर्ने गरी छलफल भइरहेको छ,' महानिर्देशक पौडेलले भने, 'यस्ता विपत्का ठुला घटनामा तीन वर्ष पर्खन नपर्ने गरी खोज तथा उद्धार सम्माप्त हुना साथ मृत्युदर्ता बनाउन सकिने हाम्रो प्रस्ताव छ । यो संकटग्रस्त घोषणा गरेको अवस्थाका हकमा हो, सबै विपत्का हकमा लागू हुँदैन ।'

यस प्रकारको विशेष प्रकृतिका हकमा मृत्युदर्ता गर्ने प्रक्रियाबारे थप छलफल हुने उनले बताए । यद्यपि, ठुला विपत्मा शव फेला नपरेको हकमा मृत्युदर्ता गराउँदा घटनास्थलका होटेल बुकिङ, यात्रा टिकट, मोबाइल लोकेसनलगायतलाई प्रमाणका रूपमा समेट्नेबारे गृहकार्य भइरहेको विभागका एक अधिकारीले बताए ।

सरकारले १० भदौमा आएको रसुवा बाढीले रसुवा, नुवाकोट, धादिङ र गोरखाका १५ पालिकालाई तीन महिनाका लागि संकटग्रस्त घोषणा गरिसकेको छ । भोटेकोशी बाढीमा अझै कम्तीमा ६ हजार १५० हराइरहेको सरकारी तथ्यांक छ । एक हजार ४०३ जनाको शव फेला परे पनि १०५ को मात्र सनाखत भएको छ । शव सनाखत नभएको हकमा पनि मृत्युदर्ता बन्दैन । अहिले पनि बाढीमा परेकाहरूको खोज तथा उद्धार जारी छ ।

नुवाकोटको विदुर नगरपालिका- १ का वडाध्यक्ष लेलिन रञ्जितले बेपत्ता भएकाका परिवारले मृत्युदर्ता गराउन खोजे पनि रोकिएको बताए । 'केही आफन्त आउनुभएको थियो । हामीले पनि मृत्युदर्ता गराइदिन खोजेका थियौँ । तर, जिल्ला प्रशासन र पञ्जीकरण विभागबाट अहिलेलाई मृत्युदर्ता नगर्नू, नयाँ व्यवस्था हुन्छ भन्नुभएको छ,' उनले भने ।

व्यक्तिको मृत्यु भएको प्रमाण कानुनी र प्रशासनिक प्रयोजनका लागि पेस गर्न, चलअचल सम्पत्तिको हक हस्तान्तरण वा अधिकार प्रत्यायोजनलगायतका लागि मृत्युदर्ता गराउनुपर्छ । सामाजिक सुरक्षा भत्ता लिन, विधवा प्रमाणित हुन तथा राज्यबाट प्रदान गरिने अन्य सेवासुविधा लिन पनि मृत्युदर्ता गर्नुपर्ने व्यवस्था छ ।

### ■ बेपत्तालाई मृतकसरह मानेर परिवारलाई राहत दिइने

प्राकृतिक विपत्तिमा बेपत्तालाई मृतकसहर मानेर परिवारलाई दुई लाख राहत उपलब्ध गराउने गरिएको छ । विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपत्पीडित उद्धार तथा राहत मापदण्डमा विपत्मा परी मृत्यु भएका व्यक्तिका परिवारलाई दुई लाख राहत उपलब्ध गराउने व्यवस्था छ । तर, बेपत्ता भएकाको हकमा भने मन्त्रिपरिषद्बाट निर्णय गर्ने गरिएको छ । यसअघि १० दिनसम्म पनि शव फेला नपरेमा मृतकसरह मानेर दुई लाख राहत उपलब्ध गराइन्थ्यो । यसपटक भने सरकारले निर्णय गरिसकेको छैन ।

राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले बेपत्ताको हकमा मृतकसरह मानेर दुई लाख राहत दिने गरी मन्त्रिपरिषद्मा प्रस्ताव जाने बताइन् । 'यो यसअघिकै अभ्यास हो । तर, यो घटनामा शव फेला परे पनि सनाखत हुन नसकेकाले समस्या छ । पालिकाबाट लाभग्राहीको पहिचान भएर आएपछि सोहीअनुसार राहत उपलब्ध हुन्छ,' उनले भनिन् ।

तर, दुई लाख राहत उपलब्ध गराउन सहजीकरण गरिदिन भन्दै जिल्ला प्रशासन कार्यालय नुवाकोटले गृह मन्त्रालयलाई पत्र लेखेको छ । प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीका अनुसार भोटेकोशी बाढीमा कुन व्यक्ति कहाँबाट बेपत्ता भएका हुन् भनेर पनि खुट्याउन नसकिने अवस्था भएकाले सहजीकरण गरिदिन आग्रह गरिएको बताए । 'नुवाकोटमै बेपत्ता हुनेहरू ४५ देखि ५० जिल्लाका छन् । तर, राहत पाउने व्यक्तिले कुन-कुन विवरण पेस गर्ने भनेर स्पष्ट हुनुपर्छ । कहाँ बेपत्ता भएका हुन् भनेर कसरी पत्ता लगाउने ?,' उनले भने, 'यो घटनाका हकमा वडाको सिफरिस र प्रहरी प्रतिवेदन भए पुग्ने गरी मन्त्रालयमा गृहकार्य भइरहेको खबर छ ।'

## कहिले आउँछ...

पृष्ठ १ बाट क्रमशः

'हड्डी र दाँतबाट गरिने डिएनए परीक्षण एकदमै जटिल छ, रगतबाट हुनेजस्तो सहज छैन,' प्रहरीको विधिविज्ञान प्रयोगशालाका एक अधिकारी भन्छन्, 'कतिपयको हकमा दुई-तीनपटकसमेत प्रोफाइलिङ गर्नुपर्ने हुन्छ, त्यसकारण ढिला हुन्छ ।'

अहिलेको गतिअनुसार डिएनए प्रोफाइलिङको नतिजा आउन अझै करिब दुई महिना लाग्न सक्ने प्रहरी अधिकारी बताउँछन् । हाल नेपाल प्रहरीका साथै राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा परीक्षणको काम भइरहेको छ । परीक्षणमा भारत, चीन, कोरियालगायत देशबाट आएका जनशक्तिले पनि सघाइरहेका छन् । अमेरिका र सिंगापुरले पनि प्रविधिमा सघाएको छ । विश्व स्वास्थ्य संगठनले नयाँ ल्याब जडान गर्ने विषयमा छलफल भइरहेको प्रहरी स्रोत बताउँछ । जापानले पनि २० लाख अमेरिकी डलरबराबरको डिएनए परीक्षणसम्बन्धी सामग्री सहयोग गर्ने घोषणा गरेको छ । सनाखत हुन नसकेका शवको डिएनए नमुना लिएर जमिनमुनि व्यवस्थापन गरिएको छ । परिवारसँग डिएनए म्याच भएपछि जमिनबाट निकालेर दिने सरकारको तयारी छ । तर, परीक्षण प्रक्रिया लम्बिँदा बेपत्ता परिवारको पीडा झन् बढेको छ । बाढीमा बेपत्ता भएका एक हजार ८८९ परिवारका व्यक्तिले डिएनए परीक्षणका लागि रगतको नमुना दिएका छन् ।

नेपाल प्रहरीका प्रवक्ता डिआइजी अविनारायण काफ्ले सकेसम्म छिटो डिएनएबाट शव परीक्षण गर्ने गरी काम भइरहेको बताउँछन् । 'डिएनए परीक्षणका लागि विदेशी टोलीले पनि सघाइरहेका छन्, हामीले काठमाडौंका साथै हेटौँडाबाट पनि परीक्षणको तयारी गरिरहेका छौँ,' उनी भन्छन्, 'ठ्याक्कै कहिलेदेखि म्याचिङ रिपोर्ट आउँछ भन्न सकिन्न, तर सकेसम्म छिटो नतिजा आउने गरी काम भइरहेको छ ।'

मृतक र आफन्तको डिएनए सफ्टवेयरबाट म्याच भएपछि शवको सनाखत हुनेछ । सनाखत भएका शव जमिनमुनिबाट निकालेर प्रहरीले आफन्तलाई दिनेछ । काठमाडौं, चितवत, पूर्वी नवलपरासी र कास्कीमा शवहरूको जमिनमुनि अस्थायी व्यवस्थापन गरिएको छ । मंगलबारसम्म एक हजार २३० शवको अस्थायी व्यवस्थापन गरिएको छ ।

### ■ भोटेकोशी बाढीको कारण पत्ता लगाउन सरकारले बनायो विज्ञ समिति

रसुवाको भोटेकोशी नदीमा गत १० भदौमा आएको विनाशकारी बाढीको वैज्ञानिक आधार र प्रमाण खोज्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बुधबार सात सदस्यीय विज्ञ अध्ययन समिति गठन गरेको छ । मन्त्रालयका प्रवक्ता मोहनकुमार शाक्यका अनुसार ऊर्जा मन्त्रालयका जल नीति तथा सुशासनविज्ञ देवेश बेल्वासेको संयोजकत्वमा अध्ययन समिति गठन भएको हो ।

समितिमा जलस्रोतविद् डा. नरेन्द्रमान शाक्य, हिमनदी विशेषज्ञ डा. रिजनभक्त कायस्थ, रिमोट सेन्सिङ विशेषज्ञ डा. उत्तमबाबु श्रेष्ठ, भूगर्भविद् डा. मेघराज धिताल, जलविद्युत् पूर्वाधारविज्ञ डा. हरि पण्डित, विपत् जोखिम न्यूनीकरणविज्ञ अनिल पोखरेल सदस्य छन् । प्रवक्ता शाक्यका अनुसार समितिले बाढीको उद्गम स्थल लाङटाङदेखि तटीय क्षेत्र पुगेर स्थलगत अध्ययन गरी दुई महिनाभित्र प्रतिवेदन पेस गर्नेछ ।

मन्त्रालयका अनुसार तीन चरणमा अध्ययन हुनेछ । पहिलो चरणमा उच्च हिमाली क्षेत्रदेखि भोटेकोशी/ल्हेन्दे नदी प्रणाली र तटीय क्षेत्रसम्मको घटनाको समयक्रम तथा भौगोलिक क्षतिको अध्ययन गरिनेछ । यस क्रममा हिमनदी, चट्टानी तथा माटोको ढलान अस्थिरता, पहिरो, लेदो, नदीको बहाब र बाढीबिचको अन्तरसम्बन्ध अध्ययन गरिनेछ ।

दोस्रो चरणमा घटनाका तत्कालीन तथा अन्तर्निहित भौतिक कारण पहिचान गरिनेछ । तेस्रो चरणमा मानवजनित जलवायु परिवर्तनले यी जोखिमको सम्भावना, तीव्रता वा पूर्वतयारी अवस्थामा कति प्रभाव पारेको थियो भन्ने वैज्ञानिक रूपमा मूल्यांकन गरिनेछ ।

विनाशकारी बाढीको उत्पत्ति तथा त्यससँग जोडिएका हिमाली भूजोखिमको वास्तविक कारण, घटनाक्रम र जलवायु परिवर्तनको सम्भावित भूमिकाबारे वैज्ञानिक अध्ययन गर्न लागिएको उनले बताए ।

'समष्टिगत रूपमा भूगर्भ, तापक्रम र पानीको समग्र अध्ययन हुन लागेको हो । भोटेकोशीमा आएको बाढीले त्रिशूली करिडोर प्रभावित भएजस्तै यस्तो विपत् अरू नदी प्रणालीमा आउँदा ऊर्जा मन्त्रालयको विभिन्न पूर्वाधारमा प्रत्यक्ष प्रभाव पर्ने भएकाले अध्ययनका लागि मन्त्रालयले यो अग्रसरता लिएको हो,' शाक्यले बताए ।

उनका अनुसार रसुवा बाढीबाट ऊर्जा पूर्वाधारमा पुगेको क्षतिबाट पाठ सिकेर दीर्घकालीन पूर्वतयारी, जलविद्युत् उत्थानशीलता (जलवायु परिवर्तन, बाढी, खडेरी वा अन्य प्राकृतिक प्रकोपहरूसँग जुध्न र संकटापन्न अवस्थामा पनि निरन्तर बिजुली उत्पादन गरिरहन सक्ने जलविद्युत् क्षमता) कसरी कायम गर्ने भन्ने पनि अध्ययन हुनेछ ।

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२९७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगाको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्वद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **ऋणी फर्म : माङसेमी सु सेन्टर, प्रोप्राईटर तथा जमानीकर्ता: गोपाल लिम्बु** **दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा प्रा.फ.र.नं.: ११४५०/०७९/०८०, **दर्ता मिति:** २०७९/०९/०८, **ठेगाना:** जिल्ला सुनसरी, बराहक्षेत्र न.पा. वडा नं. ९ |
| २ | **ऋणी फर्म : न्यु श्रेष्ठ खाजा घर, प्रोप्राईटर तथा जमानीकर्ता : नेमवती श्रेष्ठ** **दर्ता नं. :** घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा प्रा.फ.नं. ४६८/२८५७/०६५, **दर्ता मिति:** २०६५/१२/०५, **ठेगाना:** जिल्ला नवलपरासी (ब.सु.पु.), अमरापुरी गा.वि.स./न.पा. वडा नं. ८ |
| ३ | **ऋणी कम्पनी : विनित ढुवानी सेवा प्रा.लि., संचालक तथा जमानीकर्ता : बाबुराम घिमिरे** **दर्ता नं.:** कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २३०५१५/०७६/०७७, **दर्ता मिति** २०७६/०९/०१, **ठेगाना:** जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. १७ |
| ४ | **ऋणी : कुम्भराज जोशी** स्थायी ठेगाना : वझाङ्ग जिल्ला, जयपृथ्वी न.पा. वडा नं. ८, हालको ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ८, बाबु : बिरुशंकर जोशी, बाजे : गांधा जोशी |
| ५ | **१) ऋणी कम्पनी : च्वाइस डेरी प्रोडक्टस् प्रा.लि., संचालक तथा जमानीकर्ता - १) इश्वर बहादुर खत्री क्षेत्री, २) किशोर भण्डारी, ३) लक्ष्मण शर्मा, ४) प्रेम कुमार गुरुङ** दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २०१०७६/०७५/०७६, दर्ता मिति: २०७५/०६/२५, ठेगाना: जिल्ला पर्वत, कुश्मा न.पा. वडा नं. ५ |
| | **कर्जाको किसिम: व्यक्तिगत कर्जा** **२) ऋणी : प्रेम कुमार गुरुङ** स्थायी ठेगाना : पर्वत जिल्ला, दुर्लुङ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: पर्वत जिल्ला, कुष्मा न.पा. वडा नं. ५, बाबु : चक्र बहादुर गुरुङ, बाजे : मन बहादुर गुरङ |
| | **जमानीकर्ताहरु:** **१) संझना के.सी.,** स्थायी ठेगाना : म्याग्दी जिल्ला, रत्नेचौर गा.वि.स. वडा नं. ५, हालको ठेगाना: पर्वत जिल्ला, कुष्मा न.पा. वडा नं. ५, बाबु : सोम बहादुर के.सी., ससुरा : बल बहादुर खत्री क्षेत्री, पति : इश्वरबहादुर खत्री क्षेत्री, **२) सुनिता गुरुङ,** स्थायी ठेगाना : कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स. वडा नं. ४, हालको ठेगाना: पर्वत जिल्ला, कुष्मा न.पा. वडा नं. ५, बाबु : कुवर सिं गुरुङ, ससुरा : चक्र बहादुर गुरुङ, पति : प्रेम कुमार गुरुङ, **३) हेल गुरुं, स्थायी** ठेगाना : पर्वत जिल्ला, दुर्लङ गा.वि.स. वडा नं. ८, हालको ठेगाना: पर्वत जिल्ला, कुष्मा न.पा. वडा नं. ५, बाबु : घं प्रसाद गुरुं, ससुरा : मन बहादुर गुरुङ, पति : चक्र बहादुर गुरुङ, **४) इश्वर बहादुर खत्री क्षेत्री,** स्थायी ठेगाना : पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ८, हालको ठेगाना: पर्वत जिल्ला, कुष्मा न.पा. वडा नं. ५, बाबु : बल बहादुर खत्री क्षेत्री, बाजे : टेक बहादुर खत्री |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

गण्डकी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

### पूर्वाधार विकास कार्यालय, स्याङ्जा

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(प्रकाशित मिति : २०८३/०६/०१)

यस कार्यालयबाट तपसिल बमोजिमको कार्यका लागि मिति २०८३/०२/०८ गते विद्युतीय खरिद प्रणाली (e-GP System) www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान गरिएकोमा तोकिएको म्याद भित्र रितपूर्वक पेस हुन आएका बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ६ बमोजिम सारभूतरुपमा प्रभावग्राही बोलपत्र निर्धारण भएका तपसिल बमोजिमका बोलपत्रदाताको आर्थिक प्रस्ताव सोही नियमावलीको नियम ३१ (ज) को उपनियम ७ बमोजिम मिति २०८३/०६/०८ गते दिनको ११:०० बजे यस कार्यालयमा खोलिने भएकाले सफल बोलपत्रदातालाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस कार्यालयमा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| कामको विवरण | प्राविधिक मूल्याङ्कनमा सफल भएका बोलपत्रदाता | कैफियत |
|---|---|---|
| Upgrading of Jyagdi Corridor (Damachaur-Biruwa Khanda) Chapakot Nagarpalika Biruwa Gaunpalika Ra Harinas Gaunpalika Contract ID: IDOSYANGJA/ NCB/W/R/83/082/83 | 1. M/S Surya Construction Company Pvt. Ltd., Lekhnath-03, Kaski<br>2. M/S Mangaladevi Subas Construction Pvt. Ltd., Sundaradevi-02, Nuwakot<br>3. M/S Atlantic-Kishan J.V., Tokha-08, Kathmandu<br>4. M/S Karna Builders Pvt. Ltd., Tokha-10, Kathmandu<br>5. M/S Lumbini-Easy J.V., Rapti-05, Dang<br>6. M/S Mahalaxmi - Jagaruk J.V., Balaju, Kathmandu<br>7. M/S PTR Adhikari Construction Pvt .Ltd., Tilottama-03, Rupandehi<br>8. M/S Kusheshwor-C.L. J.V., Gosaikunda-06, Rasuwa<br>9. M/S Bagale Thapa-Jaya Siddhikali-Buwase J.V., Tarkeshwor-11, Kathmandu<br>10. M/S Gajindra Nirman Sewa, Chapakot-05, Syangja<br>11. M/S Nayabato-Darshan-Jeevan & Brothers J.V., Waling-09, Syangja<br>12. M/S Bibek & Kuber Builders Pvt.Ltd., Waling -06, Syangja<br>13. M/S Trishakti - Raling - Budhisara J.V., Jorpati, Kathmandu<br>14. M/S Mahesh Engineering And Builders Pvt. Ltd., Bardghat, Nawalparasi East<br>15. M/S Raniban - RR - Purna Laxmi J.V., Uttargaya-05, Rasuwa<br>16. M/S B. S. Dhaulagiri Construction And Housing Pvt. Ltd., Tokha-10, Kathmandu<br>17. M/S Pradip Construction, Butwal-13, Rupandehi<br>18. M/S Siddha Baba - Ruchi J.V., Pokhara-08, Kaski<br>19. M/S Kantipath-Shuvalaxmi J.V., Bidur-11, Nuwakot | |

कार्यालय प्रमुख

# सारथिहरूले नै देउवाको साथ छाड्दै

## १४औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिमा ८३ प्रतिशत 'होल्ड' गरेका निवर्तमान सभापति देउवासँग पदाधिकारीमा चौधरी मात्रै, शेखर कोइरालापक्षीय उपसभापति गुरुङ र सहमहामन्त्री पाण्डे तटस्थ, अरू सबै संस्थापनतिर

कांग्रेस नेता
**श्याम घिमिरे** भन्छन्-



**कांग्रेस पार्टी र चारतारे झन्डा छाड्न सकिएन। हामी ३ असोजमा सुरु हुने वडा अधिवेशनमा सहभागी हुँदै छौँ। म पनि गृहजिल्ला सिन्धुली जाँदै छु, अरू साथीहरू पनि छलफलमा हुनुहुन्छ।**

■ देउवा समूह



उमाकान्त चौधरी

■ संस्थापन समूह



पूर्णबहादुर खड्का, उमेश श्रेष्ठ, किशोरसिंह राठोर, फर्मुल्लाह मन्सुर, भीष्मराज आङ्देम्बे, महालक्ष्मी उपाध्याय, महेन्द्र यादव

■ शेखर समूहका दुई पदाधिकारी तटस्थ



धनराज गुरुङ
बद्री पाण्डे

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाका विश्वासपात्रले नै धमाधम उनको साथ छाड्दै गएका छन्। १४औँ महाधिवेशनमा देउवाको प्यानलबाट उपसभापति जितेका, गत जेन-जी आन्दोलनपछि कार्यवाहक सभापतिको जिम्मेवारी पाएका पूर्णबहादुर खड्कादेखि प्रचार विभाग प्रमुख बनाएका मीन विश्वकर्मासमेतले उनको साथ छाडेका छन्।

१६८ सदस्यीय निवर्तमान केन्द्रीय कार्यसमितिमा देउवा पक्षका ८३ प्रतिशत थिए। विशेष महाधिवेशनपछि केन्द्रीय कमिटीका १११ जना आफूहरूसँग रहेको दाबी देउवा पक्षको थियो। तर, देउवा पक्षमा रहेका नेताहरू धमाधम संस्थापन पक्षतिर खुल्दै गएका छन्। १४औँ महाधिवेशनबाट निर्वाचित देउवा पक्षका अधिकांश पदाधिकारी संस्थापनतिर लागेका छन्।

कांग्रेसले १६-१९ असोजमा १५औँ महाधिवेशन गर्दै छ। देउवा पक्षले २१-२३ मंसिरमा १५औँ महाधिवेशन गर्ने कार्यतालिका ल्याएको छ। तर, देउवा पक्षका नेताहरू भने धमाधम संस्थापनतिर खुल्दै छन्। महाधिवेशनको कार्यतालिका रोक्न माग गर्दै सर्वोच्च अदालत गएका पूर्वउपसभापति खड्का पनि संस्थापनतिरै ढल्किएका छन्। तर, उनी अदालतमा निवेदन विचाराधीन रहेकाले महाधिवेशनमा भने सहभागी नहुने उनीपक्षीय नेताहरू दाबी गर्छन्। उनी पक्षका सबै नेताहरू संस्थापनतिर खुलिसकेका छन्।

१५औँ महाधिवेशन नजिकिएसँगै संस्थापनतिर तत्कालीन पदाधिकारीको संख्या बढेको छ। जबकि, विशेष महाधिवेशनमा तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माका साथै सहमहामन्त्री फर्मुल्लाह मन्सुर मात्रै थिए। १४औँ महाधिवेशनमा १३ पदाधिकारीमध्ये तत्कालीन संस्थापन पक्षबाट सभापतिमा देउवासहित आठजनाले जितेका थिए। उपसभापति खड्का, सहमहामन्त्रीहरू किशोरसिंह राठोर, भीष्मराज आङ्देम्बे, महालक्ष्मी उपाध्याय डिना, महेन्द्र यादव, फर्मुल्लाह मन्सुर र उमाकान्त चौधरी देउवा प्यानलबाट विजयी भएका थिए। कोषाध्यक्ष उमेश श्रेष्ठ पनि देउवा प्यानलबाट केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए।

डा. शेखर कोइरालाको प्यानलबाट उपसभापतिमा धनराज गुरुङ, महामन्त्रीमा गगन थापा तथा सहमहामन्त्रीद्वय जीवन परियार र बद्री पाण्डे विजयी भएका थिए। महामन्त्री विश्वप्रकाश शर्मा प्रकाशमान सिंह नेतृत्वको प्यानलबाट निर्वाचित भएका थिए।

गत महाधिवेशनमा आठ सहमहामन्त्रीमध्ये ६ जनाले देउवा पक्षबाट जितेका थिए। हाल आठ सहमहामन्त्रीमध्ये दुईजनाले मात्रै निर्णय गरिनसकेको नेताहरूले जानकारी गराएका छन्। आदिवासी जनजाति क्लस्टरबाट देउवा समूहबाट सहमहामन्त्रीमा निर्वाचित आङ्देम्बे हाल संस्थापन पक्षमा छन्। उनी प्रतिनिधिसभामा संसदीय दलको नेतासमेत छन्।

महिला क्लस्टरबाट सहमहामन्त्रीमा निर्वाचित डिना उपाध्यायले संस्थापनको महाधिवेशनमा भाग लिने भएकी छिन्। मुस्लिम क्लस्टरबाट सहमहामन्त्री बनेका मन्सुर विशेष महाधिवेशनमै सहभागी भएका थिए। विशेष महाधिवेशनको अगुवाइ गरेको भन्दै थापा र शर्मासहित मन्सुरलाई समेत तत्कालीन संस्थापन पक्षले साधारण सदस्यतासमेत नरहने गरी कारबाही गरेको थियो।

मधेशी क्लस्टरबाट निर्वाचित सहमहामन्त्रीमा महेन्द्र यादव पनि संस्थापनतिरै छन्। यादवले तत्कालीन महामन्त्री थापालाई काउन्टर दिने गरी नियमित महाधिवेशनको अर्को कार्यतालिका अघि सारेका थिए। थापाले गत फागुनको निर्वाचनपछि यादवले केन्द्रीय सदस्य मनोनीत गरेका थिए।

दलित क्लस्टबाट सहमहामन्त्री निर्वाचित नेता शेखर कोइरालानिकट जीवन परियार पनि संस्थापनतिरै छन्। उनलाई पनि थापाले निर्वाचनपछि यादवसँगै केन्द्रीय सदस्यमा मनोनीत गरेका थिए। खसआर्यबाट सहमहामन्त्रीमा निर्वाचित किशोरसिंह राठोरले पनि देउवाको साथ छाडेका छन्। शेखर कोइराला प्यानलबाट पिछडिएको भूगोलबाट सहमहामन्त्री निर्वाचित बद्री पाण्डे हालसम्म तटस्थ छन्। देउवासँग १४औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारीमा उमाकान्त चौधरी मात्रै छन्। उनी देउवा समूहबाट थारू क्लस्टरबाट निर्वाचित भएका थिए। उनी सिटौलानिकट हुन्।

कोशी, मधेश, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेश सभापति देउवा पक्षकै थिए। हाल सुदूरपश्चिम सभापति वीरबहादुर बलायर मात्रै देउवासँग छन्।

गत प्रतिनिधिसभाका प्रमुख सचेतक श्याम घिमिरे, सचेतक ईश्वरी न्यौपाने पनि संस्थापनतिर लागेका छन्। यस्तै, रामहरि खतिवडा, गोविन्द भट्टराई, उमेशजंग रायमाझी, सीता गुरुङ, ललितजंग शाही, प्रदीप सुनुवार, भीम पराजुलीलगायत पनि संस्थापनतिर खुलेका छन्। विशेष महाधिवेशनको विपक्षमा रहेका ४० भन्दा बढी नेता ३ असोजको वडा अधिवेशनमा सहभागी हुने नेता श्याम घिमिरे दाबी गर्छन्। 'कांग्रेस पार्टी र चारतारे झन्डा छाड्न सकिएन। हामी ३ असोजमा सुरु हुने वडा अधिवेशनमा सहभागी हुँदै छौँ। म पनि गृहजिल्ला सिन्धुली जाँदै छु,' घिमिरेले भने, 'अरू साथीहरू पनि छलफलमा हुनुहुन्छ।'

### १४औँ महाधिवेशनमा नेतृत्वका दाबेदार सबै बाहिरै

१४औँ महाधिवेशनबाट सभापतिमा निर्वाचित शेरबहादुर देउवा, निकटतम प्रतिद्वन्द्वी डा. शेखर कोइरालासहित प्रतिस्पर्धी विमलेन्द्र निधि, प्रकाशमान सिंह र कल्याण गुरुङ इतर पक्षमा छन्। १३औँ महाधिवेशनमा सभापतिमा उम्मेदवार बनेका कृष्णप्रसाद सिटौला पनि इतर पक्षमा छन्। त्यसका साथै पूर्वउपभापति सिंह, पूर्वमहामन्त्री सिटौला, डा. शशांक कोइराला, पूर्वसहमहामन्त्री डा. प्रकाशशरण महतलगायत नेताहरू इतर पक्षमा छन्। उनीहरू आगामी २१-२३ मंसिरमा छुट्टै महाधिवेशनको तयारीमा छन्। त्यसका लागि १५ असोजमा वडा अधिवेशनको गर्ने तयारी छ। तर, केन्द्रीय नेताहरूले नै धमाधम साथ छाडेकाले देउवा पक्ष दबाबमा परेको छ। ३-४ असोजसम्म केन्द्रीय नेताहरूको पोजिसन स्पष्ट हुने संस्थापन पक्षका नेताहरू बताउँछन्। केही सीमितबाहेक अधिकांश नेताहरू ३-४ असोजको वडा अधिवेशनमा सहभागी हुने दाबी संस्थापन पक्षको छ। उपसभापति धनराज गुरुङ र सहमहामन्त्री बद्री पाण्डे नेता शेखर कोइराला प्यानलका हुन्। कोइराला पनि तटस्थ छन्।

कांग्रेस केन्द्रीय समितिको बैठक बिहीबार बस्दैछ। १४औं महाधिवेशनबाट आएका पदाधिकारी र केन्द्रीय सदस्यहरूको समायोजनपछि सभापति थापाले बिहीबार केन्द्रीय समिति बैटक बोलाएका हुन्। देउवा समूह छाडेर आएका नेताहरूसमेत बिहीबारको बैठकमा सहभागी हुने भएका छन्। बैठकले १५औं महाधिवेशनबारे केही निर्णय गर्ने भएको छ।

# महँगीले 'अग्रगामी छलाङ' लगाएको भन्दै रास्वपाकै सांसदहरूको विरोध

## भोटेकोशी बाढीपछि विपत्तिको मौका छोपेर व्यवसायीले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको सांसदहरूको आरोप

नयाँ पत्रिका

दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूल, अन्डा, ग्यासलगायतको बढ्दो मूल्य नियन्त्रण गर्न सांसदहरूले सरकारको आलोचना गरेका छन्। मंगलबार र बुधबारको संसद् बैठकमा सांसदहरूले भोटेकोशी बाढीपछिको विपत्तिको मौका छोपेर व्यवसायीहरूले कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरेको बताएका हुन्। सत्तारुढ रास्वपाकै सांसदहरूले महँगी नियन्त्रण गर्न सरकार असफल बनेको आरोप लगाएका छन्।

बुधबारको बैठकमा कांग्रेस सांसद अर्जुननरसिंह केसीले त्रासदीपूर्ण बाढीपहिरोको आडमा आमजनतामाथि निर्लज्ज, अस्वाभाविक र निरंकुश मूल्यवृद्धि भइरहेकाले सरकार मौन बस्नु उपयुक्त नभएको बताए। 'संकटलाई नाफा कमाउने स्वर्णिम अवसरका रूपमा लिने र कालोबजारियाहरूले मौज्दातमा रहेको खाद्यान्नमा समेत आकाश छुने मूल्य बढाएका छन्,' उनले भने।

चामल प्रतिबोरा २७ सय, सूर्यमुखी तेल प्रतिलिटर तीन सय, तोरीको तेल ४६०, चिनी १४० र मासु १७ सय प्रतिकिलो, अन्डा प्रतिगोटा २५ पुगेको तथ्यांक उनले पेस गरेका थिए। 'फलफूल त सर्वसाधारणले किनेर खान सक्ने स्थिति छैन,' उनले भने, 'यो अस्वाभाविक बजार चक्र संकटको आडमा रचिएको घिनौना लुट हो। कानुनी अधिकारको दुहाइ दिँदै अनुगमनकारी निकायहरू मूकदर्शक र निरीह बन्नु सरकारको गैरजिम्मेवारीपन हो।'

रास्वपा सांसद
**रमेश प्रसाई** भन्छन्-



एकातिर देश विपत्ले छटपटाइरहेका वेला अर्कातिर बजार उद्दण्ड भयो, मेरै सरकारका पालामा महँगीले अग्रगामी छलाङ लगायो। प्याज, चिनी, चामल, तेललगायत हरेक चिजको भाउ बढ्यो। चिल्ला गाडी चढ्नेलाई फरक परेन, तर हामी सर्वसाधारण उपभोक्ताको ढाड सेक्यो।

विपत्का वेला नागरिकको चुलो बल्ने सुनिश्चित गर्नु राज्यको दायित्व भएकोतर्फ उनले ध्यानाकर्षण गराए। सरकारी निकायहरूको मौनताले जनताको आहतमा नुनचुक चर्कने काम मात्र गरिरहेको भन्दै जनताका दिनदिनकै समस्या समाधान गर्न सरकार मौन बस्नु कुनै पनि हालतमा ठिक नभएको उनको भनाइ थियो। 'सरकारले अविलम्ब बजारमा उच्चस्तरको अनुगमन गरी कलोबजारियालाई कडाभन्दा कडा कारबाही गर्दैन र आपूर्ति सहज बनाउँदैन भने पीडित जनता बाध्य भएर सडकमा आउनुपर्ने अवस्था बन्न सक्छ,' उनले भने।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद रमेश प्रसाईंले देश विपत्तिले छटपटाइरहका वेला बजारमा महँगी बढेको र सरकारले नियन्त्रण गर्न नसकेको बताए। 'एकातिर देश विपत्ले छटपटाइरहेका वेला अर्कातिर बजार उद्दण्ड भयो, मेरै सरकारका पालामा महँगीले अग्रगामी छलाङ लगायो,' उनले भने, 'प्याज, चिनी, चामल, तेललगायत हरेक चिजको भाउ बढ्यो। चिल्ला गाडी चढ्नेलाई फरक परेन, तर हामी सर्वसाधारण उपभोक्ताको ढाड सेक्यो।' उनले भर्खरै नियुक्त भएका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दीपक साहलाई नयाँ जोगीले धेरै खरानी घस्ने प्रवृत्ति त्यागेर कालोबजारी नियन्त्रण गर्न नयाँ किसिमको भूमिका निर्वाह गर्न सुझाव दिए।

मंगलबारको बैठकमा कांग्रेस सांसद सुशीला ढकालले महँगी बढेर नागरिकको भान्सा प्रभावित भएकाले नियन्त्रण गर्न सरकारले सबै संयन्त्र प्रयोग गर्नुपर्ने बताएकी थिइन्। सांसद ढकालले मूल्य नियन्त्रणको स्पष्ट खाकासमेत सार्वजनिक गर्न सरकारसँग आग्रह गरिन्।

रास्वपा सचेतक प्रकाश परियारले भोटेकोशी बाढीका कारण मुलुक नै विपत्मा रहेका वेला सीमित व्यवसायीले कृत्रिम रूपमा मूल्य बढाएका कारण सरकारले नियन्त्रण गर्नुपर्ने बताए।

संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिअन्तर्गत उपभोक्ता हित उपसमितिको संयोजकसमेत रहेका भण्डारीले बजारमा अनियन्त्रित रूपमा बजार भाउ बढेकाले स्थानीय तहसहित सरकारका संयन्त्रमार्फत प्रभावकारी अनुगमन हुनुपर्ने बताए। रास्वपा सांसद प्रभा कार्कीले धेरै कम्पनी हुँदा ग्यास सिलिन्डर सटहीमा उपभोक्तालाई सास्ती भएकोतर्फ सरकारको ध्यानाकर्षण गराइन्।

# भास्कुलरसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुँदै

**काठमाडौं**/ नेपालमा भास्कुलरसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ। आगामी ३ देखि ७ चैतसम्म काठमाडौंमा आयोजना हुने भास्कुलर समिटको दोस्रो संस्करण 'हिमभास, २०२७' मा भास्कुलर सर्जन, कार्डियाक सर्जन, कार्डियोलोजिस्ट, भास्कुलर फेलोज, कार्डियाक सर्जरी फेलोज, सर्जिकल रेसिडेन्स, नर्स प्राक्टिस्नर्स, फिजिसियन असिस्टेन्ट, नर्सलगायतको सहभागिता रहनेछ। सम्मेलनले नेपालको मेडिकल टुरिजमलाई उकास्ने र विदेशबाट समेत उपचार गर्न आउने बिरामीको संख्या बढ्न सक्ने अपेक्षासमेत राखिएको छ। बुधबार आयोजित पत्रकार सम्मेलनमा वरिष्ठ भास्कुलर सर्जन डा. सन्दीपराज पाण्डेयले नेपालका चिकित्सकीय अनुभव आदानप्रदान र मेडिकल टुरिजम विकासमा यसले मद्दत पुग्ने बताए। सम्मेलनमा सयभन्दा धेरै मुलुकका विज्ञ चिकित्सक तथा वैज्ञानिकहरूलाई आमन्त्रण गरिएको छ।

हालसम्म ६० भन्दा बढी देशले रजिस्ट्रेसन गरिसकेका छन्। 'हामीले तीन वर्षअघि गरेको सम्मेलनमा ४३ देशका विज्ञ चिकित्सकसहित कुल ३५० जनाको सहभागिता थियो।

# अमेरिकी कार्यवाहक राजदूतले भेटिन् प्रधानमन्त्री

**काठमाडौं**/ नेपालका लागि कार्यवाहक अमेरिकी राजदूत मेगन बोल्डिनले प्रधानमन्त्री बालेन्द्र शाहसँग शिष्टाचार भेट गरेकी छिन्। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार भएको भेटमा नेपालमा लगानीका लागि सहजीकरण गर्न अनुरोध गरेको उनको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री भएपछि उनको अमेरिकी कूटनीतिक अधिकारीसँग पहिलो द्विपक्षीय भेट यही हो। प्रधानमन्त्री शाहले विपत्को कठिन परिस्थितिमा नेपालप्रति अमेरिकी सरकारबाट व्यक्त ऐक्यबद्धता तथा सहयोगका लागि धन्यवाद दिएका छन्। प्रधानमन्त्रीले विपत्का कारण नेपालीसँगै विदेशी नागरिकसमेत प्रभावित भएको उल्लेख गरेका थिए।

प्रधानमन्त्री शाहले जलवायु परिवर्तनको असरस्वरूप भोटेकोशी घटनाको सामना गर्नुपरेको बताउँदै जलवायुजन्य विपत् जोखिम न्यूनीकरण तथा यसको प्रभाव सम्बोधन गर्न विश्वव्यापी सहकार्य र सामूहिक प्रयासलाई थप सुदृढ गर्नुपर्नेमा जोड दिएका थिए।

कार्यवाहक राजदूत बोल्डिनले रसुवामा आएको बाढीका कारण भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेकी थिइन्। यस कठिन घडीमा नेपाल सरकार र नेपाली जनताप्रति अमेरिकी सरकारको ऐक्यबद्धता रहेको उल्लेख गर्दै राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका प्रयासमा समेत आवश्यक सहयोग र सहकार्य गर्न अमेरिकी सरकार तत्पर रहेको जानकारी दिएकी छिन्।

# अब संघीय संसद्का सबै काम डिजिटल प्लाटफर्ममा

## मोबाइलबाटै सांसदको हाजिरीलगायतका विवरण लाइभ हेर्न पाइने

**कमलराज भट्ट**/नयाँ पत्रिका

संघीय संसद् सचिवालयले डिजिटल पार्लियामेन्ट प्लाटफर्म परीक्षण सञ्चालनमा ल्याएको छ। प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल र राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले बुधबार संयुक्त रूपमा प्लाटफर्मको शुभारम्भ गरेका हुन्।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार संसदीय सूचना, सेवा, अभिलेख तथा गतिविधिलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र सहज पहुँचयोग्य बनाउने उद्देश्यले डिजिटल पार्लियामेन्ट प्लाटफर्म डिजिजिट.पार्लियामेन्ट.जिओभी.एनपी सञ्चालनमा ल्याइएको हो। संसद् सचिवालयमा हाल प्रयोगमा रहेका वेबसाइट तथा संसदीय कामकारबाहीसँग सम्बन्धित विभिन्न प्रणालीलाई एकीकृत गर्दै थप प्रभावकारी, सुरक्षित र प्रविधिमैत्री बनाउने उद्देश्यले यो पहल अघि बढाइएको हो। विभिन्न मुलुकमा प्रचलित डिजिटल संसदीय अभ्याससमेतका आधारमा नेपालको संघीय संसद्लाई डिजिटल रूपान्तरणको दिशामा अघि बढाउने सचिवालयको लक्ष्य रहेको प्रवक्ता गिरीले बताए।

डिजिटल पार्लियामेन्ट परियोजना समन्वय एवं सहजीकरण समितिका संयोजक विशाल सापकोटाका अनुसार डिजिटल पार्लियामेन्ट प्लाटफर्ममार्फत संघीय संसद्का प्रशासनिक, व्यवस्थापकीय तथा विधायिकी कार्यलाई डिजिटल प्रणालीमा आबद्ध गरी सूचना, अभिलेख र गतिविधिको व्यवस्थित, सुरक्षित तथा सहज व्यवस्थापन गरिनेछ। यसबाट संसद्को पारदर्शिता, जवाफदेहिता र कार्यक्षमतामा थप सुधार भई सुशासन प्रवर्द्धनमा योगदान पुग्ने उनको भनाइ छ।

सांसदहरूको एकीकृत डिजिटल अभिलेख तयार गरिनेछ। यसअन्तर्गत सांसदको प्रोफाइल, राजनीतिक दल, निर्वाचन क्षेत्र, प्रदेश, सदन तथा अन्य आवश्यक विवरण व्यवस्थापन गरिनेछ। बायोमेट्रिक र नियर फिल्ड कम्युनिकेसन (एनएफसी) पहिचानसम्बन्धी विवरणसमेत सुरक्षित रूपमा व्यवस्थापन गरिने संयोजक सापकोटाले बताए। प्लाटफर्ममार्फत दुवै सदन तथा समितिका बैठकमा स्वचालित विद्युतीय हाजिरी प्रणाली लागू गरिनुका साथै उपस्थिति/अनुपस्थिति, बिदा/ढिला उपस्थितिको विवरण अभिलेखीकरण गरी आवश्यक प्रतिवेदन तयार गर्न सकिने सापकोटा



बताउँछन्।यसैगरी, सदन तथा समितिका बैठकको मिति, समय, स्थान र कार्यसूची व्यवस्थापन गरिनेछ। बैठकसम्बन्धी सूचना, कागजात तथा कार्यविवरण डिजिटल रूपमा वितरण गरिनुका साथै बैठकको अवस्था (जस्तै : बैठक निर्धारणसम्बन्धी सूचना, सञ्चालनको अवस्था स्थगित वा सम्पन्न रहेको) अद्यावधिक गर्न सकिनेछ। सरकारी तथा गैरसरकारी विधेयकको डिजिटल दर्ता गरी विशिष्ट पहिचान नम्बर प्रदान गरिनेछ। विधेयक प्रस्तुत भएदेखि पारित वा अन्य अवस्थासम्मको प्रगति अनुगमन गर्न सकिनेछ। सदनमा सांसदहरूले व्यक्त गरेका विचार धारणा विषयगत र सदस्यगत रूपमा अभिलेखीकरण गरिनेछ। त्यस्ता अभिव्यक्तिलाई सम्बन्धित बैठक तथा भिडियोको समयसँग आबद्ध गरी सदस्य, विधेयक र विषयका आधारमा वर्गीकरण गर्न सकिनेछ।

### प्रविधिमैत्री संसद्का लागि सबैको अपनत्व जरुरी : सभामुख

'डिजिटल पार्लियामेन्ट प्लाटफर्म'को परीक्षण सञ्चालनको औपचारिक उद्घाटन गर्दै सभामुख डोलप्रसाद अर्यालले संसद्लाई प्रविधिमैत्री बनाउनु आजको आवश्यकता भएको बताए। 'यो हाम्रो चाहना मात्र होइन, आजको आवश्यकता हो। विश्व तीव्र गतिमा प्रविधिको युगमा प्रवेश गरिरहेको छ। अब थप ढिला गर्नुहुँदैन,' उनले भने। सभामुख अर्यालले डिजिटल पार्लियामेन्टमार्फत संसद्सँग सम्बन्धित सूचना, दस्तावेज, गतिविधि तथा ऐतिहासिक अभिलेखलाई एकीकृत डिजिटल प्रणालीमा व्यवस्थापन गरिने बताए। नेपालको संसदीय इतिहाससँग सम्बन्धित पुराना दस्तावेज तथा अभिलेख खोजी गरी सम्भव भएसम्म डिजिटलाइज गर्ने लक्ष्य रहेको उनले बताए।

राष्ट्रिय सभाका अध्यक्ष नारायणप्रसाद दाहालले डिजिटल पार्लियामेन्ट प्लाटफर्मको परीक्षण सञ्चालनको सफलताको शुभकामना व्यक्त गरे। उनले यसलाई संघीय संसद्को डिजिटल रूपान्तरण यात्राको महत्त्वपूर्ण सुरुवातका रूपमा उल्लेख गरे। डिजिटल प्रणालीले संसदीय कामलाई छिटो, सुरक्षित, पारदर्शी र प्रभावकारी बनाउन योगदान पुऱ्याउने विश्वास व्यक्त गरे। दाहालले व्यवस्थापकीय, विधायिकी तथा प्रशासनिक कार्यलाई एकीकृत डिजिटल प्रणालीमा आबद्ध गर्नुपर्नेमा जोड दिए। सूचना तथा अभिलेखलाई व्यवस्थित र सहज पहुँचयोग्य बनाउनुपर्ने उनको भनाइ थियो।


## हिमालयन बैंक लिमिटेडको धितोमा रहेको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको १५ दिने सूचना!

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋणको यस बैंकसंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दैदस्तुर आदि चुक्ता भूक्तान गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गरिएको एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी विभिन्न मितिमा राष्ट्रिय दैनिकमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आउन सूचित गर्दा समेत ऋण चुक्ता गर्न नआउनु भएकोले, बैंकको नाममा धितोबन्धक लेखिदिएको तससिल बमोजिमको चल अचल सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुलाई बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपुर्वक भरी बोलपत्रमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र बैंकको तपसिलमा उल्लेखित स्थानमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिन्छ । साथै ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत जमानतकर्ता तथा संस्थागत जमानीकर्ता एवं सम्बद्ध सबैलाई धितो दिएको सम्पति लिलाम बिक्री हुने व्यहोरा यसै सुचनाद्वारा सूचित गरिन्छ । प्रकाशित सूचनाको म्यादभित्र ऋणी, व्यक्ति, फर्म, कम्पनी, सोका प्रोप्राइटर, संचालक, व्यक्तिगत तथा संस्थागत जमानतकर्ताले ऋण चुक्ता गर्न नआए धितो लिलामीको प्रक्रिया अगाडि बढाइनेछ। बोलपत्र खोलिने दिन ऋणी, बोलपत्रदाता उपस्थित नभए पनि बोलपत्र खोली धितो लिलाम बिक्रीको प्रक्रिया अगाडि बढाउन कुनै बाधा पर्ने छैन। साथै बोलपत्र प्राप्त भई वा नभई धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुनको अधिनमा रही बैंकले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलाम भई वा नभई वा गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार भई वा नभई बैंकको लेना रकम असुल उपर हुन नसके बाँकी रहेको रकम बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम असुलीको कारबाही अगाडी बढाउने व्यहोरा समेत पूर्वजानकारीको लागि सूचित गरिन्छ।

### तपसिल

| ऋणीको नाम | धितो विवरण |
|---|---|
| **शाखा कार्यालय: सि.टि.सि. शाखा, सुन्धारा काठमाण्डौं** | |
| १. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा दर्ता नं. १६००७५/०७३/०७४ कायम भई मिति २०७३/०८/३० मा दर्ता भएको **सिटौला मार्केटिङ्ग प्रा. लि.(ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **हरि सिटौला**<br>व्यक्तिगत जमानी दिने: **सर्मिला सिटौला र अशिम सिटौला** | १. ऋणी **सिटौला मार्केटिङ्ग प्रा. लि.** नाममा दर्ता रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ५ सिट नं. १०२१०६६०४ स्थित कित्ता नं. २७ को क्षेत्रफल ५६४.३८ वर्ग मिटर घरजग्गा समेत ।<br>२. धनपति सिटौलाकी बुहारी बसुलोचन सापकोटाकी छोरी हरि सिटौलाकी पत्नी काठमाण्डौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ७ बस्ने **सर्मिला सिटौलाको** नाममा दर्ता रहेको काठमाण्डौं जिल्ला खड्का भद्रकाली गा.वि.स. वडा नं. १ (हाल परिवर्तित बुढानिलकण्ठ न.पा. वडा नं. ७) सिट नं. १०२/०९०७-०५ स्थित कित्ता नं. ३३ को क्षेत्रफल ५११.२० वर्ग मिटर घरजग्गा समेत ।<br>पूनश्च: माथि क्र.सं. २ मा उल्लेखित धितो ऋणी हरि सिटौला र सर्मिला सिटौलाले उपभोग गरेको संयुक्त कर्जाको लागि समेत बैंकको आन्तरिक ऋण कर्जा तमसुकद्वारा सुरक्षण कायम रहेको छ। |
| २. वाणिज्य विभागमा प्रा.फ.र.न. ६५२४६/०६०/६१ स.पा.आ.नि. कायम भई मिति २०६०/११/११ मा दर्ता भएको<br>**ए. एण्ड ए मार्केटिङ्ग (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **हरि सिटौला**<br>व्यक्तिगत जमानी दिने: **सर्मिला सिटौला र अशिम सिटौला**<br>**यसअघि प्रकाशित सूचना**:<br>मिति २०८२।०७।१४ को कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना । | |

**बोलपत्रका शर्तहरु :**
१. बोलपत्र फारम यस बैंकको तपसिलमा उल्लेखित शाखाबाट, कार्यालय समयभित्र रु.१०००/- तिरी खरिद गरी लिन सकिनेछ ।
२. बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र पेश गर्ने स्थान | बोलपत्र खोलिने स्थान |
|---|---|---|---|
| २०८३/०६/१५<br>कार्यालय समय सम्म | २०८३/०६/१९<br>अपरान्ह २:०० बजे | सम्बन्धित शाखा, कार्यालय | सम्बन्धित शाखा, कार्यालय |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**

# भोटेकोशीको प्रलयकारी बाढी र जलवायुजन्य जोखिम

## भोटेकोशी बाढीलाई अकाट्य तथ्य-तथ्यांकसाथ प्रस्तुत गरी जलवायु न्याय पाएको उदाहरण बनाउन सके जलवायु परिवर्तनबाट प्रभावित अन्य मुलुकलाई सजिलो हुनेछ



● डा. केदारनरसिंह केसी

अग्रलेख

भदौ १० गते (२६ अगस्ट २०२६) मा भोटेकोशी/त्रिशूली नदीमा आएको विनाशकारी बाढीबारे हालसम्म विभिन्न वास्तविकता सार्वजनिक हुने क्रम जारी छ। मनसुनी हावापानी प्रणालीमा सधैँ हुने गरेको अत्यधिक वर्षा, बाढी, पहिरो र जनधनको क्षतिसँग यो प्रलयकारी बाढीको तुलना हुनै सक्दैन। विनाशलीला र प्रलयशक्तिलाई विचार गर्दै विज्ञहरूले यसलाई 'हिमाली सुनामी' नाम दिएका छन्। विभिन्न वैज्ञानिक र विज्ञले दिएको साझा निष्कर्षमा के देखिन्छ भने, 'ल्हेन्दे खोलाको माथिल्लो जलाधार लाङटाङ लिरुङ हिमालको उत्तरी ढालको लगभग पाँच हजार २०० मिटर उचाइ क्षेत्र रहेको स्थानमा कमजोर भौगर्भिक धरातलका कारण बरफसहितको चट्टानी पहिरो गयो। लगभग बिस करोड क्युबिक मिटर बरफ र चट्टान एक हजार २०० मिटर तल बजारिँदा चट्टान छियाछिया भयो, घर्षणले बरफ पग्लियो र ढुंगासहितको लेदो बाढीमा परिणत भयो।'

केरुङ क्षेत्र (तिब्बत) बाट बगेर आउने भोटेकोशी र त्रिशूलीदेखि नारायणी नदीसम्मको तटीय क्षेत्रका भूभाग, रसुवा जिल्लाका गोसाइँकुण्ड गापाको टिमुरे, स्याफ्रुबेसी क्षेत्र, आमछोदिङ्मो गापाका हाकुबेसी र चिलिमे, उत्तरगया गापाका तिलो, खाल्टे, मैलुङ, कैलेलीटार र वेत्रावती क्षेत्र तहसनहस भएका छन्। नुवाकोट जिल्लाका किस्पाङ गापाको अर्चले, शान्तिबजार, विदुर नपाका वेत्रावती, तुप्चे, त्रिशूलीबजार, ढुंगे, देवीघाट, कुमालटारलगायत क्षेत्र, तारकेश्वर गापाका बुधसिङघाट, तारुकाबेसीलगायत क्षेत्र, बेलकोटगढी नपाको वडा नं. ५, ६, ७ अन्तर्गतका क्षेत्र अत्यधिक प्रभावित छन्। धादिङ जिल्लाका गल्छी गापा, गजुरी गापाको बेनीघाट र रोराङ गापाका क्षेत्रहरू, गोरखाको गण्डकी गापामा पर्ने त्रिशूली र बुढीगण्डकीको दोभानवरपरका तटीय क्षेत्र, चितवनको इच्छाकामना गापाअन्तर्गत मुग्लिन, कुरिनघाट क्षेत्र, भरतपुर मनपाको नारायणी नदीतटीय क्षेत्र र नवलपरासीको बर्दघाट, सुस्तापूर्व, देवचुली नपा, गैँडाकोट नपा, कावासोती नपा, विनयी, त्रिवेणी गापा पनि प्रभावित भएका छन्। यीमध्ये रसुवा, नुवाकोट, धादिङका त्रिशूली नदीका तटवर्ती भूभागमा बसोवास गर्ने गृहस्थी, व्यवसायी, कर्मचारीलगायत सरकारी तथा गैरसरकारी संघसंस्था, विद्यालय आदिमा अकल्पनीय क्षति भएको छ।

प्राकृतिक प्रलयको कठोरता यतिसम्म हुँदो रहेछ भन्ने अनुभव कहिल्यै गरिएको थिएन। यो बाढीबाट प्रभावित क्षेत्रका पारिवारिक संरचना र जीवन-पद्धति तहसनहस भयो। हजारौँ परिवारका सदस्य बाढीमा हराए। कसैले सम्पूर्ण सदस्य गुमाएर एक्लो रूपमा बाँच्नुपर्ने कठोरतम र कहालीलाग्दो अवस्था सिर्जना भयो। कतिपयका परिवार सुरक्षित भए पनि सर्वस्व गुमाएर मानसिक विचलन हुने परिस्थितिमा पुगे। एकै सेकेन्डको अवधिमा अर्बपतिहरू झन्डै शून्यको अवस्थामा झरे। कति अबोध बालबालिका अनिश्चित भविष्यको भूमरीमा परे भने कैयौँ अभिभावक सन्तानविहीन अवस्थामा पुगे। सुत्केरी, बिरामी, अशक्त, वृद्धवृद्धाको दैनिक जीवन कल्पनै गर्न नसकिने कष्टकर भयो।

नेपालमा पाँच हजार फिटभन्दा माथि पर्ने हिमालय क्षेत्र कुल भूभागको २३ प्रतिशत छ। हिमालय क्षेत्रमा विश्वको औसत तापक्रम निकै गुणा बढिरहेको अध्ययन प्रतिवेदनमा दर्साउँदै सोहीअनुसार वैज्ञानिकहरूले चेतावनी दिइरहेका छन्। हिमालय सेरोफेरोका मुलुकमा बसोवास गरिरहेका दुई अर्ब जनता यसको प्रत्यक्ष असर भोग्दै छन्। सन् २००७ मा प्रकाशित एउटा विदेशी वैज्ञानिक तथ्यांकले त सन् २०३५ सम्ममा सम्पूर्ण हिमाली क्षेत्रको हिउँ पग्लिसक्छ भनिदिएर तहल्कै मच्चाएको थियो। विश्व तापक्रममा डेड डिग्री सेल्सियस (२.७ डिग्री फरेनहाइट) बढ्यो भने पनि आँधिबेहरी, डढेलो, खडेरी, तातो हावा, बाढीजस्ता आश्चर्यजनक र सोचेभन्दा ठुलो उथलपुथल र क्षति उत्पन्न हुन्छ भनी सन् २०१८ अक्टोबरको सुरुमा दक्षिण कोरियाको इन्चेनमा जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी कार्यदल (आइपिसिसी)ले सम्बन्धित ६ हजार अध्ययनका आधारमा तयार पारेको र अहिलेसम्मको सबभन्दा आधिकारिक तथा वैज्ञानिक मानिएको विस्तृत प्रतिवेदनमा उल्लेख छ। यसलाई नेपालसहित अमेरिकासम्म १९५ मुलुकले स्विकारेका छन्।

पृथ्वीका विभिन्न क्षेत्रमा विभिन्न प्रकारका जलवायु प्रणाली क्रियाशील छन्। तर, वैज्ञानिक भ्लादिमिर कोपेनद्वारा वर्गीकृत मुख्य पाँच समूह र विभिन्न उपसमूहका जलवायु सबभन्दा व्यापक स्वीकार्य छन्। आज यी सबै जलवायु प्रणालीमा गम्भीर गडबडी र विध्वंसकारी परिवर्तन भइरहेको छ, तापक्रम र जनधनको क्षति बढिरहेको छ। एसियाली मुलुक बाढीपहिरो, डुबानका पानीजन्य खतराको चपेटामा परेका छन् भने युरोप अत्यधिक गर्मीको चपेटामा पर्नुका साथै डढेलो, नदी तथा तालतलैया सुक्दै गएको अवस्थाले आक्रान्त छ। भोटेकोशी बाढीलाई विकसित मुलुक र सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्थाले कुन रूपमा सम्बोधन गरी जलवायु न्याय दिने हुन् भनी कुतूहलसाथ सर्वत्र हेरिँदै छ। बितेको एक दशकलाई मात्र हेर्दा पनि नेपालले यस अवधिमा जलवायुजन्य उथलपुथलका कारण विभिन्न अस्वाभाविक बाढीपहिरोलगायत प्राकृतिक प्रकोपको सामना गर्दै आएको छ। २०६९ वैशाख २२ गते पोखरामा सेती नदीको बाढी, २०७१ साउन १७ गते सिन्धुपाल्चोकको जुरे पहिरो र बाढी,




२०७८ असार १ गते सिन्धुपाल्चोकको मेलम्चीमा पहिरो र लेदोसहितको बाढी, २०८१ साउन ३२ गते सोलुखुम्बुमा थामेमा बाढी, २०८२ जेठ १ गते हुम्लामा तिला नदीको बाढी र १३ महिनाअघि २०८२ असार २४ गते रसुवाको भोटेकोशी बाढी आदिलाई दृष्टिगत गर्दा सरोकारवाला सबैले यसको समाधानतर्फ गम्भीर रूपमा मनन गरी यसतर्फ आवश्यक कदम चाल्न ढिलो भइसकेको देखिन्छ।

सयौँ वर्षदेखि नेपाल यस्ता प्राकृतिक प्रकोपसँग संघर्ष गर्दै आएको छ। तर, राज्यव्यवस्था र सरकारको व्यवस्थापन एवं कार्यशैली यति निकृष्ट र भरोसारहित रहेछ कि प्राकृतिक प्रकोपबाट पीडित जनताका नाममा विदेशबाट आएका सामग्रीको समेत तत्काल न्यायोचित र प्रभावकारी वितरणका लागि व्यवस्थित र भरपर्दो जनसेवी संयन्त्रसमेत हामीले बनाउन सकेका रहेनछौँ। मोटर सुविधा पुग्ने स्थानवरिपरिका जनताले जति राहत र सेवा पाएका छन्, यातायात सुविधा नभएको तुलनात्मक विकट स्थानका पीडित र वाणीविहीन बासिन्दा संकटको वेलामा पनि बढी ठगिएका छन्।

> बाढी प्रभावित जिल्लाका मोटर सुविधा पुग्ने स्थानवरिपरिका जनताले जति राहत र सेवा पाएका छन्, यातायात सुविधा नभएको तुलनात्मक विकट स्थानका पीडित र वाणीविहीन बासिन्दा संकटको वेलामा पनि बढी ठगिएका छन्

बाढीबाट सरकारी आँकडाकै आधारमा पनि ठुलो मानवीय क्षति भएको देखिन्छ। तथापि, सरकारी आँकडाभन्दा निकै ठुलो संख्यामा मानवीय क्षति भएको स्थानीय अनुमान छ। आर्थिक क्षेत्रमा देखिएको नोक्सानी १५ खर्बभन्दा माथि पुग्ने अनुमान गरिएको छ भने निजी क्षेत्रको हानि मात्र पाँच खर्बभन्दा माथि पुग्ने अनुमान छ। अर्कातर्फ मृतक र बेपत्ता व्यक्तिको आकलन गर्ने हो भने २० हजारभन्दा माथि हुन सक्ने स्थानीयवासीको अनुमान छ। ३५ सयभन्दा धेरै पीडितले उद्धारस्थल (होल्डिङ सेन्टर)मा आश्रय लिइरहेका छन्। तीमध्ये कतिपय प्रदेश एवं स्थानीय सरकारको सहयोगपछि होल्डिङ सेन्टरबाट बिस्तारै आफ्नो निजी व्यवस्थापनमा अन्यत्र सर्दै छन्। सात हजार ५७० घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने घरधुरीका आधारमा करिब ३३ हजार जनता प्रत्यक्ष प्रभावित भएका छन्। चीनमा अड्किएका थप १५५ नेपाली (१०९ पुरुष र ४६ महिला) भएको जानकारी चिनियाँ पक्षले दिएकोमा हाल उनीहरू फर्किसकेका छन्। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका हजारौँ सुरक्षाकर्मी हेलिकोप्टर र भारी उपकरणसहित निरन्तर खोज, उद्धार तथा सडक सञ्जाल पुनः सञ्चालन गर्न खटिएका छन्।

४८ सरकारी संरचना (३५ मा पूर्ण र १३ वटामा आंशिक) क्षतिग्रस्त, १८ विद्यालयमध्ये ११ वटा पूर्ण र सातवटामा आंशिक क्षति भएको तथ्यांक सातवटा स्वास्थ्य संस्थामध्ये चारवटामा पूर्ण र तीनवटामा आंशिक क्षति भएको छ। १७ वटा बैंकका शाखा बाढीमा बगे। ५६ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। ३७ वटा मोटर चल्ने र ६८ झोलुंगे पुल ध्वस्त भए। १३ जलविद्युत् आयोजना र एक सोलार प्लान्टसमेत गरी ७८३ मेगावाट विद्युत् उत्पादन र दुई प्रसारण लाइनमा क्षति पुगेकाले ऊर्जा आपूर्तिमा दीर्घकालीन असर पुग्ने देखिएको छ। बाढीले एक हजार ८०६ हेक्टर कृषियोग्य जमिनमा असर पुऱ्याएकाले करिब सात हजार ६८६ मेट्रिकटन अन्न उत्पादनमा ह्रास आउने विज्ञहरूको भनाइ सुनिन्छ। उल्लिखित पाँच जिल्लामा पशुपक्षी तथा कुखुरापालन व्यवसायमा पनि ठुलो क्षति भएको छ।

२०६६ मंसिर १९ गते नेपालले सगरमाथा आधार शिविरस्थित कालापत्थरमा मन्त्रिपरिषद्को बैठक गरी जलवायु परिवर्तनबारे १० बुँदे सगरमाथा घोषणापत्र जारी गरेको थियो। जलवायु परिवर्तनले पर्वतीय देशमा पारेको असरबारे विश्वलाई ध्यानाकर्षित गराउँदै विश्वका अन्य मुलुकसित सहकार्य गर्ने प्रतिबद्धता लिएको थियो। हिन्द महासागरस्थित टापुराष्ट्र माल्दिभ्सले चाहिँ समुद्रमुनि मन्त्रिपरिषद्को बैठक राखी विश्वको ध्यान आकर्षित गरेको थियो। २०८२ जेठ २ गतेदेखि भएको सगरमाथा संवाद अन्तर्राष्ट्रिय सम्मेलनले जारी गरेको २५ बुँदे घोषणापत्रमा जलवायु परिवर्तन र हिमाली क्षेत्रको संरक्षणका विषय समावेश गरिएका थिए। साथै, तापक्रमको सीमा १.५ डिग्री सेल्सियसमा कायम राख्न र विकासोन्मुख देशलाई सहयोगका लागि जोड दिँदै विभिन्न उपाय प्रस्तुत गरिएको थियो।

२०८० कात्तिकको मध्यतिर राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले नेपालको चारदिने भ्रमण गरी जलवायु समस्यामा नेपाल र हिमालयले भोगिरहेको गम्भीर असरबारे विश्व समुदायको ध्यान खिचेर समाधान गर्न 'यो पागलपन रोक'जस्ता चेतावनीयुक्त आवाज उठाई नेपाललाई हौसला दिनुभएको थियो। यस्ता कार्यक्रम भइरहे पनि कार्यक्रम सकिनासाथ हाम्रो सनातनी उदासीनता र अकर्मण्यताका कारण 'जलवायु अन्याय' भोग्नुपरिरहेको नेपालले ठोस पहल, कूटनीतिक प्रयास र अभियानलाई कहिल्यै प्रभावकारी तरिकाले सञ्चालन गर्न सकेन।

राहत सामग्री र उद्धार कोषमा जम्मा भएको सहायता रकम हेरेर समाधानको उपाय निकाल्न सकिन्न। नेपालले भोटेकोशी बाढीलाई अकाट्य तथ्य-तथ्यांकका साथ प्रस्तुत गरी जलवायु न्याय पाएको उदाहरण बनायो भने अन्य हावापानी प्रणालीबाट प्रभावित मुलुक र जनताले पनि त्यस्तै न्याय पाउन सम्भव हुन्थ्यो भन्ने विश्व समुदायको विश्वास छ। विश्वासको यो भावनालाई नेपालले शक्तिको स्रोत र अवसरका रूपमा उपयोग गर्दै दरिलो एवं प्रभावकारी कूटनीतिक प्रयासद्वारा जलवायु न्यायबाटै पुनर्निर्माण र नयाँ जीवन सम्भव तुल्याउनुपर्छ। यसका लागि देशभित्र राष्ट्रिय एकता र सहकार्यको वातावरण बनाउने जिम्मेवारी सरकारको हो। क्षति तथा नोक्सानी सम्बोधन कोष (फन्ड फर रेस्पोन्डिङ लस एन्ड ड्यामेज, एफआरएलडी) नामक जलवायु तथा प्राकृतिक विपत्तिसम्बन्धी अन्तर्राष्ट्रिय कोषले नेपाललाई तत्काल दुई अर्ब अमेरिकी डलरको सहायताको प्रक्रिया थालनी गरेको छ। पुनर्निर्माणका लागि न्यूनतम आठ खर्ब रुपैयाँको खाँचो भएको अवस्थामा तीन अर्ब रुपैयाँ नगण्य हो, तर सहायता प्रारम्भ हुनुलाई स्वागतयोग्य मान्नुपर्छ। नेपाल पूर्णतया निर्दोष रहँदारहँदै जलवायु अन्यायको असाधारण मार र सर्वनाश भोग्नुपरेको परिवेशमा जलवायु न्याय भनेको पुनर्निर्माणको सम्पूर्ण दायित्व जलवायु बिथोल्नमा जिम्मेवार रहेका पक्षबाट व्यहोर्नुपर्छ भन्ने नै हो।

*(नुवाकोटनिवासी डा. केसी कांग्रेस केन्द्रीय सदस्य हुन्)*

---

## ३ प्रश्न

नेपाली कांग्रेसकी केन्द्रीय सदस्य **विनिता खड्कालाई**



**सभापति गगन थापा र निवर्तमान सभापति शेरबहादुर देउवाको अलगअलग अपिलपछि कांग्रेस फुट्न लागेको हो ?**

लोकतान्त्रिक पार्टीभित्र विचार, नेतृत्व र कार्यशैलीका विषयमा मतभिन्नता हुनु स्वाभाविक हो। लोकतान्त्रिक पार्टीभित्र फरक धारणा आउनुलाई कमजोरीका रूपमा लिनु हुँदैन। तर, अहिलेको चुनौती भनेको मतभिन्नतालाई विभाजनमा परिणत हुन नदिनु हो। हामी सबैले कांग्रेसलाई अझ बलियो, एकताबद्ध र जनमुखी बनाउनुपर्छ। सभापति गगन थापा र निवर्तमान सभापति शेरबहादुर देउवा दुवै कांग्रेसकै महत्त्वपूर्ण नेतृत्व हुनुहुन्छ। त्यसैले, व्यक्तिगत वा गुटगत आग्रहभन्दा माथि उठेर संवाद र सहमतिका माध्यमबाट समस्याको समाधान खोजिनुपर्छ। कांग्रेस फुट्ने होइन, अझ व्यवस्थित र एकताबद्ध भएर अघि बढ्नुपर्छ।

**अबको कांग्रेसमा नीतिगत हस्तक्षेप गर्न सक्ने स्थानमै पुग्न सक्लान् त युवा ?**

वडादेखि केन्द्रसम्म युवाको प्रतिनिधित्व सुनिश्चित हुनु आफैँमा ठुलो उपलब्धि हो। तर, संख्या बढाएर मात्र पुग्दैन। युवाले पार्टीको नीति निर्माण, संगठन सञ्चालन, उम्मेदवार छनोट र देशका समसामयिक मुद्दामा आफ्नो धारणा प्रभावकारी रूपमा राख्ने र नीतिगत हस्तक्षेप गर्न सक्ने अवस्था सिर्जना हुनुपर्छ। अबका दिनमा युवालाई सुन्ने मात्र होइन, युवासँगै बसेर नीति बनाउने कांग्रेस आवश्यक छ। युवाको सहभागिता केवल प्रतिनिधित्वमा सीमित नभई नीतिगत नेतृत्व र निर्णय प्रक्रियासम्मै पुग्नुपर्छ।

**अब नेपाली कांग्रेसको प्राथमिकता के हुनुपर्छ ?**

आन्तरिक एकता, संगठन सुदृढीकरण र जनताको विश्वास पुनः मजबुत बनाउनु नै कांग्रेसको पहिलो प्राथमिकता हुनुपर्छ। हामीले पद र गुटको बहस मात्र गरेर हुँदैन। कांग्रेसले जनताका वास्तविक समस्या समाधान गर्ने स्पष्ट एजेन्डा दिनुपर्छ। विशेषगरी पाँचवटा विषयलाई प्राथमिकता दिनुपर्छ। पहिलो- सुशासन र भ्रष्टाचार नियन्त्रण, दोस्रो- युवाका लागि रोजगारी र अवसर, तेस्रो- आर्थिक विकास र उद्यमशीलता, चौथो- संगठनको पुनर्जागरण र पाँचौँ- पुस्तान्तरणसँगै पुस्ताबिचको सहकार्य नै अहिलेको आवश्यकता हो। नयाँ पुस्तालाई अगाडि ल्याउँदा पुरानो पुस्ताको अनुभवलाई अस्वीकार गर्ने होइन, पुरानाको अनुभव र नयाँको ऊर्जाको संयोजनबाट कांग्रेसलाई नयाँ उचाइमा पुऱ्याउनुपर्छ।

---

प्रेरक प्रसंग

## हाप्सिलोको हाँसो र सिंहको सिकार

सेरा नामको एक सिंहले भर्खरै सिकार गर्न सुरु गरेको थियो। तर, ऊ एकपछि अर्को सिकारमा असफल भइरहेको थियो। उसको असफलतामा हाप्सिला (हाइना)हरू हाँसेर खिल्ली उडाउँथे। यसले गर्दा सेरा निकै दुःखी थियो। हाप्सिलाहरूले आफ्नो खिल्ली उडाउँदा सेरा गर्जेर उनीहरूलाई तर्साउने प्रयास त गर्थ्यो, तर बदमास हाप्सिलाहरू झनै जोडतोडले हाँसेर सेरालाई गिज्याउँथे। सेराका समूहका सिंहहरू उसलाई हाप्सिलामाथि ध्यान नदिन सल्लाह दिन्थे, तर ऊ जबजब सिकार गर्न जान्थ्यो, तबतब तिनै हाप्सिलाहरूको हाँसो उसको कानमा गुन्जिरहन्थ्यो।



दिनदिनैको असफलता र हाप्सिलाहरूको हाँसोले सेराले आफूलाई साँच्चैको असफल सिकारी ठान्न थाल्यो। जसले गर्दा निराश भएर ऊ अब सिकारको प्रयास नै नगर्ने विषयमा सोच्न थाल्यो। यो कुरा सेराकी आमाले थाहा पाई। ऊ आफ्नो समूहकी सबैभन्दा सफल सिकारी मानिन्थी। उसले एक रात सेरालाई बोलाई र भनी- सिकारका केही प्रयासमा असफल भयौ भन्दैमा तिमी निराश नबन। हामी सबै यो अवस्थाबाट गुज्रिएका छौँ। म पनि कैयौँपटक असफल भएकी थिएँ। सानोतिनो सिकारसमेत गर्न सक्दिनथेँ।

हाप्सिलाहरू ममाथि पनि खुब हाँस्थे। त्यतिखेर मैले सिकार गर्न छाडिदिने हो भने ती हाप्सिलाहरूकै जित हुनेछ भन्ने बुझेँ। त्यसैले, तिमी पनि खुब मन लगाएर सिकारका लागि एकपछि अर्को कोसिस जारी राख, अवश्य पनि तिमी एक दिन कुशल सिकारी बन्नेछौ। अनि, अहिले तिमीमाथि हाँस्ने हाप्सिलाहरू हाँस्नु त के तिम्रो वरिपरि आउनसमेत सक्नेछैनन्।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## पूर्वसभापतिको गज्जबको दायित्व !

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले १४औँ महाधिवेशनबाट निर्वाचित सभापतिका रूपमा १५औँ महाधिवेशन सम्पन्न गरी पार्टीको नेतृत्व हस्तान्तरण गर्नु आफ्नो वैधानिक दायित्व भएको दाबी गरेको समाचार पढियो। यत्ति बुद्धि गत वर्ष विशेष महाधिवेशन हुनुअघि आइदिएको भए आज देश र कांग्रेस दुवैको हविगत यस्तो हुने थिएन। उनले उतिखेर निर्वाचनसम्मको टिकट वितरणसम्म आफैँ नेतृत्वमा टाँसिइरहने प्रपञ्च रचेको हुनाले विशेष महाधिवेशनले उनलाई बर्खास्त गरेको हो। अब उनी कुन मुखले म नै कांग्रेसको सभापति हुँ भन्दै छन् ? अनि एक्कासि नेतृत्व हस्तान्तरणको दायित्वबोध कसरी भयो ?

● **दृशिका महर्जन**, कीर्तिपुर, काठमाडौँ

## 'हाटा' गर्ने सांसद कोको हुन् ?

'हाजिरी ठोकेर सांसद टाप' शीर्षकको समाचार पढियो। जनताले तिरेको करबाट तलब, भत्ता र अन्य सुविधा कुम्ल्याउने सांसदले यसरी भत्ताका लोभमा हाजिरी गरेर टाप (हाटा) कस्नु भनेको देश र जनतामाथिको उपहास हो। कामविशेषले संसद्मा उपस्थित हुन नसक्ने सांसदले सभामुखलाई जानकारी गराएर बिदा लिई अनुपस्थित हुनु स्वाभाविक हो। तर, संसद्मा उपस्थित भएर हाजिरी गरेपछि भाग्नु अनैतिक कार्य हो। यिनको नाम सार्वजनिक गरौँ।

● **कल्पना परियार**, जगाती, भक्तपुर

## स्वास्थ्य स्थितिमा ध्यान देऊ

बाढीबाट प्रभावित परिवारलाई राखिएका होल्डिङ सेन्टरमा झाडापखाला, रुघाखोकी र ज्वरोको समस्या बढेको समाचारले चिन्तित बनायो। बल्लतल्ल बाढीबाट जोगिएका नागरिक यसरी सरुवा रोगको सिकार भइरहँदा पनि तीन तहका सरकार के हेरेर बसिरहेका छन् ? के तिनलाई त्यहाँ राखिएका नागरिकको कुनै चिन्ता छैन हो ? छ भने त होल्डिङ सेन्टरको सरसफाइ तथा आश्रित नागरिकको स्वास्थ्योपचारमा गम्भीर देखिनुपर्ने हो र ? बाढी प्रभावितको स्वास्थ्यमा तत्काल ध्यान देऊ।

● **अमृत कुमाल**, सामाखुसी, काठमाडौँ

## बाढीबाट ऊर्जा क्षेत्रले शिक्षा लेओस्

नेपालको जलविद्युत् देशलाई सम्पन्न प्रमुख आधार हो। तर, यही आधारलाई कमजोर सावित गरिदिएको छ, हालै आएको रसुवागढी बाढीले। बाढी आउनासाथ ती क्षेत्रका जलविद्युत् कम्पनीका सेयर मूल्य घटेको छ। बाढीले जलविद्युत्मा हुने लगानी र भविष्य दुवैलाई एकैपटक संकटमा पारिदिनु चिन्ताको विषयभन्दा पनि चिन्तनको विषय हो। नदी किनारमा बन्ने-बनाइने जलविद्युत् आयोजना र त्यसमा गरिने लगानी कति सुरक्षित हुन्छ ? भन्नेमा अबका दिनमा गहिरोसँग चिन्तन र अध्ययन गर्नुपर्ने पाठ रसुवागढी बाढीले सिकाएको छ। किनकि यो केवल एकपटकको दुर्घटना होइन, भविष्यमा ग्लोबल वार्मिङका कारण पटक-पटक भइरहने खतराको विषय हो। यसर्थ, रसुवागढी बाढीबाट हामीले शिक्षा लिएर जलविद्युत् आयोजनाको सुरक्षित भविष्य कोर्न सक्नुपर्छ। अन्यथा, हाम्रा खर्बौंको लगानी बालुवामा पानी खन्याएसरह हुनेछ।

पृथ्वी हरेक वर्ष तात्दै छ, हिमाल हरेक वर्ष पग्लँदै छ। हिमनदी पग्लँदै जाँदा हिमताल फुट्ने संघारमा पुगेका छन्। जसले गर्दा हाम्रो जस्तो पाहाडी भूगोलमा बस्ने र समुद्र किनारमा बस्ने कोही पनि सुरक्षित छैनौं। रसुवादेखि त्रिशूलीसम्म करिब एक दर्जन जलविद्युत् आयोजना थिए। आज ती सबै एकैपटक बेकामे हुन पुगेका छन्। जसमा सर्वसाधारण र बैंकहरूको अर्बौंको लगानी थियो, जुन एकैपटक बाढीमा बग्यो। फेरि अर्कोपालि योजना बनाउँदा चाहिने लगानी कहाँबाट ल्याउने ? यसर्थ, सुरक्षित लगानीका लागि सरकारले सम्पूर्ण सरोकारवालासँग गम्भीर छलफल गरी जलविद्युत्सम्बन्धी नयाँ नीति बनाउनु अपरिहार्य छ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौँ
gopaldevkota@gmail.com

---

# खाडीमा अमेरिकालाई विस्थापन गर्न जरुरी छैन

## खाडी क्षेत्रमा शक्तिराष्ट्रबिच प्रतिस्पर्धा बढ्दै गएको भए पनि चीनले अमेरिकालाई विस्थापित गर्न खोजिरहेको छ भन्ने होइन



देश/विदेश

● खलिद अल जाबेर
(जाबेर मिडल इस्ट काउन्सिल अन ग्लोबल अफेयर्सका कार्यकारी निर्देशक हुन्)

यस वर्षको चीनको कूटनीतिक तालिकाले उसको बढ्दो अन्तर्राष्ट्रिय प्रभावलाई झल्काउँछ। संयुक्त राज्य अमेरिका, रुस, बेलायत, क्यानडा, स्पेन, दक्षिण कोरिया, पाकिस्तान र जोर्डनलगायत देशका विशिष्ट नेताले बेइजिङ भ्रमण गरेका छन्। कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान बिन जसिम अल थानीको हालैको चीन भ्रमण तथा यस वर्षको सुरुमा संयुक्त अरब इमिरेट्स र साउदी अरबका उच्च अधिकारीले गरेको भ्रमणले खाडी क्षेत्रमा बेइजिङको बढ्दो भूमिकालाई पुष्टि गर्छ। परम्परागत रूपमा अमेरिकासँग निकट रहँदै आएको यस क्षेत्रमा दुई शक्तिराष्ट्रबिच प्रतिस्पर्धा बढ्दै गएको छ। तर, यस प्रतिस्पर्धाको अर्थ चीनले अमेरिकालाई विस्थापित गर्न खोजिरहेको छ भन्नेचाहिँ होइन। चीनले व्यापार र प्रविधिका माध्यमबाट यस क्षेत्रसँग सम्बन्ध विस्तार गरिरहेको छ, जुन खाडी क्षेत्रका आफ्नै आर्थिक तथा विकाससम्बन्धी हितसँग मेल खान्छ।

### ■ चीनले नचाहेको अमेरिकी मोडल

खाडी क्षेत्रका लागि अमेरिका अझै पनि सबैभन्दा महत्त्वपूर्ण बाह्य सैन्य साझेदारका रूपमा रहेको छ। यसका रक्षा साझेदारी, गुप्तचरसम्बन्धी सम्बन्ध, हतियार प्रणाली, नौसैनिक क्षमता र सैन्य उपस्थिति क्षेत्रीय सुरक्षाका लागि केन्द्रबिन्दु मानिन्छन्। धेरै वर्षदेखि वासिंटनले चिनियाँ प्रभावलाई आफ्नै सैन्य शक्तिसँग तुलना गरेर हेर्दै आएको छ। ती मापदण्डका आधारमा हेर्दा चीन अमेरिकालाई विस्थापित गर्न सक्ने अवस्थाभन्दा निकै पछाडि छ। तर, रणनीतिक सफलता मापन गर्ने यो गलत तरिका हो।

खाडी क्षेत्रमा सैन्य पहुँचका मामिलामा अमेरिकासँग प्रतिस्पर्धा गर्न चीनले खासै रुचि देखाएको छैन। यसको कारण यो हो कि वासिंटनले यस क्षेत्रमा प्रदान गरेको सुरक्षाबाट चीनले प्रत्यक्ष लाभ उठाएको छ। दशकौँसम्म, अमेरिकी नौसेनाले ती समुद्री मार्ग सुरक्षित राख्न मद्दत गऱ्यो, जसबाट खाडी क्षेत्रको ऊर्जा एसियाली बजारसम्म पुग्थ्यो। खाडी क्षेत्रमा अमेरिकी सैन्य उपस्थितिले त्यस्तो स्थिरता कायम गर्न योगदान पुऱ्यायो, जसले चिनियाँ कम्पनीलाई व्यापार, लगानी, पूर्वाधार निर्माण र ऊर्जा खरिद गर्न सहज बनायो।

चिनियाँ दृष्टिकोणबाट हेर्दा यसको लागत बढी र प्रतिफल महत्त्वपूर्ण थियो। अमेरिकी सुरक्षा प्रणालीलाई प्रतिस्थापन गर्नु भनेको खाडीको सुरक्षा



सुनिश्चितकर्ता बन्ने राजनीतिक, वित्तीय र सैन्य लागत ग्रहण गर्नु हो, जुन उसको हितमा हुनेछैन। बरु, चीनले आर्थिक लाभ निर्माण गर्न सक्ने क्षेत्रमा ध्यान केन्द्रित गरेको छ। आज, चिनियाँ राज्य-स्वामित्वका फार्महरूले बन्दरगाहजस्ता प्रमुख खाडी पूर्वाधारमा हिस्सेदारी राख्छन्। उदाहरणका लागि कोस्को सिपिङ पोर्टहरूले युएईको खलिफा बन्दरगाहमा सिएसपी अबुधाबी टर्मिनल सञ्चालन गर्ने संयुक्त उद्यममा नियन्त्रणकारी हिस्सेदारी राख्छन्।

चिनियाँ कम्पनीहरू यस क्षेत्रको भविष्य निर्धारण गर्ने विभिन्न क्षेत्रमा पनि बढ्दो रूपमा जोडिएका छन्, जसमा नवीकरणीय ऊर्जा, दूरसञ्चार, उत्पादन, लजिस्टिक, विद्युतीय सवारी साधन र डिजिटल पूर्वाधार समावेश छन्। एकपटक लगानी, सम्झौता र व्यापारका माध्यमबाट यी प्रणाली आपसमा जोडिएपछि, सम्बन्ध तोड्दा वा पछि हट्दा ठुलो आर्थिक मूल्य चुकाउनुपर्ने हुन्छ। विमानवाहक जहाजलाई फिर्ता लैजान वा तैनाथ सेनाको संख्या घटाउन सकिएला, तर बन्दरगाह, कारखाना, दूरसञ्चार सञ्जाल र आपूर्ति शृंखलामा रहेको प्रभाव तथा निहित स्वार्थलाई उल्ट्याउन वा हटाउन भने निकै कठिन हुन्छ।

### ■ खाडी क्षेत्रको स्वार्थ

खाडी राष्ट्रहरूका लागि दुवै शक्तिराष्ट्रसँग सुदृढ सम्बन्ध कायम गर्नुमा कुनै विरोधाभास छैन। साउदी अरब, संयुक्त अरब इमिरेट्स र कतार, यी प्रत्येक राष्ट्र अमेरिकाबाट सुरक्षा सहयोग र पश्चिमा मुलुकको अत्याधुनिक प्रविधि प्राप्त गर्न चाहन्छन्। साथै, उनीहरू चिनियाँ बजार, उत्पादन क्षमता, लगानी र एसियाली आर्थिक सञ्जालमा पहुँच विस्तार गर्न पनि उत्तिकै इच्छुक छन्। उनीहरूको उद्देश्य कुनै एक शक्तिमाथिको अत्यधिक निर्भरताबाट बच्नु हो। बढ्दो बहुध्रुवीय अन्तर्राष्ट्रिय प्रणालीमा उनीहरूले विविधीकरण, जोखिम व्यवस्थापन र रणनीतिक स्वायत्तताको रणनीति अपनाइरहेका छन्।

*अलजजिराबाट*

# इरान युद्धले उजागर गरिदिएको ब्रिक्सको सीमितता

## ब्रिक्सलाई आफ्नो आर्थिक प्रभाव भू-राजनीतिक हैसियतमा रूपान्तरण गर्न कठिनाइ भइरहेको छ, तथापि यसैबाट सकारात्मक अवसर उत्पन्न हुन सक्छ



● रोनी पी सास्मिता

सास्मिता 'इन्डोनेसिया स्ट्र्याटेजिक एन्ड इकोनोमिक्स एक्सन इन्स्टिच्युसन'का विश्लेषक हुन् ।



सेप्टेम्बर १२ र १३ का दिन भारतको राजधानी नयाँदिल्लीमा ब्रिक्सको १८औँ शिखर सम्मेलन आयोजना भयो । यस वर्षको शिखर सम्मेलनमा पनि सदस्य राष्ट्रबिच सहयोग अझ प्रगाढ बनाउने र आर्थिक सम्बन्ध विस्तार गर्ने विगतकै जस्तो प्रतिबद्धता भएर सम्पन्न भयो । तर, सम्मेलनमा समकालीन विश्वको एउटा महत्त्वपूर्ण विषय भने छुटेको सबैले महसुस गरे । इरानविरुद्ध जारी अमेरिका-इजरायल युद्धले ब्रिक्सका ११ सदस्य र १० साझेदार राष्ट्रमध्ये अधिकांशलाई प्रभावित पारेको छ । तर पनि समूहद्वारा जारी घोषणापत्रमा यो कुरालाई प्रत्यक्ष रूपमा सम्बोधन गरिएन । अझ वस्तुनिष्ठ भएरभन्दा यस द्वन्द्वको आक्रामक पक्ष रहेको संयुक्त राज्य अमेरिकाको निन्दा पनि गरिएन । सम्मेलनको अन्त्यमा जारी घोषणापत्रमा प्रयोग गरिएको भाषाले सबै सदस्यलाई मान्य हुने खालको कूटनीतिक भाषा देखिन्छ । यसले फेरि एकपटक पश्चिमी नेतृत्वको विश्व व्यवस्थाप्रति सदस्यमाझ साझा असन्तुष्टि रहे पनि त्यसलाई समन्वयात्मक भूराजनीतिक कदममा रूपान्तरण गर्न ब्रिक्सका लागि अझै कति कठिन छ भन्ने कुरा उजागर गरिदिएको छ ।

### इरानसम्बन्धी परीक्षा

समस्या शिखर सम्मेलन हुनुभन्दा महिनौँअघि नै सुरु भइसकेको थियो । मे महिनामा नयाँदिल्लीमा भएको ब्रिक्सका विदेशमन्त्रीको बैठक भएको थियो । त्यसमा पनि इरान युद्धबारे साझा धारणा बन्न सकेको थिएन । उक्त बैठकको अन्तिम दस्तावेजमा सदस्यबिचको मतभेद स्वीकार गरियो र अमेरिका वा इजरायल कसैको पनि नाम उल्लेख गरिएन ।

ब्रिक्सको नयाँ सदस्य इरानले त्यसवेला समूहले अमेरिका र इजरायलको सैन्य अभियानको निन्दा गरोस् भन्ने चाहेको थियो । तर, अर्को नयाँ सदस्य संयुक्त अरब इमिरेट्स (युएई)ले आफूमाथि भएको इरानी आक्रमण र अन्य सुरक्षा चासोको बेवास्ता गरिएको भन्दै त्यसको विरोध जनायो । त्यतिवेला अमेरिका वा इजरायलको आलोचना गर्न नसक्नुलाई कूटनीतिक लज्जाभन्दा पनि ब्रिक्सको विस्तारले निम्त्याएको राजनीतिक मूल्यका रूपमा हेरिएको थियो ।

समूहको विस्तारले यसको विश्वव्यापी पहुँच बढाएको छ, सँगसँगै यस विस्तारले क्षेत्रीय प्रतिद्वन्द्वितालाई संगठनमा भित्र्याएको पनि छ । इरान र युएई यसको स्पष्ट उदाहरण हुन् । दुवै ब्रिक्सका सदस्य हुन् तर पछिल्लो समय यी दुई देशबिच मध्यपूर्वमा रणनीतिक दृष्टिकोण बाझिने गरेको छ । त्यसैले, एउटै संगठनमा उनीहरूको सहभागिताले दुवैलाई प्रत्यक्ष असर गर्ने द्वन्द्वको सामना गर्ने समूहको क्षमतामा स्वतः असर पर्ने गरेको छ ।

सेप्टेम्बर १२-१३ को शिखर सम्मेलनले एउटा घोषणापत्र त जारी गऱ्यो, तर साझा घोषणापत्र ल्याउन भित्र भएको सम्झौताले धेरै कुरा बताउँथ्यो । घोषणापत्र हेर्दा ब्रिक्स स्पष्ट र दृढ अडान लिने समूहभन्दा सदस्यका असहमति व्यवस्थापन गर्ने मञ्चजस्तो देखिन पुगेको छ । यस प्रकरणले समूहको मुख्य समस्या कमजोर आर्थिक वा कूटनीतिक हैसियतभन्दा पनि त्यो हैसियतलाई एउटै भूराजनीतिक औजारमा रूपान्तरण कसरी गर्ने भन्ने रहेको देखाएको छ ।

### अमेरिकाको सामना गर्ने सवाल

अमेरिका-प्रधान विश्व व्यवस्थालाई चुनौती दिने चाहनाबाट ब्रिक्सको उदय भएको मानिन्छ । तर पनि, वासिंटनका सम्बन्धमा साझा धारणा बनाउन यो समूह असफल हुँदै आएको छ । यसको कारण हो, अमेरिकालाई लिएर समूहका सदस्यको स्वार्थ बाझिन्छ । भारतले यो द्विविधालाई सबैभन्दा स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ ।

नयाँदिल्लीले ब्रिक्सलाई अमेरिकाविरुद्धको गठबन्धनका रूपमा नभई रणनीतिक स्वायत्तताको मञ्चका रूपमा हेर्छ । उसले वासिंटनसँगको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै 'क्वाड'मा पनि सहभागिता जनाइरहेको छ । त्यस्तै, भारतले पश्चिमी साझेदारसँग व्यापक रक्षा तथा आर्थिक सम्बन्ध कायम राखेको छ । साथसाथै, नयाँदिल्ली, मस्को र बेइजिङसँग पनि उत्तिकै घनिष्ठ रूपमा संवादमा छ । भारतका लागि ब्रिक्सको महत्त्व प्रतिस्पर्धी शक्ति-केन्द्रबिच सन्तुलन कायम गरी निर्णय लिने स्वतन्त्रता जोगाइराख्नुमा निहित छ । ब्रिक्सलाई अमेरिकाविरोधी गुटमा परिणत गर्दा त्यही रणनीतिक लचिलोपन कमजोर हुनेछ ।

खासमा चीन र रुस पनि ब्रिक्स अमेरिकासँगको प्रत्यक्ष टकरावको संयन्त्र होस् भन्न चाहँदैनन् । यसमा तिनका आफ्नै कारण छन् । रुसका लागि पश्चिमी आर्थिक दबाबको राजनीतिक तथा आर्थिक प्रभाव कम गर्न ब्रिक्स निःसन्देह एक महत्त्वपूर्ण मञ्च हो । तर, सैन्य गठबन्धनमार्फत थप आक्रामक नीति अपनाउँदा मस्को अमेरिका र नेटोसँगको द्वन्द्वमा फस्न सक्छ । रुस यस्तो अवस्था सकेसम्म टार्न चाहन्छ । चीनका लागि भने यो अझ जटिल छ । बेइजिङ बलियो बहुध्रुवीय विश्व-व्यवस्था र 'ग्लोबल साउथ' (विकासशील राष्ट्रहरूको समूह)को प्रभाव बढोस् भन्ने चाहन्छ । साथै, बेइजिङ विश्वव्यापी वित्त, व्यापार र अन्तर्राष्ट्रिय संस्थामा अमेरिकाले अहिले पाइरहेको संरचनात्मक लाभलाई पनि घटाउन चाहन्छ । तर, चीन ब्रिक्सका हरेक विवाद वासिंटनसँगको टकरावमा परिणत होस् भन्ने चाहँदैन । अमेरिका चिनियाँ सामानका लागि अझै एक महत्त्वपूर्ण बजार हो ।

ब्राजिल र नयाँ सदस्य बनेको इन्डोनेसियाले समूहमा जटिलताको अर्को तह थप्छन् । ब्राजिल विकासशील देशका लागि थप प्रतिनिधिमूलक अन्तर्राष्ट्रिय प्रणाली, ठुलो विकास वित्त र बलियो सौदाबाजी शक्ति चाहन्छ । तर, ऊ ब्रिक्स चिनियाँ वा रुसी भूराजनीतिक रणनीतिक साधनमा होस् भन्ने चाहँदैन ।

### बहुकेन्द्रित पासो

ब्रिक्स अहिले बहुकेन्द्रित पासोमा फसेजस्तो देखिन्छ । यसको सबैभन्दा ठुलो शक्ति यसको विविधता हो । त्यस विविधताले विश्वव्यापी शासन संरचनामा ऐतिहासिक रूपमा न्यून प्रभाव पारेका क्षेत्रमा समूहको वैधता बढाएको छ । तर, त्यही विविधताले सामूहिक भूराजनीतिक कदम चाल्न भने अवरोध पुऱ्याउँछ । प्रत्येक नयाँ सदस्यले आर्थिक स्रोत, कूटनीतिक पहुँच र राजनीतिक वैधता बढाउँछन् । तर, सँगसँगै यसले राष्ट्रिय हितहरूको अर्को तह समायोजन गर्नुपर्ने चुनौती थप्छ । यही कुराले ब्रिक्स किन एक सुसंगत भूराजनीतिक समूहभन्दा शक्तिशाली सौदाबाजी गठबन्धन बन्ने सम्भावना बढी रहेको इंगित गर्छ । यसका सदस्यबिच सहमतिका विषय नभएको होइन । मूलतः सदस्यहरू अन्तर्राष्ट्रिय संस्थामा सुधार गर्ने, विकासशील देशको प्रतिनिधित्व बढाउने, दक्षिण-दक्षिण (ग्लोबल साउथबिच)को व्यापारलाई सुदृढ पार्ने, विकास वित्त विस्तार गर्ने र पश्चिमी वित्तीय पूर्वाधारमाथिको अधिक निर्भरता कम गर्ने कुरामा सहमत हुन सक्छन् । तिनीहरूले स्थानीय मुद्रा भुक्तानी, विकास ऋण, ऊर्जा र खाद्य सुरक्षामा पनि सहकार्य गर्न सक्छन् ।

तर, जब सदस्यहरूलाई वास्तविक भूराजनीतिक टकरावमा कुनै एक पक्ष छनोट गर्ने अवस्था आउँछ, सम्झौता कठिन हुने गर्छ । इरानविरुद्ध अमेरिका-इजरायली युद्धले त्यो विरोधाभासलाई स्पष्ट उजागर गरिदिएको छ । यसको अर्थ ब्रिक्स अप्रासंगिक छैन । बरु, यसविपरीत यसको प्रभाव नाटकीय कामबाट भन्दा पनि बढी दिगो काम केही गरेर आउन सक्छ । अर्थात्, यसले विद्यमान अन्तर्राष्ट्रिय व्यवस्था सञ्चालन हुने सौदाबाजी वातावरण परिवर्तन गर्न सक्छ । ब्रिक्सले अमेरिकालाई चुनौती दिन हालको विश्वव्यापी प्रणालीलाई नष्ट नै गर्नुपर्दैन । यसले आइएमएफ र विश्व बैंकजस्ता वित्तीय संस्थामा गैरपश्चमी देशको थप प्रतिनिधित्वका लागि दबाब दिन सक्छ । वैकल्पिक विकास संस्था विकास गर्न सक्छ । गैरडलर भुक्तानी संयन्त्र विकास र विस्तार गर्न सक्छ र विकासशील देशलाई थप कूटनीतिक विकल्प प्रदान गर्न सक्छ । त्यो यसको सबैभन्दा परिणामात्मक भूमिका सावित हुन सक्छ । त्यसकारण समूहको भूराजनीतिक सीमा नै यसको अवसर बन्न सक्छ । कठोर टकरावबाट बच्ने प्रयासले क्रमिक परिवर्तन र शक्ति सन्तुलनमा परिवर्तनका लागि थप ठाउँ प्रदान गर्न सक्छ ।

*अलजजिराबाट*

---

## इतिहासमा आज सेप्टेम्बर १७




**सन् २०२४ : हिजबुल्लाह समूहका सदस्यले बोक्ने हजारौँ पेजर एकैपटक पड्किँदा करिब दुई हजार ८०० जना घाइते भए ।**

- **सन् १६८३ :** 'रोयस सोसाइटी अफ लन्डन'लाई लेखेको पत्रमा डच वैज्ञानिक एन्टनी भान लेभन्हुकले ब्याक्टेरियाको अस्तित्वको पहिलो सार्वजनिक उल्लेख गरे । यस आविष्कारका लागि उनलाई 'माइक्रोबायोलोजीको पिता' पनि भनिन्छ ।
- **सन् १७८७ :** फिलाडेल्फियामा बसेको संविधानसभाको बैठकमा ३८ डेलिगेट्सले हस्ताक्षर गरेसँगै अमेरिकाको संविधान स्वीकृत भयो ।
- **सन् १७८९ :** इंग्ल्यान्डका खगोलशास्त्री विलियम हर्सलले शनि ग्रहको उपग्रह मिमास पत्ता लगाए ।
- **सन् १८४९ :** दासप्रथाविरोधी अभियन्ता हेरियट टबम्यान पहिलोपटक मेरिल्यान्डस्थित मालिकको घरबाट भाग्न सफल भइन् ।
- **सन् १९३९ :** पोल्यान्डको पश्चिमी भाग जर्मनीले कब्जा गरेको १६ दिनपछि सोभियत संघले बाँकी पूर्वी भाग कब्जामा लियो । जर्मनी र सोभियत संघबिच भएको 'मोलोटोभ-रिबेनट्रोप सम्झौता'अनुरूप उक्त कारबाही भएको थियो ।
- **सन् १९७८ :** इजिप्ट र इजरायलबिच अमेरिकाको मध्यस्थतामा अमेरिकी राष्ट्रपतिको बिदा मनाउने ठाउँ क्याम्प डेभिडमा 'क्याम्प डेभिड सम्झौता' भयो ।
- **सन् १९८० :** इराकले पाँच वर्षअघिको सम्झौता छाड्दै 'सत अल-अरब'को सम्पूर्ण जलक्षेत्र आफ्नो भएको दाबी गऱ्यो ।
- **सन् १९८० :** पोल्यान्डमा लेक वालेसाको नेतृत्वमा सत्तारूढ कम्युनिस्टविरोधी मजदुर संगठन 'सोलिडारी' गठन भयो ।
- **सन् २०११ :** आर्थिक असमानताको विरोधमा अमेरिकाको न्युयोर्कमा 'अकुपाई वाल स्टिट' अभियान सुरु भयो । नोभेम्बर १५ सम्म चलेको अभियानले 'हामी ९९ प्रतिशत' भन्ने नारा प्रचलित गऱ्यो ।

---

## यमनमा द्वन्द्व चर्किएपछि हजारौँ विस्थापित

**जिबुटी/** यमनमा पुनः लडाइँ चर्किएपछि द्वन्द्वबाट बच्न भागेका तीन हजार ४०० भन्दा बढी मानिस जिबुटीको उत्तरी तटीय सहर ओबोकमा आइपुगेको जिबुटीका अधिकारीले बताए । पछिल्लो समय यमनमा अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकार र हुथी विद्रोहीबिच लडाइँ चर्किएको छ ।

सन् २०१५ देखि उत्तरी यमनको अधिकांश भूभाग नियन्त्रणमा राखेको हुथीले लालसागरको तटीय सहर मोचा कब्जा गर्दै अन्य तटीय क्षेत्र हुँदै यमन र जिबुटीलाई छुट्याउने साँघुरो जलमार्गमाथि नियन्त्रण कामय गरेको छ । जिबुटीको जनसंख्या १२ लाखभन्दा कम छ । न्यून स्रोतसाधनयुक्त सो देशमा छोटो समयभित्रै हजारौँ मानिसको आगमन भएपछि सेवाहरूमा थप भार थपिएको त्यहाँका अधिकारीले चेतावनी दिएका छन् ।

युद्धबाट भागेर आफ्नो समुद्री तटमा आइपुगेका यमनीले आफूसँग भएका सामान (जस्तै- कपडाका बोरा, पानीका भाँडा, खानेकुरा र अन्य व्यक्तिगत सामग्री) बोकेको देखिन्थ्यो । अँध्यारो भएपछि खिचिएको दृश्यमा जिबुटीको सेनाले फ्लडलाइटको उज्यालोमा डुंगाहरूबाट आएका मानिसलाई उतारिरहेको देखिन्थ्यो । जिबुटीस्थित 'अन्तर्राष्ट्रिय आप्रवासन संगठन'का प्रमुख अलेक्जेन्डर कोइसेकका अनुसार यमनीहरू साना-ठुला ढुंगामा चढेर समुद्रपार गरिरहेका छन् ।


### मोटरसाइकल हरायो

मिति २०८३/५/२३ गते अन्दाजी २२:०० बजेको समयमा ललितपुर जिल्ला ल.म.न.पा.-२१ खोकना स्थित घर अगाडी पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

**नाम : हुलास फिनसर्भ हायर पर्चेज लि. (ऋणी बेदनाथ तिमल्सिना)**
मो.सा.नं.: बा.प्र.०२-०६७ प १०२३
चेसिस नं.: MD2A11CXXTPM52494
इन्जिन नं.: DHXPTL87116
सम्पर्क न.: 9860212795

### भुल सुधार गरिएको जानकारी बारे ।

मिति २०८३/५/२० मा यस बैंकले राष्ट्रिय स्तरको दैनिक पत्रिका नयाँ पत्रिका दैनिक पत्रिकामा ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा उक्त सूचनामा सम्बन्धित ऋणीको नाम **अनिता नेपाल** हुनुपर्नेमा अन्यथा हुन गएकोले भुल सुधार गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

### आईएमई लिमिटेडको
### छब्बिसौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/६/१**

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस आईएमई लिमिटेडको मिति २०८३/०५/२२ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको आ.ब. २०८२/०८३ को बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बार्षिक साधारण सभाका दिन निम्न मिति, स्थान र समयमा शेयरधनीहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति स्थान र समय:**

**मिति :** २०८३ साल असोज महिना १४ गते, बुधबार (September 30, 2026)
**स्थान :** कम्पनीको रजिष्टर्ड कार्यालय, आईएमई कम्प्लेक्स पानीपोखरी, काठमाण्डौं ।
**सभा शुरु हुने समय :** अपरान्ह ४:०० बजे ।

**छलफलका विषयहरू :**

**क. सामान्य प्रस्तावहरू:**

१. सञ्चालक समितिको आ.ब २०८२/०८३ को बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तको वासलात तथा मिति २०८२ श्रावण १ देखि २०८३ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. यस कम्पनीको साहायक कम्पनी आइएमई खल्ती लिमिटेडको आ.ब. २०८२/०८३ को वित्तिय विवरण सहितको (Consolidated) वित्तिय विवरण स्वीकृत गर्ने ।
४. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब.२०८३/०८४ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५. २०% (कर समेत) नगद लाभाँश बितरण गर्ने सम्बन्धमा ।

**ख. विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### कार्यालय भवनको आवश्यकता

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०१

यस बैंकलाई निम्न प्रस्थावित स्थानको बजार क्षेत्रमा केन्द्रिय भण्डार (Central Store) प्रयोजनका लागि आवश्यक पर्ने भण्डारण तथा सामाग्री व्यवस्थापन कार्यका लागि Basement, भूईं तल्ला वा पहिलो तल्ला (लिफ्ट सुबिधा भए मात्र) को २,५०० देखि ३,००० वर्ग फिट क्षेत्रफल भएको पक्की भवन अथवा Metal Structure Building भाडामा उपलब्ध गराउन ईच्छुक घर धनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ ।

**कार्यालयको प्रस्तावित स्थान**

| प्रस्थावित क्षेत्र | क्षेत्रफल (वर्ग फिट) |
|---|---|
| काठमाडौं/ललितपुर महानगरपालिका, रिङ्गरोड भित्र वा रिङ्गरोडबाट करिब १ कि.मि. आसपासका क्षेत्रहरु | २,५००-३,००० |

**शर्तहरु :**

१) प्रस्तावित भवनमा पानी, बिजुली तथा पर्याप्त पार्किङ्गको सुविधासहित घटीमा १३ फिट चौडाईको मोटर बाटो हुनुपर्नेछ ।
२) प्रस्तावित भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ ।
३) भूकम्प प्रतिरोधात्मक भवनलाई प्राथमिकता दिइनेछ ।
४) भवनमा कुनै प्रकारको पानीको चुहावट नभएको हुनुपर्नेछ ।
५) भवन तथा परिसर डुबान तथा बाढीको जोखिमबाट मुक्त स्थानमा हुनुपर्नेछ ।
६) भवनको भूईं तल्लामा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ ।
७) कार्यालय संचालानार्थ घटीमा १५ (पन्ध्र) बर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ ।
८) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टी गर्नेछ ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :**

१) शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पूर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन् । ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम, बैंकको घण्टाघर, काठमाण्डौ स्थीत प्रशासन विभाग वा सम्बन्धित शाखा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: **www.nabilbank.com** बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ ।
२) शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"केन्द्रिय भन्डारको लागि भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि **प्रस्तावित ठाँउको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर** समेत उल्लेख गरी नबिल बैंकको घण्टाघर, काठमाण्डौ स्थित प्रशासन विभागमा मिति **२०८३ आश्विन १५ गते (तदनुसार 1st October, 2026)** दिनको ४:०० बजे भित्र आई पुग्ने गरी बुझाउनु पर्नेछ ।
३) प्राप्त शिलबन्दी बोलपत्र प्रस्तावहरु मिति **२०८३ आश्विन १६ गते**, बैंकको घण्टाघर, काठमाण्डौ स्थित प्रशासन विभागमा समय बिहान ११.०० बजे बैंक कर्मचारी तथा बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
५) म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
६) कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकसँग सुरक्षित रहने छ । साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन ।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाण्डौ, फोन नं. ०१-५९७१८७१

### Invitation of Sealed Bid for Supply of Blank Visa Debit Cards

**Jyoti Bikash Bank Limited (JBBL)** invites sealed bids from eligible Nepalese firm / company for the Supply of Blank Visa Debit Cards as below:

| S.N. | Particular | Required Quantity |
|---|---|---|
| 1 | Blank Visa Debit Cards | 15,000 |

The bid document is to be purchased from bank's General Service Department at Head Office, Kamalpokhari, Kathmandu within office hours upon payment of non-refundable fee of NRs. 3,000.00. All bids must be submitted in a sealed envelope by 5 PM on or before 1st October 2026 at the General Service Department, Kamalpokhari. If the last date falls on a public holiday, the deadline will be extended to the next working day. Late submissions will not be accepted.
The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

### शाखा कार्यालय समायोजन सम्बन्धी सूचना

यस नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित शाखा कार्यालय **मिति २०८३/०५/१० गते** भोटेकोशीमा आएको बाढीका कारणले बगाएको/पूर्ण रुपमा क्षति भएको र सोही स्थानमा निकट भविष्यमा समेत शाखा सञ्चालन गर्न सक्ने अवस्था नरहेकोले ग्राहक महानुभावहरुलाई नियमित बैंकिङ सेवा सुविधाहरु उपलब्ध गराउने उद्देश्यले आज **मिति २०८३/०६/०१** गते देखि उक्त शाखा यस बैंकको धुन्चे शाखामा समायोजन भई कारोवार सञ्चालन भएको व्यहोरा जानकारी गराउँदछौं । साथै, समायोजन पश्चात सञ्चालनमा रहेको शाखा कार्यालयबाट पूर्ववत सम्पूर्ण बैंकिङ सेवा सुविधाहरु प्राप्त गर्न सकिने व्यहोरा समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | प्रदेश | शाखा कार्यालय रहेको जिल्ला | क्षति भई समायोजन भएको शाखा कार्यालय | समायोजन पश्चात संचालनमा रहेको शाखा कार्यालय |
|---|---|---|---|---|
| १ | बागमती | रसुवा | टिमुरे शाखा | धुन्चे शाखा |

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

### Invitation for Sealed Quotation for Property Insurance of Sanjen (Upper) Hydropower Station

**Contract Identification No: SJCL/SUHEP/PI/2083-84-01**
**Date of Publication: 2083/06/01 (September 17, 2026)**

1. Sanjen Jalavidhyut Company Limited (SJCL) invites Sealed Quotation from eligible and registered insurance companies in Nepal for the procurement of comprehensive insurance various assets of the Sanjen (Upper) Hydropower Station (14.8 MW) and various physical assets located in, Rasuwa District. The policy will cover a period of one year.
2. Eligible Bidders means;
   a) The insurance company whose services has been registered, licensed, and have a valid and up-to-date renewal in accordance with the prevailing laws and regulations.
   (b) The Bidders shall be registered for Value Added Tax (VAT)
   (c) The Bidder providing the insurance services shall have at least three (3) years of experience in providing insurance services.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of SJCL during office hours.
4. A complete set of Bidding Documents may be purchased by interested Bidders (Insurance Companies) by depositing a non-refundable fee of NRs. 1,000.00 (One Thousand only) in the following Bank Account:
   **Account Name : Sanjen Jalavidhyut Company Limited**
   **Bank : Everest Bank Limited (New Road Branch)**
   **Account no. : 00200105200209**
5. The last date of purchasing the Bid document is on or before 17:00 PM on 2083/06/15 (October 1, 2026).
6. Sealed Bids must be submitted to the office of SJCL before 12:00 noon on 2083/06/16 (October 2, 2026). Any Bids received after the specified deadline shall be considered as rejected.
7. The Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 PM on 2083/06/16 (October 2, 2026) at the office of SJCL, located on 7th floor of Chilime Tower, Dhumbarahi, Kathmandu. Bids must be valid for 60 days after the date of Bid opening.
8. The Bidder shall submit a Bid Security of NRs. 1,10,000.00 (In words One lakh ten thousand only), obtained as a bank guarantee from any commercial bank in Nepal, which shall be valid for at least 30 days beyond the Bid validity period i.e., 90 days from the date of Bid opening.
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case the Bid validity and Bid security validity shall remain the same as specified for the original last date of Bid submission.
10. The Bid Documents may be downloaded from the official website of the Company, www.sjcl.com.np. Alternatively, bidders may collect the Bid Documents directly from the Corporate Office upon payment of the prescribed document fee. However, the duly completed Bid Documents shall be submitted in physical form at the Corporate Office of the Company along with non-refundable bank deposit voucher of NRs. 1,000/- (Nepalese Rupees One Thousand only) as the prescribed document fee.
11. SJCL reserves the right to accept or reject, wholly or partly, any or all the Bids without assigning any reason whatsoever.

**Sanjen Jalavidhyut Company Limited**
**7th Floor, Chilime Tower, Dhumbarahi, Kathmandu**
**Phone: 01-4374275, Email: sanjenhcl@gmail.com**
**Web: www.sjcl.com.np**

## ■ राष्ट्र बैंक विधेयक अर्थ समितिबाट पारित

# गभर्नरको कार्यकाल अब तीन वर्ष

### हाल पाँचवर्षे अवधि रहेको गभर्नरको कार्यकाल तीनवर्षे बनाउने व्यवस्थासहित आएको विधेयक संसदीय समितिबाट पारित, संसद्को पूर्ण बैठकले विधेयक पारित गरेपछि कानुनको रूप लिने

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

संसद्को अर्थ समितिले नेपाल राष्ट्र बैंक (तेस्रो संशोधन) विधेयक, ०८३ सर्वसम्मतिले पारित गरेको छ। समितिले राष्ट्र बैंकको स्वायत्तता, सञ्चालकको योग्यता तथा स्वार्थको द्वन्द्व, मौद्रिक नीति सार्वजनिक गर्ने समय र नियमनको दायरालगायतका विषयमा संशोधनसहित विधेयक पारित गरेको हो।

समितिले राष्ट्र बैंकका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक सदस्यको कार्यकाल पाँच वर्षबाट घटाएर तीन वर्ष कायम गर्ने व्यवस्था गरेको छ। तर, कार्यसम्पादनका आधारमा उनीहरूलाई थप दुई वर्षका लागि पुनः नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ।

नेपाल बैंकर्स संघका पूर्वअध्यक्ष भुवन दाहालले बैंक तथा वित्तीय संस्था र नियमनकारी निकायका उच्च पदाधिकारीको पदावधि घटाउने व्यवस्था संस्थागत स्थिरताका लागि उपयुक्त नभएको बताए। 'संस्थागत स्थिरताका लागि पाँच वर्षको पदावधि उपयुक्त हुन्छ। विभिन्न मुलुकमा पदाधिकारीको पदावधि फरक-फरक हुने भए पनि नेपालको सन्दर्भमा पाँच वर्षको कार्यकाल नै व्यावहारिक हुन्छ,' उनले भने।

'अमेरिकामा अध्यक्षको पदावधि चार वर्ष र सञ्चालक समितिका सदस्यको अवधि १४ वर्षसम्म हुन्छ, भारतमा तीन वर्षको व्यवस्था छ,' उनले भने, 'तर नेपालमा पाँच वर्षको आवधिक सरकार गठन हुने भएकाले अन्य प्रमुख निकायका पदाधिकारीको कार्यकाल पनि सरकारकै लयमा पाँच वर्ष हुनु संस्थागत स्थिरताका लागि राम्रो हुन्छ।' दाहालका अनुसार सरकार र प्रमुख निकायका नेतृत्वको टिम पाँच वर्षसम्म स्थिर रहन सके त्यसले संस्थागत नतिजा राम्रो दिन्छ। नेपालमा पटक-पटक सरकार परिवर्तन भइरहने र नयाँ सरकार आउँदा अघिल्लो सरकारले नियुक्त गरेका गभर्नर वा पदाधिकारीहरूसँग समन्वय नहुने समस्या रहेको उल्लेख गरे। उनले पदावधि घटाएर तीन वर्ष बनाउँदैमा ती समस्या समाधान नहुने स्पष्ट पारे।

धितोपत्र बोर्ड, बिमा प्राधिकरण र बैंकहरूमा चार-चार वर्षको पदावधि रहेको उदाहरण दिँदै उनले भने, 'अन्य निकायमा चार वर्ष भए पनि गभर्नरको पाँच वर्षको पदावधि ठिकै थियो। तीन वर्ष बनाउँदा कार्यसम्पादनसँग जोड्न खोजिएको होला, तर मेरो विचारमा पाँच वर्षको अवधि नै उपयुक्त हुन्छ।' उनले अन्तर्राष्ट्रिय अभ्यास फरक-फरक रहेकाले तीनवर्षे वा चारवर्षे मोडेलले मात्रै सबै चुनौती हल नगर्ने बताए। त्यस्तै, गभर्नर, डेपुटी गभर्नर तथा स्वतन्त्र सञ्चालक सदस्यको योग्यता र अनुभवसम्बन्धी व्यवस्थालाई पनि परिवर्तन गरिएको छ। स्वतन्त्र सञ्चालक सदस्यमध्ये कम्तीमा एकजना महिला हुनुपर्ने बाध्यकारी व्यवस्था पनि विधेयकमा राखिएको छ।



### राष्ट्र बैंकको नेतृत्व कस्तो हुने, नेतृत्वले कसरी काम गर्ने सन्दर्भमा केन्द्रित भएर संशोधन भएको छ



● **डा. कृष्णहरि बुढाथोकी**, सभापति, अर्थ समिति

विधेयक सदनमा पेस हुँदै गर्दा यसमा हामीलाई लागेका विषयमा संशोधन हुनुपर्छ भन्ने मान्यताका आधारमा संशोधन प्रस्ताव दर्ता पनि गर्‍यौँ। त्यसपछि समितिमा पनि धेरै छलफल र तर्क गर्‍यौँ। समिति सदस्यहरूको राय र निचोडका आधारमा विधेयक पारित भएको छ। यो ऐन संशोधन हुँदै गर्दा देशले आर्थिक रूपमा फड्को मार्नुपर्छ भन्ने नै हो। राष्ट्र बैंकको संरचनागत नेतृत्व कस्तो हुने, नेतृत्वले कसरी काम गर्ने सन्दर्भमा केन्द्रित भएर बढी संशोधन भएको छ।

### संस्थागत स्थिरताका लागि गभर्नरको कार्यकाल पाँच वर्ष नै उपयुक्त हुन्छ



● **भुवन दाहाल**, पूर्वबैंकर

विभिन्न मुलुकमा पदाधिकारीको पदावधि फरक-फरक हुने भए पनि नेपालको सन्दर्भमा पाँच वर्षको कार्यकाल नै व्यावहारिक हुन्छ। अमेरिकामा अध्यक्षको पदावधि चार वर्ष र सञ्चालक समितिका सदस्यको अवधि १४ वर्षसम्म हुन्छ, भारतमा तीन वर्षको व्यवस्था छ। सरकार र प्रमुख निकायका नेतृत्वको टिम पाँच वर्षसम्म स्थिर रहन सके त्यसले संस्थागत नतिजा राम्रो दिन्छ। नेपालमा पटक-पटक सरकार परिवर्तन भइरहने र नयाँ सरकार आउँदा अघिल्लो सरकारले नियुक्त गरेका गभर्नर वा पदाधिकारीहरूसँग समन्वय नहुने समस्या छ। पदावधि घटाएर तीन वर्ष बनाउँदैमा ती समस्या समाधान हुँदैनन्।

### विधेयकमा गरिएको प्रमुख व्यवस्था

#### बैंकका पदाधिकारीलाई सञ्चालक बन्न रोक

वाणिज्य बैंक तथा वित्तीय संस्थाका बहालवाला पदाधिकारी सञ्चालक सदस्य बन्न नपाउने व्यवस्था गरिएको छ। त्यस्ता संस्थाको प्रमुख कार्यकारी अधिकृत पदबाट अवकाश लिएको दुई वर्ष नपुगेका व्यक्ति पनि राष्ट्र बैंकको सञ्चालक बन्न नपाउने गरी 'कुलिङ अफ पिरियड' राखिएको छ। यसैगरी, कुनै वाणिज्य बैंक वा वित्तीय संस्थामा ०.५ प्रतिशतभन्दा बढी सेयर स्वामित्व भएका व्यक्ति राष्ट्र बैंकको सञ्चालक सदस्य बन्न अयोग्य हुने व्यवस्था गरिएको छ।

#### १ साउनमै मौद्रिक नीति ल्याउनुपर्ने बाध्यकारी व्यवस्था

समितिले राष्ट्र बैंकको मौद्रिक नीति सार्वजनिक गर्ने मिति नै तोकेको छ। नयाँ व्यवस्थाअनुसार राष्ट्र बैंकले हरेक वर्ष साउन १ गते मौद्रिक नीति निर्माण गरी घोषणा तथा प्रकाशन गर्नुपर्नेछ। अब कानुनी रूपमै मौद्रिक नीति सार्वजनिक गर्ने मिति तय भएको छ।

#### तीनवटा कोष पनि राष्ट्र बैंकको नियमनमा

समितिले राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षणको दायरा पनि विस्तार गरेको छ। अब नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र सामाजिक सुरक्षा कोषलाई समेत राष्ट्र बैंकले नियमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था विधेयकमा समेटिएको छ। यस व्यवस्थाले वित्तीय प्रणालीमा महत्त्वपूर्ण भूमिका खेल्ने यी संस्थाको नियमन तथा सुपरिवेक्षणलाई राष्ट्र बैंकको दायरामा ल्याउनेछ।

#### सञ्चालक समितिको बैठक महिनामा कम्तीमा दुईपटक

समितिले राष्ट्र बैंकको सञ्चालक समितिको बैठकसम्बन्धी व्यवस्था पनि थपेको छ। अब व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा दुईपटक बस्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, मुद्रा, बैंकिङ तथा वित्तसम्बन्धी विषयमा नेपाल सरकारले निर्देशन दिन सक्ने ऐनको दफा १०६ ग को व्यवस्था यथावत् राखिएको छ। यसैबिच, राष्ट्र बैंक ऐनको सजायसम्बन्धी व्यवस्थाबाट उत्पन्न समस्या सम्बोधन गर्न तत्काल प्रक्रिया अघि बढाइने भएको छ।

Government of Nepal
Ministry of Infrastructure Development
Department of Urban Development and Building Construction

**Office of Federal Urban Development and Building Construction,**
**Morang, Biratnagar**

**Invitation for Bids**

**First Date of Publication: 2083/06/01 (17th September, 2026)**
**IFB NO: 01/FUDBC/MORANG/2083/084**

1. **The Office of Federal Urban Development and Building Construction (FUDBC) Morang, Biratnagar** invites open competitive biddings from eligible bidders for following works under National Competitive Bidding (NCB). **Only Hard Copy & Single Stage Double Envelope Bidding procedure will be followed.**

| S.N. | Contract No. | Descriptions of Works | Minimum Bid security NRs. | Validity Period of Bid & Bid Security | Price of Bid Document- NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | FUDBC/ Morang/NCB/ Works/01-2083-084 | Construction of Plant Quarantine Office Building at Rani, Biratnagar | 8,05,000.00 | Bid validity 90 days & Bid Security 120 days from deadline of Bid Submission | 5,000.00 | Single Stage Double Envelope |
| 2. | FUDBC/ Morang/NCB/ Works/02-2083-084 | Construction of Survey Office Building in Belbari Municipality, Morang (Phase II) | 6,50,000.00 | | 5,000.00 | |

2. **Date of Purchasing, Submission and Opening of Bids**

| S. N. | Deadline of Bid Purchasing | Deadline of Bid Submission | Date of Bid Opening | Employers Bank Account for Purchasing Bid Document | Employers Bank Account Details for Bid Security Cash Deposit |
|---|---|---|---|---|---|
| 1. | On or Before 7th Oct, 2026 (2083/06/21) Till 05:00 PM | In Hard Copy On or Before 8th Oct, 2026 (2083/06/22) Till 12:00 hrs Or Through Courier to FUDBC,Morang | On 8th Oct, 2026 (2083/06/22) at 14:00 hrs | **Name of the Bank:** Agricultural Development Bank ltd **Name of Office :** Federal Project Implementation Unit, Morang **Account Name :** Ma.Le.Ni.ka, Kathmandu. **Office Code no. :** 337061301 **Account no.:** 0100201277009016 **Rajaswa (revenue) Shirshak no.** 14229 | **Bank Name:** Agricultural Development Bank ltd . **Bank Address:** Biratnagar, Morang, Koshi Pradesh **Account Name :** Ko..Le.Ni.ka, Morang **Security Deposit (Dharauti Khata) No. :** 0601601014070045 **Office Code no. :** 337061301 |

3. A complete Set of bidding document can be bought from **Office of Federal Urban Development and Building Construction (FUDBC) Morang, Biratnagar.**
4. **Pre-bid meeting** shall be held at **Office of Federal Urban Development and Building Construction (FUDBC) Morang, Biratnagar 2083/06/15, 2:00 PM.**
5. The bidders must submit VAT, PAN, Firm Registration, Ijajat Patra (Renewal up to 2084 Asadh), Tax Clearance Certificate 2081/82 and other document as stated in PPA, PPR & Bid Document.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of **Office of Federal Urban Development and Building Construction (FUDBC) Morang, Biratnagar.**
7. For further information eligible bidders may visit **Office of Federal Urban Development and Building Construction (FUDBC) Morang, Biratnagar** or contact **025-514502, 9852026058** or email at **fpiu.morang@gmail.com**

## सुदूरपश्चिमका ३१ बहुवर्षीय योजना रुग्ण

### पूर्वाधार विकास मन्त्रालयले रुग्ण आयोजनाको म्याद थप्ने वा ठेक्का रद्द गर्ने विषयमा निर्णय लिन गठन गर्‍यो समिति



२६ वर्षअघि शिलान्यास भएर कालोपत्रेको पर्खाइमा रहेको बाजुरा सदरमुकाम मार्तडी जोड्ने सडकको दूरावस्था। मार्तडी-कोल्टी सडक जिल्लाको पूर्वोत्तरी क्षेत्रका स्वामी कार्तिक, जगन्नाथ र हिमाली गाउँपालिका तथा बुढीनन्दा नगरपालिकाका बासिन्दाका लागि सदरमुकाम पुग्ने एक मात्र मुख्य मार्ग हो। यो सडकको ठेकेदार हुन्, बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ। **फाइल तस्बिर : नयाँ पत्रिका**

#### सुदूरपश्चिमका पूर्वाधार विकासमन्त्री **ओमविक्रम भाट** 'सरल' भन्छन्–



निर्माण व्यवसायीको लापरबाही र ढिलासुस्तीका कारण ३१ वटा योजना समस्याग्रस्त अवस्थामा पुगेका हुन्। निर्माण कम्पनीको लापरबाही, आवश्यकताअनुसार बजेट विनियोजन नहुनु, रकमान्तरको समस्या हुनु, सडकका योजनामा समयमै क्षेत्राधिकार खाली नहुनुजस्ता कारणले बहुवर्षीय योजनाहरूको काम प्रभावकारी हुन नसकेको हाम्रो बुझाइ छ। चालू वर्षको बजेटमा बहुवर्षीय योजनालाई प्राथमिकता दिएर रकम विनियोजन गरिनेछ। निश्चित प्रतिशत काम भएका बहुवर्षीय योजना यसै वर्ष सम्पन्न हुने गरी प्राथमिकता दिनेछौं।

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिममा दुई दर्जनभन्दा बढी बहुवर्षीय योजना समस्याग्रस्त (रुग्ण) अवस्थामा पुगेका छन्। पटक-पटक म्याद थप गर्दा पनि सम्बन्धित निर्माण कम्पनीले काम नगरेका र लामो समयदेखि अलपत्र रहेका ३१ वटा बहुवर्षीय योजना अगाडि बढ्न नसक्ने अवस्था रहेको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ।

रुग्ण आयोजनाको सूचीमा प्रदेश स्थापना हुँदाकै बखत ठेक्का लागेका योजनासमेत छन्। मन्त्रालयका दुई दर्जन सडकसँग सम्बन्धित र आधा दर्जन सडक पुलसँग सम्बन्धित योजना रुग्ण अवस्थाका हुन्। प्रदेश गौरवको सूचीमा रहेका सडकखण्ड पनि रुग्ण अवस्थाका छन्। मन्त्रालयले सार्वजनिक गरेको स्थितिपत्रअनुसार प्रदेशभरि सञ्चालनमा रहेका आधाभन्दा बढी बहुवर्षीय योजनाको प्रगति पनि ५० प्रतिशतभन्दा कम छ। एक सय ९३ वटा बहुवर्षीय योजनामध्ये एक सय २९ वटाको प्रगति ५० प्रतिशतभन्दा कम छ।

५० देखि ६० प्रतिशत भौतिक प्रगति रहेका योजना १९ वटा छन् भने ६० देखि ८० प्रतिशत प्रगति रहेका योजना २२ वटा र ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति रहेका योजनाको संख्या २३ वटा रहेको मन्त्रालयको विवरणमा उल्लेख छ।

मन्त्रालयले बहुवर्षीय योजना अवस्था अध्ययन गर्न एक समिति गठन गरेको छ। समितिको प्रतिवेदन आएपछि बहुवर्षीय योजनाको अवस्थाबारे थप विवरण प्राप्त हुने मन्त्रालयका सचिव विष्णु भण्डारीले बताए। उनका अनुसार समितिको प्रतिवेदनका आधारमा लामो समयदेखि काम हुन नसकेका बहुवर्षीय योजनाको म्याद थप गर्ने वा ठेक्का रद्द गर्ने विषयमा आवश्यक निर्णय हुनेछ।

पूर्वाधार विकासमन्त्री ओमविक्रम भाटले निर्माण व्यवसायीको लापरबाही र ढिलासुस्तीका कारण ३१ वटा योजना समस्याग्रस्त अवस्थामा पुगेको बताए। निर्माण कम्पनीको लापरबाही, आवश्यकताअनुसार बजेट विनियोजन नहुनु, रकमान्तरको समस्या हुनु, सडकका योजनामा समयमै क्षेत्राधिकार खाली नहुनुजस्ता कारणले बहुवर्षीय योजनाहरूको काम प्रभावकारी हुन नसकेको उनको भनाइ छ। बजेटमा प्राथमिकतामा नपर्दा प्रदेशका नौवटै जिल्लामा गरी साढे ११ सयवटा खानेपानीका योजना अधुरा रहेको मन्त्रालयको विवरण छ।

बजेट शून्यताका बिच प्रदेश सरकार अहिले चालू आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणको चरणमा छ। चालू वर्षको बजेटमा बहुवर्षीय योजनालाई प्राथमिकता दिएर रकम विनियोजन गरिने भौतिकमन्त्री ओमविक्रम भाटले बताए।

समितिको प्रतिवेदनका आधारमा बहुवर्षीय र प्रदेश गौरवका योजनालाई कसरी अगाडि बढाउने भनेर निर्णय लिइने उनले बताए। मन्त्री भाटले सरकारले यसै वर्षबाट प्रदेशको राजधानी निर्माणको काम अगाडि बढाउने बताएका छन्। राजधानी निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिने उनले बताए। गत १ साउनदेखि बजेट शून्यतामा रहेको सुदूरपश्चिममा प्रदेश सरकार अहिले चालू वर्षको बजेट निर्माणको क्रममा छ।

GREEN HOME LOAN
INTEREST RATE STARTING FROM 6.07% p.a.
*T & C apply
FOR SUSTAINABLE LIVING!
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

### उद्योग वाणिज्य महासंघको महानिर्देशकमा डा. तिवारी



**काठमाडौं**/ निजी क्षेत्रको छाता संस्था नेपाल उद्योग वाणिज्य महासंघको महानिर्देशकमा डा. गोपाल प्रसाद तिवारी नियुक्त भएका छन्। महासंघले अर्थशास्त्री तथा निजी क्षेत्र विकास विज्ञ डा. तिवारीलाई महानिर्देशक पदमा नियुक्त गरेको हो।

### अर्थमन्त्री आज तीनदिने भारत भ्रमणमा जाँदै

**काठमाडौं**/ अर्थमन्त्री डा. स्वर्णिम वाग्ले आज (बिहीबार) तीनदिने भारत भ्रमणमा जाँदै छन्। भारत सरकारको निमन्त्रणामा अर्थमन्त्री बिहीबार ६ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै उनी नयाँदिल्ली जाने भएका हुन्। भ्रमण टोलीमा अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयका अधिकारीहरू सहभागी हुनेछन्।

## पुँजीगत लाभकर घटाउने निर्णय मन्त्रिपरिषद्बाट स्वीकृत

नयाँ पत्रिका

सेयरमा लाग्ने पुँजीगत लाभकर घटाउने अर्थ मन्त्रालयको प्रस्ताव बुधबार बसेको मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ। मन्त्रिपरिषद्को उक्त निर्णय राजपत्रमा सार्वजनिक भएपछि एक वर्षभन्दा बढी समय स्वामित्वमा राखेर सेयर बिक्री गर्दा हुने लाभमा ३.५ प्रतिशत र एक वर्षभन्दा कम अवधि स्वामित्व राखेर सेयर बिक्री गर्दा हुने लाभमा पाँच प्रतिशत पुँजीगत लाभकर लाग्नेछ।

'नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको हितको निःसर्गबाट प्राप्त लाभमा धितोपत्र विनियम बजारको कार्य गर्ने निकायले बासिन्दा प्राकृतिक व्यक्तिको हकमा तीन सय ६५ दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको ३.५ प्रतिशत र तीन सय ६५ वा सोभन्दा कम अवधि स्वामित्वमा रहेको हितको लाभ रकमको पाँच प्रतिशत अग्रिम कर कायम गर्ने,' मन्त्रिपरिषद्को निर्णयमा उल्लेख छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सोमबार पुँजीबजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना-२०८३' सार्वजनिक गर्दै दीर्घकालीन अवधिको सेयरबाट ३.५ प्रतिशत र अल्पकालीन अवधिमा पाँच प्रतिशत पुँजीगत लाभकर कायम गर्ने घोषणा गरेका थिए।



बुधबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेपछि राजपत्रमा प्रकाशित भई दीर्घकालीन सेयर बिक्री गर्दा हुने लाभमा ३.५ प्रतिशत र अल्पकालीन सेयर बिक्री गर्दा हुने लाभमा पाँच प्रतिशत पुँजीगत लाभकर लाग्ने

यसअघि चालू आवको बजेटमार्फत अर्थमन्त्री वाग्लेले दीर्घकालीन अवधिको सेयर होल्डमा ७.५ प्रतिशत र अल्पकालीन अवधि होल्ड गर्दा १० प्रतिशत पुँजीगत लाभकर लाग्ने व्यवस्था गरेका थिए। तर, सेयरबजारमा नकारात्मक प्रभाव पर्न थालेपछि अर्थमन्त्री वाग्लेले बजेटमा घोषणा गरेभन्दा अल्पकालीनतर्फ पाँच विन्दु प्रतिशत र दीर्घकालिनतर्फ चार विन्दु प्रतिशतले लाभकर घटाउने घोषणा गरी सोमबार कार्ययोजना जारी गरेका थिए। उक्त योजनालाई मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेको हो।

# जिडब्लुएमका ओरा ५ र ट्यांक ३०० लाई अन्तर्राष्ट्रिय अवार्ड




**काठमाडौं**/ डिजाइन, नवप्रवर्तन र अटोमोटिभ इन्जिनियरिङमा लोकप्रिय मानिएका ग्रेटवाल मोटर्स (जिडब्लुएम)का दुई मोडेल ओरा ५ र ट्यांक ३०० ले टोरिनो अटोमोटिभ डिजाइन अवार्ड-२०२६ (टाडा)मा अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेका छन् । कम्पनीका अनुसार ओरा ५ ले पारिवारिक कार विधाअन्तर्गत 'बेस्ट इन्टेरियर डिजाइन अवार्ड' प्राप्त गरेको छ भने ट्यांक ३०० ले प्रिमियम कार विधाअन्तर्गत 'बेस्ट टेक्नोलोजिकल इनोभेसन अवार्ड' जितेको छ ।

यी दुई सम्मानले जिडब्लुएमका फरक-फरक मोडेलमा देखिएको डिजाइन र प्रविधिको क्षमतालाई उजागर गरेको कम्पनीले जनाएको छ । ओरा ५ ले आधुनिक र परिष्कृत विद्युतीय सवारीको डिजाइन प्रस्तुत गर्छ भने ट्यांक ३०० ले उन्नत प्रविधि, अफ-रोड क्षमता र बलियो इन्जिनियरिङको संयोजनलाई प्रतिनिधित्व गर्छ ।

'बेस्ट इन्टेरियर डिजाइन अवार्ड' प्राप्त गरेको ओरा ५ को इन्टेरियर आराम, प्रविधि र दैनिक प्रयोगलाई केन्द्रमा राखेर डिजाइन गरिएको छ । आधुनिक डिजाइनसँग प्रविधिमैत्री ककपिटको संयोजन, सहज कनेक्टिभिटी र यात्राको आरामलाई प्राथमिकता दिइएको यसको केबिनले नयाँ पुस्ताको विद्युतीय सवारीको बदलिँदो आवश्यकतालाई सम्बोधन गर्ने प्रयास गरिएको बताइएको छ ।

त्यस्तै, 'बेस्ट टेक्नोलोजिकल इनोभेसन अवार्ड' प्राप्त गरेको ट्यांक ३०० ले जिडब्लुएमको प्रिमियम एसयुभी तथा अफ-रोड प्रविधिमा रहेको क्षमतालाई प्रस्तुत गर्ने कम्पनीको दाब छ । जिडब्लुएमको ट्यांक ब्रान्डअन्तर्गत विकसित ट्यांक ३०० मा प्रिमियम एसयुभीको विशेषता, उन्नत अफ-रोड प्रविधि र बलियो इन्जिनियरिङलाई एकसाथ समेटिएको छ ।

# मुक्तिनाथ विकास र कर्मा रेसिडेन्सिजबिच सम्झौता



**काठमाडौं**/ मुक्तिनाथ विकास बैंक लिमिटेड र गुड कर्मा ग्रुप अफ कम्पनिज प्रालि (कर्मा रेसिडेन्सिज)बिच आवास कर्जा सम्झौता भएको छ । सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत तारा मानन्धर र कर्मा रेसिडेन्सिजका अध्यक्ष कर्मा तेन्जिङले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार योग्य ग्राहकले बैंकको प्रचलित नीति तथा मापदण्डअनुसार आधार दरमा ०.२५ प्रतिशत प्रिमियममै आवास कर्जा सुविधाप्राप्त गर्न सक्नेछन् । कर्जाको अधिकतम अवधि ३० वर्षसम्म रहनेछ ।

यस सहकार्यबाट कर्मा रेसिडेन्सिजका आवासीय परियोजनाका ग्राहकलाई घर तथा अपार्टमेन्ट खरिदका लागि आवश्यक वित्तीय स्रोत जुटाउन सहज हुने अपेक्षा गरिएको छ । कर्जा सुविधा ग्राहकको योग्यता, क्रेडिट मूल्यांकन, सम्पत्तिको मूल्यांकन, कानुनी तथा प्राविधिक परीक्षण र बैंकको प्रचलित नीतिअनुसार उपलब्ध हुने बताइएको छ ।

साथै, मुक्तिनाथ विकास बैंकले आवास, अटो, कृषिलगायत विभिन्न कर्जा सुविधा प्रतिस्पर्धी ब्याजदरमा उपलब्ध गराउँदै आएको छ ।

# रोयल इन्फिल्डको नयाँ भेरियन्ट र रंग सार्वजनिक



**कास्की**/ रोयल इन्फिल्डले 'रोयल इन्फिल्ड हन्टर ३५०' को नयाँ भेरियन्ट र रंग सार्वजनिक गरेको छ । रोयल इन्फिल्डको नेपालका लागि आधिकारिक विक्रेता अल्फा अटोमोटिभ प्रालि हो भने पोखरा क्षेत्रको आधिकारिक विक्रेता क्लासिक ड्राइभ प्रालि हो । पोखराको मुख्य बजार नयाँबजारस्थित सोरुममा बुधबार एक कार्यक्रमबिच नेपाली बजारमा बहुचर्चित हन्टर ३५० को नयाँ भेरियन्टसँगै दुई नयाँ रङ सार्वजनिक गरिएको हो ।

क्लासिक ड्राइभका निर्देशकद्वय अनिता रानाभाट र सरस्वती गोतामे सुवेदीले संयुक्त रूपमा रोयल इन्फिल्डले हालै बजारमा ल्याएको नयाँ 'टारम्याक ब्ल्याक' भेरियन्टसँगै टप भेरियन्टमा 'मुम्बई एल्लो' र 'मुनसुट ह्वाइट' गरी दुई नयाँ रङ सार्वजनिक गरेका थिए ।

सार्वजनिक गरिएको हन्टर ३५० को नयाँ टारम्याक ब्ल्याकको मूल्य चार लाख ८७ हजार, मुम्बई एल्लो र मुनसुट ह्वाइटको टप भेरियन्टको मूल्य पाँच लाख ११ हजार रुपैयाँ रहेको रानाभाटले जानकारी दिइन् । नयाँ भेरियन्ट तथा नयाँ रङका मोटरसाइकलको बुकिङ र बिक्री बुधबारदेखि नेपालभर रहेका अधिकृत रोयल इन्फिल्ड डिलरमार्फत सुरु भइसकेको समेत उनले जानकारी दिइन् ।

नयाँ टारम्याक ब्ल्याक भेरियन्टलाई दैनिक प्रयोगमा सहज र पहुँचयोग्य बनाउने उद्देश्यले ल्याइएको, यसमा हन्टरको मौलिक रोडस्टर डिजाइन कायम राख्दै एलोय ह्विल्स, राउन्ड ह्यालोजन हेडल्याम्प, डिजि-एनालग इन्स्ट्रुमेन्ट क्लस्टर, रोटरी स्विचगियर, स्टिच्ड सिट र स्पोर्टी ग्राब रेल समावेश गरिएको निर्देशक रानाभाटले जानकारी दिइन् ।

# सिद्धार्थ बैंकको एनपिएल बचत खाता सार्वजनिक



**काठमाडौं**/ नेपाल प्रिमियर लिग (एनपिएल)को टाइटल स्पोन्सर रहेको सिद्धार्थ बैंकले सिद्धार्थ एनपिएल क्रेडिट कार्ड र सिद्धार्थ एनपिएल बचत खाता सार्वजनिक गरेको छ ।

यस योजनाअन्तर्गत १ असोजदेखि आगामी ९ मंसिरसम्म आवेदन दिने ग्राहकले आजीवन निःशुल्क क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् । बैंकका अनुसार पहिलो वर्षको वार्षिक शुल्क कार्ड जारी गरेकै समयमा पूर्ण रूपमा छुट दिइनेछ । त्यस्तै, दोस्रो वर्षदेखि, ग्राहकले अघिल्लो वर्षमा कम्तीमा तीनवटा क्रेडिट कार्ड कारोबार पूरा गरेको खण्डमा मात्र वार्षिक शुल्क फिर्ता गरिने बताइएको छ ।

त्यसैगरी, सिद्धार्थ एनपिएल बचत खाता खोल्ने ग्राहकले सिद्धार्थ एनपिएल थिममा डिजाइन गरिएको डेबिट कार्ड पाउनेछन् । साथसाथै, सुरुवाती सुविधाका रूपमा ५०० सिद्धार्थ रिवार्ड पोइन्टसमेत ग्राहकले प्राप्त गर्ने बैंकले जानकारी दिएको छ । सिद्धार्थ एनपिएल डेबिट कार्ड र सिद्धार्थ बैंक स्मार्ट एक्सपी दुवैको सदस्यता लिने ग्राहले एकमुस्ट ५०० वार्षिक शुल्क तिरेर बन्डल प्याकेजको रूपमा सेवा प्राप्त गर्न सक्नेछन् । अभियान अवधिमा सबैभन्दा बढी रिवार्ड प्वाइन्ट्स कमाउने एकजना सिद्धार्थ एनपिएल बचत खातावालाले एसबिएलएनपिएल भिडियोमा फिचर हुने अवसर पाइनेछ । त्यसैगरी, रिवार्ड च्याम्पियन स्कोर हासिल गर्ने एकजना बचत खातावालाले सेमिफाइनलमा प्लेयर अफ दी म्याच पुरस्कारसमेत प्राप्त गर्ने बैंकले जनाएको छ ।

# पब्जी प्रतियोगिताको इन्टरनेट साझेदार भायानेट



**काठमाडौं**/ नेपालमा आयोजना हुन लागेको अन्तर्राष्ट्रिय पब्जी मोबाइल प्रतियोगिता पब्जी मोबाइल ग्लोबल ओपन (पिएमजिओ)को आधिकारिक इन्टरनेट साझेदार भायानेट कम्युनिकेसन्स बनेको छ । सम्झौताअनुसार प्रतियोगिताका लागि आवश्यक इन्टरनेट तथा कनेक्टिभिटी पूर्वाधार भायानेटले उपलब्ध गराउनेछ ।

पिएमजिओसँगको यो साझेदारी भायानेटको ई-स्पोर्टस् क्षेत्रमा बढ्दो संलग्नताको अर्को महत्त्वपूर्ण कदम भएको कम्पनीले बताएको छ । यसअघि भायानेटले पब्जी मोबाइल राष्ट्रिय च्याम्पियनसिप (पिएमएनसी)मा आधिकारिक इन्टरनेट साझेदारका रूपमा सेवा प्रदान गरेको थियो ।

पिएमजिओसँगको यस साझेदारीमार्फत भायानेटले अन्तर्राष्ट्रियस्तरको ई-स्पोर्टस् सञ्चालन गर्न सक्षम बनाउने नेटवर्क विश्वसनीयता, स्थिरता र न्यून विलम्ब नै आफ्ना ग्राहकले दैनिक रूपमा अनुभव गर्ने कनेक्टिभिटीको आधार भएको देखाउन चाहेको बताएको छ ।

कम्पनीका अनुसार यस साझेदारीले नेपालको गेमिङ तथा ई-स्पोर्टस् क्षेत्रमा भायानेटको बढ्दो संलग्नतालाई थप मजबुत बनाएको छ । जहाँ खेल रोकिन हुँदैन, त्यहाँ नेटवर्क असफल हुन सक्दैन ।

'ई-स्पोर्टस्मा खेलको नतिजा खेलाडीको सिप र निर्णय क्षमतामा मात्र निर्भर नभई, इन्टरनेटको कार्यसम्पादनले पनि प्रत्यक्ष प्रभाव पार्छ,' कम्पनीले भनेको छ, 'यसै कारण, अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताका लागि आवश्यक कनेक्टिभिटी उपलब्ध गराउने जिम्मेवारी भायानेटका लागि महत्त्वपूर्ण उपलब्धि हो ।'

# गरिमाले गऱ्यो एक करोड सहयोग घोषणा

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

**काठमाडौं**/ भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि गरिमा विकास बैंक र विकास बैंकमा कार्यरत कर्मचारीले कुल एक करोड एक लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग घोषणा गरिएको छ ।

बैंकको तर्फबाट ३४ लाख ९० हजार ५६१ तथा कर्मचारीबाट ५१ लाख ११ हजार १११ रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार तथा राहत कोषमा जम्मा गरिएको बैंकले जानकारी दिएको छ । साथै, विकास बैंकले प्रभावित क्षेत्रको शिक्षा, स्वास्थ्य तथा नागरिकको पुनर्स्थापनासम्बन्धी कार्यक्रममा संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट स्थानीय निकायसँगको समन्वयमा थप ५० लाखबराबरको प्रत्यक्ष सहयोग गर्ने पनि जनाएको छ ।

# कामना सेवाको १५% लाभांश पारित



**काठमाडौं**/ कामना सेवा विकास बैंक लिमिटेडको २०औं वार्षिक साधारणसभा बुधबार सम्पन्न भएको छ । बैंक सञ्चालक समितिका अध्यक्ष सुदीप आचार्यको अध्यक्षतामा सम्पन्न उक्त सभाले करसहित १५ प्रतिशत नगद लाभांश प्रस्ताव पारित गरेको हो ।

साथै, अग्राधिकार सेयरधनीले उक्त सेयर बाँडफाँड गरेको मितिदेखि असार मसान्तसम्मका लागि नौ प्रतिशत लाभांश दिने प्रस्तावसमेत पारित भएको छ । सोही सभाले लेखापरीक्षकको प्रतिवेदनसहितका विवरण पनि पारित गरेको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत दिनेश थकालीले निरन्तर रूपमा दोहोरो अंकमा लाभांश वितरण गर्न सफल भएकोमा आगामी दिनमा पनि संस्थालाई दिगो र सबल बनाउन प्रतिबद्ध रहेको बताए ।

# सिटिजन्सको ४% लाभांश प्रस्ताव



**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले गत आर्थिक वर्ष ०८२/८३ को मुनाफाबाट सेयरधनीलाई वितरण गर्ने लाभांश घोषणा गरेको छ । बैंकको बुधबार बसेको ५२१औं सञ्चालक समितिको बैठकले कुल प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

बैठकले गत आवको मुनाफाबाट हाल कायम चुक्तापुँजी १५ अर्ब ५० करोड ७४ लाख ६३ हजारको ३.८० प्रतिशतले हुने बोनस सेयर र कर प्रयोजनका लागि नगद लाभांश ०.२० प्रतिशत वितरणको प्रस्ताव गरेको हो । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकले स्वीकृति गरेपछि तथा बैंकको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले पाउनेछन् । २० वर्षदेखि वित्तीय सेवा प्रदान गर्दै आइरहेको बैंकले यस अवधिमा सेयर धनीलाई २० वर्षमा औसत लाभांश दर १०.०८ प्रतिशतका दरले लाभांश दिएको छ ।


NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं: ३४१२
फोन नं: ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल सम्पत्तिहरु लिलाम बिक्री गर्न सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०८३/०६/०१)**

यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको तपसिलमा उल्लेखित ऋणीले बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बन्धित सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | तपशिल | बोलपत्र खोलिने मिति |
|---|---|---|
| २०८३/०६/१५ | | २०८३/०६/१६ दिउँसो ३ बजे |

| क्र.सं | ऋणी/प्रोप्राइटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण | धितो सुरक्षणमा रहेको चल सम्पत्तिहरुको विवरण |
|---|---|---|
| १. | **ऋणी : समा पेपर्स एण्ड पब्लिकेशन लि. (विविध कर्जा)**,दर्ता नं. : ३१४९५९/७९/०८०, ठेगाना : ललितपुर म.न.पा. २५, ललितपुर,<br>**ऋण प्रवाह गर्ने शाखा : प्रधान कार्यालय कर्पोरेट**<br>**शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. निकेश अधिकारी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं.२८-०१-७२-००३८०, मिति २०७२/०२/१८ मा जि.प्र.का.ललितपुरबाट जारी भएको)<br>बाबु : शारदा प्रसाद अधिकारी, बाजे : मोदनाथ अधिकारी<br>**२. शारदा प्रसाद अधिकारी-जमानीकर्ता** (ना.प्र.नं. १८५२९, मिति २०४५/०४/११ मा जि.प्र.का.ललितपुरबाट जारी भएको)<br>बाबु : मोदनाथ अधिकारी, बाजे : रघु नाथ अधिकारी | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधनहरु :<br>**१. कम्पनीको नाम : TATA Motors Bharat**<br>सवारीको मोडेल : TATA Nexon XM, निर्माण वर्ष : 2020<br>ईन्जिन नं. : 1.5CRAIL01JPYW19859<br>च्यासिस नं. : MAT627121KLJ36462<br>सवारी दर्ता नं. : बाग्मती प्रदेश ०१ ०२५ च ७१२३<br>**२. कम्पनीको नाम : TATA Motors Bharat**<br>सवारीको मोडेल : TATA Nexon XM, निर्माण वर्ष : 2020<br>ईन्जिन नं. : 1.5CRAIL01JPYW19778<br>च्यासिस नं. : MAT627121KLJ36423<br>सवारी दर्ता नं. : बाग्मती प्रदेश ०१ ०२५ च ७१२१<br>**३. कम्पनीको नाम : TATA Motors Bharat**<br>सवारीको मोडेल : TATA Nexon XZ+, निर्माण वर्ष : 2020<br>ईन्जिन नं. : 1.5CRAIL01JPYW20032<br>च्यासिस नं. : MAT627162KLJ36938<br>सवारी दर्ता नं. : बाग्मती प्रदेश ०१ ०२५ च ४६२७<br>**नोट :** बोलपत्र खोलिने स्थान : कर्जा असुली विभाग, राइजिङ्ग मल, कमलादी /सम्बन्धीत यातायात नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

**नोट :**
क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु १०००/- तिरी लिन सकिनेछ ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी बापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम मध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
ग) सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि नि : शर्त लागु हुनेछ ।



रिलायन्स फाइनान्स लिमिटेडका

## ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मितिः २०८३/०६/०१)**

तपाई तपसिलका ऋणी/ऋणीहरुले यस फाइनान्सबाट लिनु भएको ऋण रकम, यस फाइनान्ससँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र फाइनान्सबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मिति भित्रमा यस वित्तिय संस्थालाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगर्नु भएमा यस फाइनान्सलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल वमोजिमको चल अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल सम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी फाइनान्सले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

**केन्द्रीय कार्यालयः कमलादी, काठमाडौं**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | |
|---|---|---|---|
| १ **नाम : सुग्रिम ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २४<br>दर्ता नं. १७११३८/०७४/०७५<br>दर्ता मिति : २०७४/०४/०४<br>पान नं. ६०५९२४१६९<br>**कर्जा शिर्षक : व्यापारिक कर्जा** | **सुग्रिम ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि** को नाममा दर्ता रहेको साविक काठमाण्डौ जिल्ला मनमैजु वडा नं. ४, हाल तारकेश्वर न.पा. वडा नं. ०९ स्थित कित्ता नं. ३५ को क्षेत्रफल १८३.७० व.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : कमला ठकुरी**<br>ठेगाना : काभ्रे जिल्ला, जैसिथोक वडा नं. ०४<br>हालको ठेगाना : काठमाण्डौ जिल्ला, घट्टेकुलो वडा नं. ३२<br>श्रीमान् : बुद्ध राजवाहक<br>ससुरा : गणेशमान राजवाहक<br>**नाम : सुन्दर प्रसाद पाण्डे**<br>ठेगाना : नुवाकोट जिल्ला, सुनखानी ०७<br>हालको ठेगानाः काठमाण्डौ जिल्ला, तारकेश्वर वडा नं. १९<br>बुवा : राम प्रसाद पाण्डे<br>बाजे : ताम्र प्रसाद पाण्डे | **नाम : बुद्ध राजबाहक**<br>ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. ३२<br>हालको ठेगाना : : काठमाण्डौ जिल्ला, घट्टेकुलो वडा नं. ३२<br>बुवा : गणेशमान राजवाहक<br>बाजे : पुर्ण सिं राजवाहक |
| २ **नाम : विजय ट्रेडिङ कन्सर्ण प्रा.लि.**<br>दर्ता ठेगाना : काठमाण्डौं जिल्ला, कागेश्वरी मनोहरा वडा नं. ९<br>दर्ता नं. : ३६१२९३/८१/८२<br>पान नं. : ६२१३०६२४२<br>**कर्जा शिर्षक : व्यापारिक कर्जा** | **रिच्ची कुमारी साह**को नाममा दर्ता रहेको साविक भक्तपुर जिल्ला, नगरकोट वडा नं. ९, र हाल भक्तपुर जिल्ला, चाँगुनारायण वडा नं. ६ स्थित कित्ता नं. ८८४ को क्षेत्रफल १-०-०-० (रोपनी) जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : बिजय कुमार साह**<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला, बलवा वडा नं - ०२<br>हाल ठेगाना : ललितपुर जिल्ला, ललितपुर वडा नं - ११, हात्तीवन<br>बुवा : राम नारायण साह<br>बाजेः रामऔतार साह | **नाम : रिच्ची कुमारी साह**<br>स्थायी ठेगाना : धनुषा जिल्ला, छनछपही वडा नं - ०६<br>हाल ठेगाना : ललितपुर जिल्ला, ललितपुर वडा नं - ११, हात्तीवन<br>बुवा : रामलखन साह सुडी<br>पति : बिजय कुमार साह |

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| ३ **नाम : सुन्दर प्रसाद पाण्डे**<br>ठेगाना : नुवाकोट जिल्ला, सुनखानी वडा नं. ०७<br>हालको ठेगाना : काठमाण्डौ जिल्ला, तारकेश्वर वडा नं. १९<br>बुवा : राम प्रसाद पाण्डे<br>बाजे : ताम्र प्रसाद पाण्डे<br>**कर्जा शिर्षक : आवास कर्जा** | **सुन्दर प्रसाद पाण्डे**को नाममा दर्ता रहेको साविक काठमाण्डौ जिल्ला, डिल्लीबजार हाल गौशाला वडा नं. ०९, कित्ता नं. १४१ को क्षेत्रफल १२५.१९ व.मि को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | **नाम : गिता नेपाल पाण्डे**<br>ठेगाना : नुवाकोट जिल्ला, शिवपुरी गा.पा. वडा नं. ०७<br>श्रीमान : सुन्दर प्रसाद पाण्डे<br>ससुराः राम प्रसाद पाण्डे |

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office: Reliance Bhawan,Kamaladi, Kathmandu
Tel: +977–1–5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०

■ २०औँ एसियाली खेलकुद

# महिला भलिबलमा नेपाल जापानसँग सोझो सेटमा पराजित



नयाँ पत्रिका

आगामी ३ असोजदेखि आधिकारिक रूपमा जापानको नागोया र आइचीमा २०औँ संस्करणको एसियाड सुरु हुँदै छ । एसियाडको उद्घाटनअघि महिला भलिबल प्रतियोगिताको प्रारम्भिक चरणको पुल १ को खेल बुधबारदेखि सुरु भएको छ । नेपालबाट सहभागी महिला भलिबल टोली आयोजक जापानसँग सोझो ३-० को सेटमा पराजित भएको छ ।

कोमाकी आइचीस्थित 'कोमाकी सिटी स्पोर्टस् पार्क जेनरल जिम्न्यासियममा भएको स्पर्धामा पहिलो खेलमै जापानसँग २५-८, २५-१२ र २५-११ को सेटमा पराजित भएको हो । पहिलो सेटको सुरुवातका २ अंक नेपालले हात पारेको थियो । त्यसपछि जापानिज खेलाडीले एकपक्षीय रूपमा अंक बटुल्दै सेटमाथि कब्जा जमाए ।

एफआइभिबी वरीयतामा जापान छैटौँ तथा नेपाल ६९औँ स्थानमा रहेका छन् । स्वर्ण पदकको दाबेदार जापानविरुद्ध नेपालले कुनै पनि सेटमा उत्कृष्ट प्रदर्शन गर्न सकेन । दोस्रो तथा तेस्रो सेटमा नेपाली महिला खेलाडीले सुधारिएको खेल प्रस्तुत गरेका थिए । तर, ओलम्पिक खेलकुदको अनुभवप्राप्त खेलाडी सम्मलित जापानले नेपालमाथि एकपक्षीय जित निकाल्यो ।

### इन्डोनेसियासँग दोस्रो खेल खेल्दै

एसियाडमा हारबाट सुरुवात गरेको भलिबल टोलीले बिहीबार इन्डोनेसियासँग दोस्रो खेल खेल्नेछ । इन्डोनेसियाको एफआइभिबी वरीयता ५३औँ स्थान रहेको छ । इन्डोनेसियासँगको खेल जिते नेपालले क्वार्टरफाइनल पुग्ने आशा यथावत् राख्नेछ । हारले छनोट खेल खेल्नेछ । एसियाली महिला भलिबल वरीयतामा जापान शीर्ष, इन्डोनेसिया नवौँ र नेपाल ११औँ स्थानमा छन् ।

**नेपाली टोली**

निरुता ठगुन्ना (कप्तान), सलिना श्रेष्ठ, उषा नाथ, सुमित्रा रेग्मी, सुनिता खत्री, वसन्ती साउद, मीना सुनार, आरती सुवेदी, प्रगति नाथ, सलिना बुढामगर, रिमा कुँवर

■ खेलकुदमन्त्री

## पोखरेल र सदस्यसचिव मेहता जापान नजाने

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का अध्यक्ष एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र सदस्यसचिव रामचरित्र मेहता जापानमा हुने २०औँ एसियाली खेलकुद (एसियाड) प्रतियोगितामा सहभागी नहुने भएका छन् । मन्त्री पोखरेल र नेपाली टोलीका सेफ द मिसनका रूपमा सदस्यसचिव मेहता बिहीबार जापान जाने तय थियो । पोखरेल र मेहताले अन्तिम समयमा एसियाडमा भाग नलिने भएका हुन् । मेहता जापान नजाने हुँदा अब नेपाली टोलीको नेताका रूपमा राखेपका उपाध्यक्ष विशाल श्रेष्ठ हुने सम्भावना छ ।

नेपाली टोलीको वरीयतामा श्रेष्ठ दोस्रो स्थानमा छन् । नेपाल ओलम्पिक कमिटी (एनओसी)ले मेहतालाई टोली नेता बनाएको छ । एनओसीले ओलम्पिक, एसियाड तथा दक्षिण एसियाली खेलकुद प्रतियोगितामा टोली नेताका रूपमा राखेपका सदस्यसचिवलाई चयन गर्दै आएको छ । सरकारको प्रवक्तासमेत रहेका पोखरेल कार्य व्यस्तताका कारण जापान नजाने खेलकुद मन्त्रालय स्रोतले जनाएको छ ।

'मन्त्रीज्यू सरकारका प्रवक्तासमेत हुनुहुन्छ । कार्य व्यस्तताका कारण उहाँ एसियाडमा जानुहुन्न,' मन्त्रालय स्रोतले भन्यो । गत साता सरकारका तर्फबाट एसियाडमा नेपाली टोलीको बिदाइ कार्यक्रममा सार्वजनिक गरिएको सूचीमा मन्त्री पोखरेलको नाम पनि समावेश थियो । सोही सूचीमा मेहता टोली नेताका रूपमा थिए । जापानमा तीन साताको बसाइ हुँदा मंसिरमा आयोजना हुने भनिएको दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी प्रभावित हुने भएकाले सदस्यसचिव मेहताले आफ्नो भ्रमण रद्द गरेका हुन् ।

दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता १६ देखि २७ मंसिरसम्म कर्णाली प्रदेशमा हुनेछ । 'दसौँ राष्ट्रिय खेलकुदको तयारी गर्नुपर्ने भएकाले एसियाडमा नजाने निर्णय गरेको हुँ,' मेहताले भने । उनले आफू जापान जानु भनेको दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सार्नेबराबर भएको जनाए । 'म त्यहाँ जानु भनेको पुनः एकपटक दसौँ राष्ट्रिय खेलकुद सार्नु हो । जापानमा कम्तीमा २० दिनको यात्रा हुनेछ,' उनले भने । राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनामा राखेपका सदस्यसचिवको भूमिमा सबैभन्दा धेरै हुन्छ ।

नेपालबाट यसपटक २१ खेलका १३५ खेलाडी सहभागी हुँदै छन् । जसमा ५७ महिला र ७८ पुरुष खेलाडी छन् । नेपाली टोलीमा २९ प्रशिक्षक, १७ व्यवस्थापक तथा दुई खेल प्राविधिकसहित १८४ जना खेलकर्मी रहनेछन् । नेपाली टोलीमा ६ जना मेडिकल, चार पत्रकार, डेपुटी सेभ द मिसन, विशिष्ट अतिथि तथा अन्य अफिसियलसहित नेपाली टोलीको कुल संख्या २११ रहेको छ ।

# नेपालले घरेलु भूमिमा बंगलादेशसँग टी-२०आई खेल्ने



आगामी वर्ष मार्चमा बंगलादेशविरुद्ध हुने टी-२० आई सिरिज नेपालमा आएको विनाशकारी बाढीमा ज्यान गुमाएका व्यक्तिको स्मृतिमा समर्पित गरिने

**खेल तालिका**

| | | |
|---|---|---|
| पहिलो खेल | २६ मार्च | २०२७ |
| दोस्रो खेल | २८ मार्च | २०२७ |
| तेस्रो खेल | ३० माच | २०२७ |

नयाँ पत्रिका

नेपाली राष्ट्रिय क्रिकेट टोलीले घरेलु मैदानमा बंगलादेशसँग टी-२० अन्तर्राष्ट्रिय क्रिकेट सिरिज खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले बुधबार आगामी वर्षको मार्चमा हुने तीन खेलको टी-२० आई सिरिज हुने जानकारी दिएको हो । बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)को संयुक्त पहलमा सिरिज आयोजना गर्न लागिएको क्यानका सचिव पारस खड्काले बताएका छन् ।

नेपालले टेस्ट मान्यता राष्ट्रसँग दोस्रोपटक टी-२० आई सिरिज खेल्न लागेको हो । एक वर्षअघि नेपालले दुईपटकको टी-२० विश्वकप च्याम्पियन वेस्ट इन्डिजसँग युएईमा प्रतिस्पर्धा गरेको थियो । जसमा नेपालले ऐतिहासिक रूपमा २-१ ले सिरिज हात पारेको थियो । नेपाल र बंगलादेशबिचको टी-२० सिरिजको तालिका पनि क्यानले सार्वजनिक गरेको छ । जसअनुसार पहिलो खेल २६ मार्चमा हुनेछ ।

दोस्रो तथा तेस्रो खेल २८ र ३० मार्चमा हुनेछ । खेल त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुने जनाइएको छ । क्यानका सचिव खड्का अनुसार खेल नेपालमा हालै आएको विनाशकारी बाढीका कारण ज्यान गुमाएकाप्रति समर्पित हुनेछ । 'सिरिजले दिवंगतप्रति श्रद्धाञ्जली अर्पण गर्दै प्रभावित परिवार तथा समुदायप्रति सहानुभूति प्रकट गर्नेछ,' खड्काले भने । यस सिरिजसँगै बंगलादेशले नेपाली क्रिकेटको दीर्घकालीन विकासमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

बिसिबीले महिला क्रिकेट, उमेर समूहको विकेट तथा क्रिकेट पूर्वाधार विकासमा सहयोग गर्ने उनले बताए । यसैगरी भविष्यमा नेपाल 'ए' टोलीका भ्रमण तथा द्विपक्षीय 'ए' टोली कार्यक्रमलाई समेत प्रोत्साहन गर्दै खेलाडी विकास गर्ने लक्ष्य दुवै क्रिकेट बोर्डले राखेका छन् । 'दुई राष्ट्रका खेलाडीबिच प्रतिस्पर्धात्मक अनुभव र नेपालको क्रिकेटको दीर्घकालीन विकासमा सहकार्य गर्ने प्रतिबद्धता जनाइएको छ,' क्यानका सचिव खड्काले भने ।

### दीपेन्द्रले सुधारे पाँच स्थान

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बुधबार सार्वजनिक गरेको एकदिवसीय अलराउन्डर वरीयतामा दीपेन्द्रसिंह ऐरीले पाँच स्थान सुधार गरेका छन् । उनी अहिले १७औँ स्थानमा पुगेका छन् । दीपेन्द्रले गत साता मलेसियामा सम्पन्न एसिसी प्रिमियर कपमा उत्कृष्ट प्रदर्शन गरेका थिए । ओमानसँगको सेमिफाइनल र युएईसँगको फाइनल ओडीआई मान्यताको थियो ।

उनले ओमानविरुद्ध अर्धशतक र तीन विकेट लिएका थिए । यसैगरी युएईसँगको फाइनलमा उनले १८ रन बनाउनुका साथै एक विकेट लिएका थिए । यसै प्रदर्शनका आधारमा उनले १७१ रेटिङ पाए । यसैगरी, एकदिवसीय ब्याटिङ वरीयतामा दीपेन्द्र १० स्थान माथि उक्लिँदै ८४औँ स्थानमा पुगेका छन् । टी-२०आई अलराउन्डर वरीयतामा उनी तेस्रो स्थानमै छन् ।

### ललितको पाँच तथा सन्दीपको तीन स्थान सुधार

एकदिवसीय बलिङ वरीयतामा नेपालका स्पिनर ललित राजवंशी पाँच र कप्तान सन्दीप लामिछानेले तीन स्थान सुधार गरेका छन् । नयाँ वरीयताअनुसार ललित ४० औँ र सन्दीप ४६औँ स्थानमा पुगेका छन् । ललितको रेटिङ अंक ५०९ र सन्दीपको ४९१ पुगेको छ । एसिसी प्रिमियर कपमा दुवैले उत्कृष्ट प्रदर्शन गरेका थिए । सन्दीप प्रतियोगिताकै सर्वाधिक विकेटकर्ता बनेका थिए । ललितले ओमान र युएईविरुद्ध समान दुई विकेट लिएका थिए । सन्दीपले ओमानविरुद्ध तीन तथा युएईविरुद्ध एक विकेट लिए ।

## खेल संक्षेप

### सनसाइन र इनोभेटिभ उपाधिका लागि भिड्ने

**काठमाडौं**/ बाल दीक्षा सदन स्कुलको आयोजनामा चलिरहेको पाँचौं बिडिएस यू-१२ मिनी बास्केटबल च्याम्पियनसिपको फाइनल समीकरण पूरा भएको छ । छात्रातर्फको पहिलो सेमिफाइनलमा पाठशाला फाउन्डेसन नेपालले आयोजक बिडिएसलाई १९-७ ले हरायो । अर्को खेलमा निस्ट 'बी'लाई आरआइबिएसले २३-१९ ले पराजित गर्दै फाइनलमा स्थान पक्का पारेको छ । उपाधिका लागि पाठशाला र आरआइबिएसबिच प्रतिस्पर्धा हुनेछ । छात्रतर्फ सनसाइन माध्यमिक बोर्डिङ स्कुलले नवज्योति सेकेन्डरी स्कुललाई ३३-२४ ले हराउँदै फाइनलमा स्थान बनायो । अर्को सेमिफाइनलमा इनोभेटिभले जेनियन नेसनल एकेडेमीलाई १७-८ ले पराजित गर्दै फाइनल यात्रा तय गरेको हो ।

### भ्याली पब्लिक र फेरिल्यान्ड सेमिफाइनलमा

**काठमाडौं**/ भ्याली पब्लिक र फेरिल्यान्ड २०औँ ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ सेमिफाइनलमा प्रवेश गरेका छन् । भ्याली पब्लिकले बुधबार आयोजक ग्रिनल्यान्डलाई ४६-२८ ले पराजित गऱ्यो । फेरिल्यान्डले केभिकेएसएसले ३७-२५ ले हरायो । सिनियर महिलामै न्युटनले वसुन्धरा नेसनल एकेडेमी (बिएनए) लाई २६-१५ ले पाखा लगायो । तेजस्वी एकेडेमीले जेबी स्कुललाई ३५-२४ ले पन्छाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरेको छ । सिनियर पुरुषमा मार्बलसले टिआइएलाई ६७-४७ ले पराजित गऱ्यो । लालीगुराँस नेसनल एकेडेमीले किङडमलाई ५६-४० ले निराश बनायो । पारामाउन्ट एकेडेमीले बिएनएलाई ३१-२५ र न्युटनले भद्रकालीलाई ४८-२२ को अन्तरमा हराए ।

### सुरभी र रियान्सलाई स्वर्ण

**काठमाडौं**/ वृहस्पति विद्या सदनका रियान्स श्रेष्ठ र स्वस्तिश्री गुरुकुलकी सुरभी गुरुङले प्रथम आरम्भ कप राष्ट्रिय अन्तरविद्यालय टेबलटेनिस प्रतियोगितामा स्वर्ण जितेका छन् । यू-१० एकल पुरुषमा रियान्स र महिलामा सुरभी पहिलो भए । पुरुष फाइनलमा बुधबार रियान्सले आरुणीका दीपक खत्रीलाई ३-१ को सेटमा पराजित गरे । महिलातर्फको उपाधि भिडन्तमा सुरभीले आरम्भकी अपेक्षा श्रेष्ठलाई ३-१ को सेटमा हराइन् । यू-१२ महिला एकलमा ग्लोरियाकी आराध्य विष्टले स्वर्ण चुमिन् । आराध्यले फाइनलमा प्रभातकी आरोही सुवाललाई ३-० को सोझो सेटमा पाखा लगाइन् ।

### गोल्डेनपिक उपाधिनजिक

**काठमाडौं**/ गोल्डेनपिक र ज्ञान निकेतन आठौँ माफ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा फाइनलमा प्रवेश गरेका छन् । गोल्डेनपिकले बुधबार बेबिलनलाई ३७-१६ ले पराजित गऱ्यो । ज्ञान निकेतनले एडभान्सलाई ४७-२६ ले हरायो । सिनियर महिलामा विच किड्स र एडभान्सले उपाधि भिडन्त पक्का गरे । विच किड्सले जगत मन्दिरलाई १४-६ ले पाखा लगायो । एडभान्सले क्याम्ब्रिजलाई १३-२ ले पन्छायो ।

# आइपिएलको मिनी अक्सन भारतमै हुने

एजेन्सी

भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले इन्डियन प्रिमियर लिग (आइपिएल) २०२७ को मिनी अक्सन भारतमै आयोजना गर्ने भएको छ । विगत केही वर्षदेखि आइपिएलको अक्सन भारतबाहिर हुँदै आएको थियो । आइपिएलको गभर्निङ काउन्सिलको बुधबारको बैठकले अक्सन भारतमै हुने निर्णय गरेको भारतीय एजेन्सीहरूले जनाएका छन् ।



सन् २०२३ को अक्सन कोचीमा आयोजना भएको थियो । त्यसपछि दुबई, जेद्दाह र अबुधाबीमा भएका थिए । अक्सन आगामी मेमा हुनेछ । आइपिएलको मेगा अक्सन विदेशमा आयोजना हुनेछ । मिनी अक्सनका क्रममा प्रतिनिधिमण्डल विदेश लैजाँदा व्यवस्थापकीय कमजोरी र सञ्चालनसम्बन्धी कठिनाइबारे फ्रेन्चाइजले बिसिसिआईमा गुनासो राखेका थिए ।

बिसिसिआईले आइपिएलमा सहभागी फ्रेन्चाइजहरूको प्रस्ताव स्वीकार गरी मिनी अक्सन भारतमै गराउन लागेको टाइम्स अफ इन्डियाले जनाएको छ । यो भारतको कुन सहरमा हुने निर्णय भएको छैन । बिसिसिआईले फ्रेन्चाइजको सल्लाहबाट इम्प्याक्ट प्लेयर नियम हटाउने योजना बनाएको छ । बिसिसिआईले फ्रेन्चाइज टोलीसँग इम्प्याक्ट प्लेयरको अवधारणा मागेको थियो ।

# बिदाइ खेल खेल्न मेसीलाई प्रस्ताव



अर्जेन्टिनी फुटबल महासंघले बेनिनविरुद्धको मैत्रीपूर्ण खेलका लागि सन्न्यास लिइसकेका लियोनल मेसीसहितको टोली घोषणा गरेको छ

एजेन्सी

अर्जेन्टिनी फुटबल महासंघले आगामी ६ अक्टोबरमा विश्व च्याम्पियन पूर्वकप्तान लियोनल मेसीलाई बिदाइ गर्ने भएको छ । अर्जेन्टिनाले फिफा विन्डोअन्तर्गत बेनिनसँग मैत्रीपूर्ण खेल खेल्दै छ । यस खेलमा महासंघले मेसीलाई टोलीमा समावेश गर्दै औपचारिक रूपमा बिदाइ गर्ने जनाएको छ । महासंघका अध्यक्ष क्लाडियोले अर्जेन्टिनी फुटबलकै महान् खेलाडीलाई राष्ट्रिय टोलीमा समावेश गर्दै भव्य बिदाइ कार्यक्रम तय गरिएको बताएका छन् । ३९ वर्षीय मेसीले महासंघको प्रस्तावबारे कुनै प्रतिक्रिया दिएका छैनन् ।

'हामीले मेसीलाई खेल्न निमन्त्रणा गरेका छौँ । उनीजत्तिको महान् खेलाडीलाई राष्ट्रिय टोलीबाट अन्तिमपटक खेल्दै बिदाइ गर्नुपर्ने हामीहरूको सपना हो,' क्लाडियोले भने, 'हामीलाई आशा छ- मेसीले यस प्रस्वाव स्वीकार गर्नेछन् ।' महासंघले मेसीलाई समेत समावेश गर्दै अर्जेन्टिनाको प्रारम्भिक टोली बिहीबार सार्वजनिक गरेको हो । मेसीले गत १५ भदौमा अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास घोषणा गरेका थिए । करिअरमा उनले राष्ट्रिय टोलीबाट दोस्रोपटक सन्न्यास लिएका हुन् । सन् २०१६ मा उनले विश्वकप तथा कोपा अमेरिका फुटबल प्रतियोगिताको उपाधि अर्जेन्टिनालाई दिलाउन नसकेको जनाउँदै पहिलोपटक सन्न्यास लिएका थिए । अर्जेन्टिनी समर्थकहरूको आग्रहमा उनले सन्न्यास फिर्ता लिए । सन्न्यास फिर्ता लिएको १० वर्षमा मेसीले अर्जेन्टिनालाई दुईपटक फिफा विश्वकपको फाइनलमा पुऱ्याए । सन् २०२२ मा कतारमा भएको विश्वकप फाइनलमा फ्रान्सलाई टाइब्रेकरमा हराउँदै मेसीले अर्जेन्टिनालाई सन् १९८६ पछि विश्व च्याम्पियन बनाए । गत जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले आयोजना गरेको २३औँ विश्वकपमा उनकै कप्तानीमा अर्जेन्टिना फाइनलमा पुगेको थियो । तर, फाइनलमा खराब प्रदर्शन हुँदा अर्जेन्टिना पराजित भयो ।

जसका कारण मेसीले अर्जेन्टिनालाई लगातार दोस्रोपटक विश्वकप दिलाउन सकेनन् । उनले सो विश्वकपमा आठ गोल गरेका थिए । आठपटकका बालोन डि'अर विजेता तथा हाल इन्टर मियामीबाट खेलिरहेका मेसी अर्जेन्टिनाका लागि सर्वाधिक गोलकर्ता हुन् । उनले २०७ अन्तर्राष्ट्रिय खेलमा १२५ गोल गरेका छन् ।

### ८५ हजार दर्शक अट्ने रंगशालामा खेल

फिफा विन्डोअन्तर्गत अर्जेन्टिनाले २१ सेप्टेम्बरदेखि ६ अक्टोबरसम्म तीन मैत्रीपूर्ण फुटबल खेल्ने तालिका छ । फिफा विश्वकप २०२६ पछिको पहिलो खेल शृंखला रहेको मैत्रीपूर्णमा खेलमा बेनिनसँगै अर्जेन्टिनाले ३० सेप्टेम्बरमा बोलिभिया र ६ अक्टोबरमा बुर्किना फासोसँग खेल्ने तालिका छ । यी सबै मैत्रीपूर्ण खेल अर्जेन्टिनामै आयोजना हुनेछ । महासंघले मेसीको बिदाइ खेल ब्युनस आयर्समा गर्ने योजना बनाएको छ । यो रंगशालाको ८५ हजार दर्शक क्षमता रहेको छ ।

विश्वकप फाइनलपछिको झडपका कारण १० खेलको प्रतिबन्धमा परेका लेआन्द्रो पारेदेस र सात खेलको प्रतिबन्धमा परेका नहुएल मोलिना बिदाइ खेलमा उपलब्ध हुनेछैनन् ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रिय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

**कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

सूचना प्रकाशित मिति २०८३/०६/०१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको विभिन्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणी : नारायण खडका**<br>बाबुको नाम : अनन्त बहादुर खडका<br>बजेको नाम : भिम बहादुर खडका<br>ठेगाना : कोल्हवी -०४, बारा<br>हाल : कोल्हवी -०१, बारा<br>ना.प्र.नं. : ३३२१/७९<br>जारी गर्ने कार्यालय : जि.प्र.का.,बारा<br>जारी मिति : २०४६/०२/१४<br>**कर्जा लिएको शाखा : कोल्हवी, बारा**<br>**जमानतकर्ताको विवरण**<br>**क) नाम : भगवती खडका**<br>बाबुको नाम : एक बहादुर धिताल<br>पतिको नाम : नारायण खडका<br>ससुराको नाम : अन्नत बहादुर खडका<br>ठेगाना : सपही -०१ 'ख' बारा<br>हाल : कोल्हवी -०१, बारा<br>ना.प्र.नं. : १७५/१४<br>जारी गर्ने कार्यालय : जि.प्र.का.बारा<br>जारी मिति : २०४६/०२/१७ | **ख) नाम : विशाल खडका**<br>बाबुको नाम : नारायण खडका<br>बाजेको नाम : अन्नत बहादुर खडका<br>ठेगाना : कोल्हवी -०४, बारा<br>हाल : कोल्हवी -०१, बारा<br>ना.प्र.नं. : ३३१००६/८१११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>जारी मिति : २०६५/०४/०९<br>**ग) नाम : शोभा कुमारी के.सी.**<br>बाबुको नाम : दुर्गा वहादुर खत्री<br>पतिको नाम : विशाल खडका<br>ससुराको नाम : नारायण खडका<br>ठेगाना : परवानिपुर -०६, सर्लाही<br>हाल : कोल्हवी -०१, बारा<br>ना.प्र.नं. : १९/२०९९/३४७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही<br>जारी मिति : २०७१/०१/१३ |

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय कलैया, बारामा नारायण खडकाको नाममा दर्ता कायम रहेको बारा जिल्ला, कोल्हवी -०४/४ख, स्थित कि.नं. ८९६ र ७६९ को क्षेत्रफल क्रमश: २११६.४३ र ६७७.२६ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२. ऋणी : राजेश दवाडी**<br>बाबुको नाम : इन्द्र प्रसाद दवाडी<br>बाजेको नाम : चिरञ्जीवी दवाडी<br>ठेगाना : मंगलपुर-०९, चितवन<br>हाल : भरतपुर-१६, चितवन<br>ना.प्र.नं. : ४६२३५<br>जारी गर्ने कार्यालय जि.प्र.का., चितवन<br>जारी मिति : २०६६/०२/१९<br>**कर्जा लिएको शाखा : हाकिमचोक, चितवन** | **क) नाम : श्रीती वस्नेत**<br>बाबुको नाम : प्रकाश चन्द्र वस्नेत<br>पतिको नाम : राजेश दवाडी<br>ससुराको नाम : इन्द्र प्रसाद दवाडी<br>ठेगाना : मंगलपुर-०७, चितवन<br>हाल : भरतपुर-१६, चितवन<br>ना.प्र.नं. : ३५१०२६/८५४<br>जारी गर्ने कार्यालय जि.प्र.का., चितवन<br>जारी मिति : २०६९/०३/२५ |

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय चितवनमा राजेश दवाडी को नाममा दर्ता कायम रहेको चितवन जिल्ला, मंगलपुर ०९/९ग स्थित कि.नं. १७३६ को क्षेत्रफल १३९५.१८ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **३. ऋणी : तपेश्वर राय**<br>बाबुको नाम : देव कुमार राय चौधरी<br>बजेको नाम : बतहु राय<br>ठेगाना : पिप्रा -०८, बारा<br>हाल : कोल्हवी -०४, बारा<br>ना.प्र.नं. : १४९४/०००४/९७२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>जारी मिति : २०४८/१०/०७<br>**कर्जा लिएको शाखा : कोल्हवी, बारा** | **क) नाम : देवी पौडेल**<br>बाबुको नाम : तिल बहादुर क्षेत्री<br>पतिको नाम : तपेश्वर राय<br>ससुराको नाम : देव कुमार राय चौधरी<br>ठेगाना : बारागढी -०१, बारा<br>हाल : कोल्हवी -०४, बारा<br>ना.प्र.नं. : ३३-०१-७९-०५४०५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., बारा<br>जारी मिति : २०७९/०४/३१ |

**सुरक्षणमा रहेको धितोको विवरण** : श्री मालपोत कार्यालय कलैया, बारा मा तपेश्वर रायको नाममा दर्ता कायम रहेको बारा जिल्ला, सपही -०३, स्थित कि.नं.१९४० र २२९९ को क्षेत्रफल त्रमश: २५३.९५ र १६.९६ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com